प्राचीन नेपाल

पुरातत्व विभागको मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

संख्या २३
वैशाख २०३०

Number 23
April 1973

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्तिस्थान:-
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Sajha Prakashan
Pulchok Lalitpur

मूल्य रु. ५।-

Price Rs. 5/-

Printed at Matribhoomi Press, Ghantaghar

प्राचीन नेपाल
संख्या २३
वैशाख २०३०

Ancient Nepal
Number 23
April 1973

सम्पादक
रमेशजङ्ग थापा

Editor
Ramesh Jung Thapa

सहायक सम्पादक
रामचन्द्र ढुङ्गाना

Assistant Editor
Ram Chandra Dhungana

Prachin Nepal

No. 23, April 1973, Vaishakh 2030

Downloaded by - Ravi Shakya

Contents
विषय–सूची

	पृष्ठ	*Page*
नेपाल देशको इतिहास	१	*1*
ऐतिहासिक पत्रस्तम्भ	११	*11*
कोशीका थारूसमुदाय र तिनका परिवर्तनशील संस्कृति *श्री ऋषिकेशराज रेग्मी*	१३	*13*
वर्णोच्चारणको वैज्ञानिकता र त्यसको लिप्यङ्कन *श्री शंकरमान राजवंशी*	५२	*52*
Nepal: Historical of A Hindu Kingdom *Mr Sylvain Levi*	५९	*59*

नेपाल देशको इतिहास

(गताङ्कको बाँकी)

गोरखामहाराजले कान्तिपुरमा रहंदा त्यहांका काजी-हरूमा कसैलाई मारे, कसैलाई मारी सर्वस्वहरण पनि गरे । त्यहांको एउटा नेवारले स्वास्नी बहुतै राम्री हुंदा गोरखामहाराजका डरले पहिले स्वास्नीलाई काटी पछि आफूले पनि प्राणत्याग गऱ्यो । कान्तिपुरेहरूमा शरणमा पर्न आउनेहरूलाई सजाय नदिई शरण पनि लिए । यस्ता प्रकारले सबैलाई आफ्ना काबूमा लिइसकेपछि ललित-पत्तनतिर ध्यान दिए । त्यहांका काजीहरूलाई "तिमीहरूले मेरा ताबेदारीमा रहनू" भनी वाचाबन्देज गरी डाके । उनीहरूले महाराजका विश्वासमा पर्न डर मानी आफ्ना गुरुपुरोहितलाई पठाए । "आफूले गरेको वाचा नाघ्ने छैन" भनी महाराजबाट सत्यवाचा भयो । त्यसकारण "अब काजीहरू गोरखाका रैयत भए" भनी राजा जय-प्रकाश मल्ल र राजा तेजनरसिंह मल्ल आफ्ना फौज लिई भक्तपुर पुगे । पाटने काजी सैख्वालधन, भोजनरसिं र सिंचाहरू पनि फौजका साथ भक्तपुर पुगे ।

यसै साल आश्विन वदि ११ रोज ५ का दिन गोर-खामहाराजको लश्करले ललितपुरमा प्रवेश गरी सर पनि गऱ्यो । नेपाली संवत् ८८९ पौष महीनामा गोरखामहारा-जले पाटनमा प्रवेश गरी सिन्दूरयात्रा गरे । सरदार केहेरसिंह बस्नेतले पाटनका काजी प्रधानहरूले नजराना दिएको वस्तु नजर गराउंदा खूब खुशी भई महाराजले स्यावासी दिए । तर ती काजीहरूलाई नराम्रो नियतका संकी कुनै युक्तिद्वारा मराए । यही सालका बडादसैंमा महाराज गोरखा गए । "कालिकामाईमा मेरो ज्यू छउन्जेल आई दसैं गरूंला । मेरा शेषपछि यहांको जो वजीर होला उसैले गर्ला" भनी विन्ति गरे । त्यहां धेरै गूठी राखी सुसारेहरूको बन्दोबस्त पनि बांधे । गोरखाशहरमा घर बनाई बसेका नेपाल हान्दा जति सामेल थिए तिनी-हरूलाई डाकी चौबीस थरलाई गोरखाका खेत पाखो मानाचामल दिए । "तिम्रा सन्तान दरसन्तानसंम आ-आफ्नो थरमा आलोपालो गरी बांढी खानू र राजकाज हुंदा सामेल हुनू । गोरखा गुलजार राख्नू । स्यार्तानीका आमदानीले पाखी, नून र दसैंलाई भेडा ल्याई बलि पार्नू । जो मसिंत रहला, मिहिनतअनुसार मानमर्यादा पाउला । अब उप्रान्त यस गोरखाशहरमा जो घर बनाई बस्दछन् तिनलाई तीन पुस्ता भएपछि यो मानाचामल दिनू" भन्ने हुकुम पनि भयो । दरवारका नजीकमा एक धारा थियो । त्यस धाराको पानी खानाले गोरखाका मानिस अतिशूरा हुन्थे । "यो धारा रहयो भने मेरो नाम पछिसंम रहला" भन्ने हुकुम भई त्यो धारा पूर्ण गराउन लगाए । एक महीनासंम गोरखामा बसी त्यसपछि नेपाल फर्के । श्री पशुपतिनाथको दर्शन गर्न जांदा पंचामृतको गूठी पनि राखे । नेपाली संवत् ८९० सालमा महाराज भक्तपुर जांदा ह्वाह्वापाटीमा पुगेपछि नगरकोटी सिपाहीहरूसंग भेट हुंदा घोडाबाटै सलाम गरे । त्यस कामले महाराज रिसानी भई यिनीहरूलाई मार भन्ने हुकुम भयो । भवानी सिंह नागाले महांराजसंग रिसाई पालकीनेर आएर निर्घा-तसंग तरवार चलाउंदा तरवारको पहिलो चोट पालकीमा लाग्यो । फेरि चलाउन खोज्दा श्री हर्ष पन्त अघि सरी त्यस भवानीसिंह नागालाई मारे । महाराजको गाथ बचाएकामा महाराज खुशी हुंदा भारी खिल्लत र "बिजुली पन्त" भन्ने खिताब पाए । अरू नगरकोटीहरूलाई पनि

तरवार चलाई लपेटा दिएर भगाए । कान्तिपुर र ललितपुरका राजाहरू भादगाउंमा जांदा त्यहांका राजाले शरण पीछा लिएका थिए ।

नेपाली संवत् ८९१ कार्तिक शुदि २ रोज २ का दिन रात्री गतघटी ९।१० मा गोरखामहाराजबाट भक्तपुरमा हमला गरी आफूस गरे । त्यहां तीनै शहरका राजाहरूलाई पक्राउ गर्दा पाटनका राजा तेजनरसिंह मल्ललाई निर्बुद्धिको राजा भनी लक्ष्मीपुरमा नजरबेन्दीमा राख्दा उनी उहीं मुक्त भए । भादगाउंदरवारमा गोरखाली फौजहरूले बन्दूकद्वारा धमाधम प्रहार गर्दा पैतालामा गोली लागी घाइते भएका कान्तिपुरका राजा जयप्रकाश मल्लले अन्त्यका बखतमा श्री पशुपति आर्यातीर्थको इच्छा गर्दा उहीं पुऱ्याए । गोरखामहाराजले जयप्रकाससंग "के कुरा मारछौ ? दानपुण्य जे जे गर्न मन छ म गराइदिउंला" भनी भन्न मानिस पठाउंदा राजा जयप्रकाश मल्लले "मलाई अरूथोक चाहिंदैन, एक जोर जुत्ता र छाता बक्सियोस्" भनी मागे । महाराजले अधोमुख गरी घोरिंदा त्यहां रहेका भारदारहरूले "किन घोरिनुहुन्छ, ठूलो कुरो त केही मागेनन्" भनी विन्ति गरे । "तिमी भारदारहरूले यौ छाता र जुत्ता मागेको अर्थ केही बुझेनछौ । यसको अर्थ के हो भने यो जयप्रकाशले मेरो सन्तान भई फेरि पृथ्वीको भोग गर्ने इच्छा गऱ्यो । छाताको अर्थ सिंहासन र जुत्ताको अर्थ पृथिवी हो । यी दुइ कुराले सबै थोक मागिसक्यो । अब कसो गर्ने ?" भनी लामो सुस्केरा हाली मनमनै विचार गरे "म एकपल्ट हुकुमबाट चुकिसकें । तसर्थ अब नदिई भएन" भन्ने विचार गरी घोडामा सवार भई भारदारहरूका साथ जयप्रकाश भएको ठाउं आर्यातीर्थमा पुगे । अनि जयप्रकाशलाई भने "महाराज, तपाईंले छाता र जुत्ता मागिपठाउनुभएछ । आज मैले जुन कुरा इच्छा छ दिउंला भनी बचनबाट चुकिसकें । अब मेरो केही लागेन । तर मेरा पालालाई होइन, मेरा नातिका पालालाई दिएं" भनी राजा जयप्रकाश मल्ललाई छाता र जुत्ता दिए । उनले पनि खुशीसाथ स्वीकार गरी लिए र ब्राह्मणहरूलाई, जो गर्नुपर्ने दान गरे । उनले भने पनि "भारदारहो ! अब जसले श्री पशुपतिनाथमा चांदीको जलहरी राख्ला त्यो मै हु भन्ने ठान्नू" भनी २।४ घड़ीपछि सोही तीर्थमा प्राण त्याग गरेर श्री पशुपति अघोरनाथमा मिल्न गए ।

भक्तपुरका राजा रणजित् मल्ललाई पितृसमान मर्यादा गरी काशीवास पठाए । सातबाहालका भित्रिनीतर्फका छोराहरूले कर्तव्य गरी छोरा वीरनरसिंहलाई मराएका र आफूलाई समेत दुःख दिएका पिरले राजा रणजित् मल्लले चन्द्रागिरिमा एक छिन अडिई नेपालतिर हेरेर आंसु काढ्दै सरापे "यी सातबाहाले छोराहरू र यिनका सन्तान चंडालका अनुहार भएका र महादरिद्र होऊन् । कुनै भलामानिसले यिनीहरूसंग संगत नगरून् । यिनीहरूले घरका कुयाल, थाम, ईंट, छिगटोलगायत बेची खान परोस् । आखिरमा सन्तान पनि नष्ट होऊन् ।" यस्तो श्राप गरी दुःखको गीत गाउंदै काशी पुगे । उहीं ब्रह्मनालमा परलोक भए पनि ।

यसरी तीनै शहरका राजाहरूलाई जिती कान्तिपुर शहरमा राजधानी बनाएर श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहदेवले एक अधिपति भई हुकुम चलाएर राज्य गरे । यी राजाको नेपाल शहरको राज्यभोग वर्ष ७ गोरखातर्फको राजभोग वर्ष ३३ । जम्मा राज्यभोग वर्ष ४० भयो । यिनले नेपाली संवत् ८९१ सालमा गोरखाबाट महारानीहरूलाई झिकाए । कुलानन्द जोसीलाई बोलाई मिहिनतअनुसार एक थुम बिर्ता दिए । तिनताका नेपालका प्रजाहरूले आआफ्ना कुलव्यवहारअनुसार दशमी आदि देवदेवताहरूको पूजाआजा गर्न दहसत मानिरहेका थिए । त्यो कुरा जारेर हुंदा महाराजबाट "आआफ्ना कुलको मर्यादाअनुसारको व्यवहार गर्नू" भन्ने हुकुम भयो र सोबमोजिम सबैले गर्ने गरिआएको चलन अद्यापि छंदैछ ।

नेपाली संवत् ८९३ मा नेपालका सुनाबिर्ता खेतमा अबल, दोयल, सिम र चार जम्मा चार प्रकारको जग्गा फारी खेतको पोता उठाई लिए । नेपाल हान्न जांदा मरमिहिनत गर्ने चौतरिया कीर्तिमहोद्दाम शाह आदि माथि लेखिइसकेका भरभारदार, थरघर, उमराउहरू र माथि लेखिएका काजी बलि पन्त, श्री धर पन्त, पृथ्वीधर पाध्या, चन्द्रशेखर पांडे, काजी कालु पांडे, हरिवंश अधिकारी, बलि बानियां, अतिबल बिष्ट, विश्राम कार्की, कीर्तिसिंह कार्की, वीरभद्र थापा, पारथ भंडारीहरूले हुकुम शिरोपर गरी खटाएका जग्गा जग्गामा तत्पर भई हान्ने, हानिने, मार्ने र मर्ने यिनै हुन् ।

त्यसपछि महाराजबाट पश्चिमतर्फ लड़ाई गर्न खटा-

उंदा काजी वंशराज पांडे, सरदार केहरसिंह बस्नेत र सरदार प्रभु मल्लले केही फौज र लमजुङ र तनहुंका दुई राजालाई गुमस्ता गरी उनीहरूका फौजसमेत लिएर पश्चिमतर्फ कालीको सांध भिरा उठाई कास्की भंडारी ढिकमा बस्न पुगे। सेतीका तीरमा कास्कीसंग लडाई भयो। लडाई जित्दा कास्की सर भयो। अनि सेती गंडकी तरी वरसांदीका बाटाबाट पल्लोनुवाकोट हान्न पुगे। टेकन आडमा ठूलो लडाई हुंदा कटक बिग्यो र केही पछि हटे। अनि त्यसतर्फ छाडेर उनीहरू लश्करका साथमा तनहुंका अंबलको बाटाबाट गएर रिसिङ र घिरिङ जिती केलादीमा खांडो पखाले। त्यसपछि भीरकोटका कुहुनामा लडाई गरी भीरकोट सर गरे। त्यसै बीचमा तनहुंले कुल गर्दा गृहकोटमा गुमस्ता भई जाने तनहुंलेलाई काटे। अनि सतौं र गह्रौं सर गरी पैयूं र धुरकोटमा कटक गरे। त्यहाँ पनि लडाई जिती मुलुक सर गरे।

त्यसपछि सरदार केहरसिंह बस्नेत गई लमजुङमा लडाई गर्दा त्यहांका साहेबज्यूलाई बोलाई गोरखामहाराज-कहां पुऱ्याए। शाके १६९२ वैशाख शुक्ल ४ का दिन सरदार केहरसिंह बस्नेतले लमजुङ चारनाल बिर्ता र भारी खिल्लत पाए। पश्चिमतर्फको लडाईका निति सरदार केहरसिंह बस्नेत फेरि खटिए। सरदार प्रभु मल्लले स्यांजातर्फबाट र मुख्य सरदार केहरसिंहले अर्कै बाटाबाट गई दुइतर्फबाट च्यापी लडाई गर्दा पनि लडाई बिग्यो र सरदार केहरसिंह बस्नेत शाके १६९२ मार्ग शुदि ९ का दिन लडाईमा परे। वंशराज पांडेलाई घाउ लाग्दा पर्वतका लश्करले पक्री लगे। त्यस लडाईमा धेरै लश्कर खती भए। बांचेका जती भीरकोटमा आई बसे। गुमस्ता ढोरमा हुंदा उनीहरू उहीं आई बसे। पछि ढोर पनि चौबीसीसंग मिल्दा चौबीसीले घेरा दिंदा चौबीस दिनसंम घेरामा परे। नेपालबाट गुहार दिन भनी काजी श्री हर्ष पन्त र धोकलसिंह बस्नेत सतीघाटना आइपुग्दा जो बांचेका घेराभित्रका लश्कर उंकी मस्स्यगंडकीको जंघार तरेर सामेल भए। यसपल्टको लडाईं यत्तिकैमा थामियो।

शाके १६९१ मार्ग शुक्ल ४ का दिन रामकृष्ण कुवरले महाराज बक्सई श्री पशुपतिनाथदेखि श्री गुह्येश्वरीका स्थानसंम ढुंगाले चिनी बाटो बनाए। मृगस्थलीका वनभित्र श्री रामेश्वर महादेवको स्थापना पनि गरे। त्यो बाटो बनाउंदा प्रजाहरूले धर्मको काम हो भनी ज्याला नलिई र खाजा नखाई भाग्दछन् भनी रामकृष्ण कुवरले ठाउं ठाउंमा चौकी राखेर सबैलाई खाजा खुवाएर ज्याला दिई पठाउंथे। महाराजले भक्तपुर आक्रमण गर्न जांदा "नेपाल जितेपछि भक्तपुरका हकमा हुकुम मात्र मेरो भै गादी र आंदानी तिमीहरूलाई दिउंला" भनी रणजित् मल्लका सातबाहालमा राखेका भित्रिनीपट्टिका छोराहरूलाई भनेको रहेछ। पछि भक्तपुरमा लडाई गर्ने बखतमा पनि "लडाई पर्दा गोला बारूद हामीलाई दिनू र तिमीहरू-पट्टिका सिपाहीलाई खाली बन्दूक हान्न लाउनू। कोटघर-मा हाम्रो लश्कर पस्नेबित्तिकै तिम्रा लश्करले छोडिदिनू। अनि तिमीहरूलाई नै राज्य दिउंला" भन्ने हुकुम भएको रहेछ। नेपालका कालरूप भई जन्मेका ती सातविहारेहरू-ले बाबुका गादीमा बसौंला भन्ने लोभले जस्तो गोरखालीले भनेथे उस्तै गरी भक्तपुरका सिपाहीलाई खाली बन्दूकले हान्न लगाई बारूद र गोली भित्रभित्रैबाट गोरखालीलाई सुम्पिदिए। कोटगढको ढोकासमेत छोडिंदिंदा भक्तपुरका लश्कर धेरै मरे। गोरखाली लश्करले दरबार वेरी लडाई गरेर भक्तपुर सर गरेका थिए। आफ्ना मीत राजकुमार वीरनरसिंहलाई विष प्रयोग गरी मारेको समेत हुनाले यी सातविहारे बाबुका गादीमा लोभ गरी अनेक पापद्वारा बाबुलाई दुःख दिने कुल्याहा हुन्। बाबु नभन्ने यस्ता कमैचाण्डालहरूले मलाई पनि बांकी राख्नेछैनन् भनी तिनका जाहानबच्चाहरूसमेत सबैलाई पक्रे। कसैको नाक कटाए, कसैको सर्वस्व हरण गरे र कसैलाई सासना गरे। सो सर्वस्व गरेमध्ये राजा रणजित् मल्ल काशी जाने बखतमा छाडिगएको उनका छोरा अवधूतसिंह मल्लको सर्वस्व घरबारीखेतलगायत महाराजबाट आफूलाई बिर्ता दिएको ढालतरवारमाथि थापी लिएको जति रामकृष्ण कुवरले संवत् १८३७ माघ शुदि २ रोज २ का दिन तामापत्र गरी श्री पशुपतिनाथका प्रीतिनिति सदावर्त गूठी राखे। महाराजबाट पनि श्री पशुपति जाने मूलबाटो राम्ररी बनाई रुद्रमतीमा पुल बनाइयो।

अब महाराजको दृष्टि गयो पूर्वतर्फ। रामकृष्ण कुवर-लाई पूर्वतर्फका राज्यमा लड्न पठाउँदा उनले विजयपुर, चयनपुर र चौडेरीसंम फत्य गरी आए। त्यसपछि महारा-जबाट पूर्व विजयपुर, दक्षिण मकवानपुर, पश्चिम सप्तगंडकी र उत्तर केरुङ कुती यति सांघ भएको जमीन वन र

तरियानीसमेत सबै जम्मा गरी राज्य गरे ।

एक दिन महाराजका भाइहरू चारै जनाले आफ्ना दाज्यू महाराज पृथ्वीनारायण शाहसंग "महाराज, हजुरका पुण्यप्रतापले र हामीहरूका बलपराक्रमले नेपाल राज्य सर भयो । अब यो सब हजुरको राज्य भयो । अब हामी चार जना भाइलाई कुन कुन शहर वा गाउँ बक्सिन्छ बक्सियोस्" भनी बिन्ति गरे । महाराजले आफ्ना मनमा तजबीज गर्दा के ठहरियो भने "अब मैले भाइहरूलाई दयामाया गरी तीन शहर मध्येको शहर वा गाउँ लौ, तिमीहरूलाई भयो भनी दिएं भने पछि सन्तानलाई गाह्रो पर्छ । किनभने जस्तो तीन शहरका राजाहरूको आफूसमा परस्पर बिरोध भई मेल नहुदा उनीहरूको राज्य मेरो हात लाग्यो । त्यस्तै पछि मेरा सन्तानले पनि यिनीहरूका सन्तानसंग तकार पर्दा मुलुक बढाउन सक्नेछैनन्, यो राज्य पनि स्थिर रहन सक्नेछैन । बरु दिनुभन्दा अहिल्यै नदिनु बढिया छ" भन्ने मनमा ठहराई आफ्ना भाइ चारै जनालाई मागेको कुरा केही नदिई चूपचाप रहे । पछिबाट उनीहरू सबै दिक्क हुँदा कोही त्यसै नाराज दिल गरी शहरैमा बसे र कोही अन्तै गए । दलमर्दन शाह आफ्नी रानी लिई कटहरवनमा गई बसे । सुरप्रताप शाह पाल्पामा गई बसे ।

यी महाराज पृथ्वीनारायण शाहको कस्ता प्रकारले जन्म भएको थियो भने अघि यिनका बाबु महाराज नरभूपाल शाहको चारै महारानीतर्फ सन्तान नहुँदा एक दिन यिनलाई पैदा गर्ने महारानी कौशल्यावतीले "देवाधर्मामा एक लामा छन्, तिनलाई ल्याइ उपाय गरे तिमीलाई सन्तान हुनेछ" भन्ने सपना देखिन् । त्यो बिस्तार महाराजकहाँ बिन्ति गर्दा गुरु पुरोहित र भारदारहरूसंग सल्लाह भयो । सोही बेहोरा खोली लामालाई बोलाहटको लालमोहर पठाए । "अहिले मेरो यहाँ केही काम छ तसर्थ आउन पाउन्न, पछि आएर हुन्छ भने आउँला" भनी उनले अर्जी लेखी पठाए । "मेरा उपकारका निमित्त तपाईंले नआई भएन, तसर्थ जस्तो काम भए पनि अवश्य आउनुहोस्" भन्ने फेरि लालमोहर गरी लिनाका निति सरदारलाई खटाई पठाए । देवाधर्माका लामा उनैका साथमा गोरखा आइपुगेपछि लामालाई बडो आदरभाउसंग खानपिनको बन्दोबस्त गरी राखे । लामासंग सन्तान नहुनाले भएको आफ्नो दर्द बिस्तार गरी "उपाय सफल भएपछि जग्गाजमीनसमेत दिउँला" भन्ने हुकुम भयो । "हजुरको कति ठूलो राज्य छ र ? यति जाबो मैले के माग्नु र हजुरले के दिनु ? अहिले केही दिनुपर्दैन, मैले उपाय गर्दा हजुरबाट जन्मेका छोरा जस्तातस्ता लर्तरा हुने छैनन्, ठूला पराक्रमी हुनेछन् । उनले आर्जेको मुलुकमा मैले जो मागुंला सो दिनुहोला" भनी लामाले बिन्ति गरे । महाराजबाट "हुन्छ" भनी सोही बेहोराको लालमोहर भयो । अनि लामाले उपाय गर्दा महारानीको गर्भ रह्यो र सात महीनामा यी महाराज पृथ्वीनारायण शाह पैदा भएका हुन् । यी राजा यस्ता प्रकारसंग जन्मेका अवतारी पुरुष हुन् ।

त्यसपछि महाराजले तीन वर्षसम्म लडाई नगरी थकाई मार्ने विचार गरे । यसै बीचमा खरखजाना तयार गरी आफू मजबूत भएपछि मध्येसतर्फ लडाई गर्ने विचार व्यक्त गरे । त्यसै बेला जैसीलाई चिह्ना देखाउँदा जैसीहरूले "हजुरको आयुर्दा तीन वर्ष मात्र बाँकी छ" भनी बिन्ति गरे । त्यसबाट साह्रै दिग्दार भई "बसन्तपुरमा बस्नु १, गोरखालीको बन्दोबस्त बांध्नु १ र मध्येसतर्फ लडाई गर्नु १ यी तीन कुरा मनको मनैमा रह्यो" भन्ने हुकुम भयो । अनि नवकोटमा गई श्री भैरवीका स्थानभित्र आफूमात्र पसी ध्यान गरिरहँदा "तिम्रो आयुर्दा थप्न हुँदैन । अर्का जन्ममा नेपालको भोग गर्छौं भने मेरा शरणमा प्राण छोड, अनि म दिउँला" भन्ने आकाशवाणी भयो । "हवस्" भनी दण्डवत् गरेर काठमाडौं फर्के ।

यी गढ गोरखाका महाराज पृथ्वीनारायण शाहले नेपालको राज्य भोग सात वर्ष पर्यन्त गरी पचास वर्षका उमेरमा बेरामी हुँदा नेपालबाट नवकोट गए । नौ दिनसंम त्रिशूलगंगा देवीघाटमा रहेपछि शाके १६९६ संवत् १८३१ नेपाली संबत् ८९५ पौष शुक्ल नवमी मकरसंक्रान्तिका दिन रात्रीमा त्यहीं देवीघाट मोहनतीर्थमा स्वर्गे भए । महारानी चन्द्रप्रभावतीप्रभृति चार रानीहरू सती गए । ती सतीहरूले गोरखालीहरू रुन लागेका देख्दा "तिमीहरूले मिहिनत-अनुसार केही पाएका छैनौ । शहरवासीहरूले ढुंगाको साटो गादी मान केही रकम उठ्दा मामुलीको आधी तिमीहरूले तिर्नू । रगतको पानी गरिबक्स्यौं । अरू कुरा नानीबाट निगाहा हुन्यैछ" भन्ने हुकुम गरी सतीहरू चितामिनमा प्रवेश गरी परलोक भए ।

सिंहप्रताप शाह

यिनका पुत्र सिंहप्रताप शाह शाके १६९६ संवत् १८३१ नेपाली संवत् ८९५ माघ कृष्ण दशमीका दिन राजतखतमा राज गरी महाराज भए। यी महाराजको राज्य भोग वर्ष २।९।११। यी राजाकी महारानी राजेन्द्रलक्ष्मीदेवी थिइन्। यी महाराजले पहिले बुबाका पालामा नसिद्धिएको वसन्तपुरदरबार सिद्ध गराए। शाके १६९८ सालमा काजी अभिमानसिंह बस्नेत र काजी सरूपसिंहप्रभृति सरदार र श्री मेहर कम्पनी भई शमेश्वरमा फौज पठाएर चढाई गरी दखल गरेर लिए। यिनका मुख्य चौतरिया भाइ बहादुर शाह र काजी सरूपसिंह थिए। यिनका पालाभन्दा अघि नेपालमा नभएको नवकोटका लिंगाको उपमाले कान्तिपुर शहरमा प्रतिवर्ष ठूलो लिंगो गर्ने इन्द्रस्थापन गरी लिंगो उभ्याउने र ढाल्ने विधिद्वारा इन्द्रयात्राको शोभा गराए।

एक दिन त्रिशूलडबलीमा अचारहरूले यज्ञ गरेको महाराजबाट नजर हुँदा 'यिनीहरू त ब्राह्मण होइनन्। कुन प्रमाणले यज्ञ गरे" भन्ने हुकुम हुँदा तन्त्रशास्त्रका प्रमाणले गरेको भन्ने जाहेर भयो। अनि तन्त्रशास्त्रहरू झिकाई नजर गर्दा त्यसको मत बढिया रहेछ भन्ने चित्तले ठाने। अनि तुलजादेवीको दर्शन गर्ने इच्छा गरी अरू शास्त्रबाट प्रख्यात भएका गुह्यमन्त्र र देवदेवीका रहस्य, ध्यान तथा आगम बुझ्नालाई दीक्षा ग्रहण नगरी अधिकार नहुने हुनाले दीक्षा लिनालाई मन्त्रशास्त जान्ने ब्राह्मण ललितपुरका कीर्तिराजानन्द उपाध्याय सुकुलाई गुरुपदवी दिई मन्त्र सुनेर नित्यपूजाहरू गराए। यी महाराजबाट तन्त्रोक्त मत लिदा चौतरिया बहादुर शाह आदि भारदारहरूमा पनि तन्त्रोक्त मत लिने धेरै भए। नेपालका मूलपीठ श्री गुह्येश्वरी हुन् भन्ने हुंदा यी महाराजले मन्त्र, तन्त्र, पुरश्चरण, महापूजालगायत गराई कुण्डमा अनेक द्रव्यका साथमा सवालाख हंसाण्ड चढाए। यही पूजाका समयमा बहादुर शाह जाँदा हुकुम छैन भनी भित्र पस्न दिएनन् र रिसाई उतिखेरि नवकोट गए। चौतरिया बहादुर शाहसंग रिझिदा अघि उनलाई महाराजबाट भक्तपुरमा बिर्ता दिएको थियो, पछि सो बिर्ता झिकी त्यसको सट्टा ठिमीमा बिर्ता दिए।

तिनै ताका काजी सरूपसिंह कार्कीले महारानीलाई सब कुरामा बहुतै रिझाएका हुनाले आनन्दसंग सरकारको टहल गरिरहेका थिए। पछि कुनै कुरामा बिसाउँदा सोही बातमा अब त ठाउँ पायौं भनी चौतरिया दलमर्दन शाह र चौतरिया बहादुर शाह यी दुइ जनाले सरसल्लाह मिलाई मन बाँधेर महाराजमा बिन्ति पारी हुकुम बैराएर चौतरिया दलमर्दन शाह अग्रमण्य भई काजी सरूपसिंह कार्कीलाई पक्रेर कैद गरी दुःख दिएका थिए। निज काजीले रिझाएका हुनाले महारानीबाट सरूपसिंह कार्कीमाथि दया गरी बिराएका कुरामा माफी दिइयो। यस विषयमा कान्छा चौतरिया दलमर्दन शाहसंग रिसनी भई निकाला गरिन् र उनको घर भोटु पांडे र जगज्जित पांडेलाई बकस दिइन्।

यी महाराज तलेजूका आचारहरूसंग तन्त्रमन्त्रका विषयमा संमत गरी तुलजा भवानीको पूजाआजा लगाएर दमनारोहण, पवित्रारोहण आदि नानाप्रकारका विधिहरू तन्त्रोक्त रीतले गर्थे। यी महाराज बहुतै शान्त स्वभावका र आफूले रिझाएका हुनाले अचारहरूले कुनै भारदारलाई पनि केही मान्दैनथे। तलेजूका स्थानमा पूजाआजा हुँदा अचारहरूले त्रिशूलडबलीमा भारदारका छोराहरूलाई आउन नदिई धपाई पठाउँथे। यस्तै तरहसित राजआज चलिरहेको थियो।

धेरै पछिसम्म पनि यी राजाका सन्तान भएनन् र अब कसो गर्ने हो भनी कुलानंद जैसीलाई झिकाउन लालमोहर पठाए। "अब म नेपालमा आउन सक्तिन। सरकारको केही हेर्नु छ भने जो चाहिएको हुकुम भई यहीं पठाइबक्से जाने बुझेसम्म विन्ति चढाई पठाउँला" भनी विन्ति गरी पठाए। महाराजबाट आफ्नो चिह्ना दिई बोलाइ पठाए। उहाँ जैसीले चिह्नाको बिचार गरी "फलाना दिनमा महारानीले श्री पशुपतिमा गई यो विधि गर्नू। यस दिनका रात्रीमा यस मन्त्रले ध्यान गरी यस विधिले पूजा गर्नू र ऋतुदान गरी भोलिपल्ट दरवारमा आउनू। त्यसै दिनका हिसाबले यस महीनाको यति दिन जाँदा यो वार, नक्षत्र, तिथि र लग्नमा साहेबज्यू पैदा हुनेछन्। उनको नाम "र" बाट जुर्नेछ।" भनी लेखिपठाए। सोहीबमोजिल गर्दा उही महीना, दिन, वार, नक्षत्र, तिथि र लग्नमा साहेबज्यू पैदा भए। नाम पनि "र" बाट जुर्दा "श्री रणबहादुर शाह" भन्ने राखे। कुलानन्द जैसी यस्ता प्रसिद्ध ठूला ज्योतिषी हुन्।

यिनैका पालामा ह्लासासंग फेरि सन्धिपत्र भयो। त्यसको बेहोरा यस्तो छः—

श्री श्री श्री सहाय ॐ स्वस्ति श्री बुद्ध श्री धर्म श्री संघ त्रिरत्नसहित श्व श्व श्री इष्टदेवता श्री धर्मपाल श्वथे देवता साक्षी नयाव स्वस्ति श्री निखिलमुनिगणाधिष्ठित हिमाचलाद्रिनिर्झरदूरीकृतदुरितनिधिपतिविलासिनीवर्णपुरी कृतकीर्तिलतापल्लवेषु समस्तशास्त्रवद्रसकनकतालाम्फालनबहुलपवननर्तितप्रतापेषु श्री श्री श्री ज्यालछा परिवोछे लामा जस्त श्री श्री श्री महाराज सिंहप्रतापबहादुरशमशेरजगदेवानां सदा समरविजयिनाम् धर्मपत्र गच्छ ह्मापा श्री राम शाह श्री थांचोविम्वा लामा जुवं ह्मापा नेपालव ह्लासाव घा यानाव धर्मपत्र करार सहि थामये यानाव खासा संल्हासान वव भारा बकिल श्री याजिरिमपाछे अवतारी लामा जुया हजुरी स्यालुंपोचसुया सरदार ढेवाया छाल भारादार देवाछांछानं दोभासि छिरी टुंटुये नाम खासीरिन सुखिमया थुहि तण्डुल लोवोनं चन्दुर श्वथे गोरखा नेपालया भारादार वकिल काजी सरूपसिंहया किजा रूपनारायण काजी वंशराज पांडेया काय मचा अगधर पांडे टक्सारी भंसारी प्रतापसिंह जसराम थापा वैजनाथ उपाध्या समन्तभद्र लक्ष्मीसिंह दामोदर उपाध्याय रत्न बत्तीसकोठिया महाजन जय कुशल विरमहंस पन्थ बालकृष्णदत्त सिंहभाजुदेव श्वते आदमी खास चोनावयनागु घाया सच करार थामय यानाव धर्मपत्र चोस्यं विय संवत् ८९५ साल मिति श्रावण शुदि १३ रोज ४ श्वखुन्हु श्री जितेन्द्र मंजुश्री समुद्ररत्न लामाजुथा वकिल गोरखा नेपालया महाराज श्री महाराज सिंहप्रताप शाह वहादुर समसेर जंगदेवसं वकिल निखे याखं मिलययाय धुनकाव निखेयानंतयजु पत्रया अर्थः— नेपालत वगु मोहर नेपाल राज्य नेपालया राजाया पालासं चलय यानागु मोहर याव नेपालव ह्लासाव वारंवार करार यातसां करारसंम चोस्यं चासनी घटीबढी यानाव सेनकाव हलगु बेलसं भिनक चासनीगु कचियाव हल श्वतेया करारन लुंव हया भाव मिलय याय मजियाव नेपालसं लुंवह थिके जुल लपुचलेम जुल आवनंलि मोहरया छाप राजाया मनोज्ञ चासनिया स्वं खासासं वानके हया कोचिनं नियाब थेकना याव तयागु चासनीम सेनक भरनि यानाव मोहर दयकाव नेपाल देशनं छोय मोहरया चासनी वानकिसं घटवयाय मदु चासनी भिनके खालसा आम कनव धनव भिनके श्वते धुस्थेली ह्लासा सर्कार झुमझे मधेसमा महाजन बजाल कोट कोटया जिमिदार सकल सेन चलय याय मालक ह्लासा सर्कारन हुकुम दयकाव पत्र विया थुगु जात मोहर देश देशया राजापीनि सेम छाप खुयाव छाप दयकाव चलय याना विलसां चलय याय मदु कदाचित सुमानं हलसां ह्लासा सर्कारनं निरख यानाव गोरखा नेपाल राजायात सौपय याय माल लुंवहु चीजबीज उत्तर हनम चोङ भाव दयके मदु थासं श्वसया महाजनवं जालनं श्व श्व मनोमावनं भाव मिलय यानाव काय विय याय माल लुंवह पूर्व पश्चिम मधेस पर्वत लपुन सन्यासी मधेसे महाजन पनि कुती केरु थोर्न गुलि लपुन चलय याय मदु गोरखा नेपालया अंवलसं गोरखा नेपालन छेकय याय ह्लासाया अंवलसं ह्लासानं छेकय याय ह्लासा झिकाछे प्रमुख सन्देश चोङ नेवार महाजन बंजालया खं ह्मापा नेपालया मर्यातथे नेपालया वयेक याय ह्मापाया छाप मर्जात कशय यानाअव सर्वज्ञ श्री कोसांदातःव तव धन्य लामाजु वागीश्वर शुभ मुखसं समुद्रव नेपालया देशया ह्लासया राजा राजा समयस जुयाव चोको साध सिवाना तिथिवितिवसे यानाया अर्का तरह याये मदु श्वते खंया वाचा धङस गुह्य सम चोङ बह्मस याङ येघानि ५० लुं गच्छ काय सवत् ८९५ मिति भाद्र शुक्ल रोज शुभम् ।

केही महीनापछि नेपाली संवत् ८९८ सास कार्तिक वदि ३ रोज २ का दिन महाराज सिंहप्रताप शाह आर्यघाटमा दानपुण्य गरी स्वर्ग भए । यिनकी भित्रिनी प्रतापसिंह महाजनकी छोरी अति प्यारी थिइन् । उनले पनि बहुतै दानपुण्य गरी सती गइन् । अरू सात जना केटीहरू पनि सहगामिनी भए । शेरबहादुरका महतारीका गर्भमा शेरबहादुर हुनाले सहगामिनी नभई पुत्रलाई रक्षा गरी बसिन् ।

यसै सालमा पाटनका भीमसेनको यात्रा पनि प्रारम्भ भयो । राजा स्वर्ग भएको वर्ष हुनाले सबै कार्य माकुम गरी देवदेवताको यात्रा मात्र चलाउनू भन्ने हुकुम भयो । यसकारण हिलेयात्रा भने भएन । पाटनका भीमसेनको यात्रा चलाई पछिल्ला साल तयार नगर्दा भीमसेन आवेश भई "हामीलाई तिमीहरूले खेलांची गऱ्यौ । अब मेरो प्रतिवर्ष यात्रा चलाउनुपर्छ । तिमीहरूले नपत्याए म प्रत्यक्ष देखाइदिनेछु । यात्रा गर्न मेरो मूर्ति अगाडि राखी पूजा गर्दा मेरो ठूलो मूर्तिदेखि फूल खसी यात्रा गर्ने मूर्तिमा नपरेसम्म यात्रा नचलाउनू" भन्ने आज्ञा भयो । सोबमोजिम प्रतिवर्ष यात्रा गर्नालाई कुटापोलका अचारहरूले गूठी राखी प्रतिवर्ष यात्रा चलाए । यस्तो आज्ञा भएको कुरा अहिलेसम्म प्रत्यक्ष छँदैछ ।

यसै सालमा सरूप काजी भागी पूर्वतर्फ गए ।

रणबहादुर शाह ।

शाके १६९९ नेपाली संवत् ८९८ विक्रम संवत् १८३५ साल मार्ग वदि ३ का दिन श्री महाराज सिंहप्रताप शाहका पुत्र रणबहादुर शाह वर्ष ३।६ का उमेरमा राज्य पाई गादीमा बसे । यी विक्रम संवत् १८३२ ज्येष्ठ वदि १० रोज ५ का दिन पैदा भएका हुन् । यी महाराज बालक हुनाले राजमाता महारानी राजेन्द्रलक्ष्मीदेवीले बालक पुत्रलाई काखमा लिई मुलुकको राजकाज चलाइन् । उनी मर्दानाको स्वभावले राजकाज गर्थिन् । महाराज रणबहादुरका रानी राजेश्वरीदेवी, कान्तिवतीदेवी, चन्द्रवतीदेवी, विद्यालक्ष्मीदेवी, अंबरराजेश्वरीदेवी र ललितत्रिपुरसुन्दरीदेवीसमेत जम्मा ६ थिए । पटनावाल र भादगाउँले नानीसाहेब २ समेत जम्मा ८ रानी थिए ।

तिनै ताका दरबारमा जालखेल पर्न जांदा राजमाता राजेन्द्रलक्ष्मीदेवीलाई चौतरियाहरूले चौतरिया दलजित् शाहलाई अघि सारी सर्वजित् रानाको बढ्तीकला सहन नसक्दा नभएको तूफान लगाए । बहादुर शाह निकाला भइसकेका थिए । जेठी मैयांलाई पनि थानकोटमा निकाला गरेका थिए । बहादुर शाह फेरि कान्तिपुरमा आएपछि दलजित् शाहले सर्वजित् रानालाई नभएको तूफान लगाई कुमारीका घरपट्टिका कुनाका कोठामा शस्त्रप्रहार गरी मारे । महारानीलाई चाँदीका नेल ठोकी राखे । त्यसपछि भारदारहरूका जालसाजमा परेकी राजमाताले न्याय देऊ भनी माग्दा भारदारहरूले न्याय दिएका थिएनन् । त्यसै बखतमा बूढा चौतरिया जेठा कीर्तिमहोद शाहले "बेनाहकमा मलाई तूफान लगायौ, न्याय देऊ" भनी बारंबार पुकार्ने महारानी श्री ५ महाराज पृथ्वीनारायण शाह जस्ताकी बुहारी, श्री ५ महाराज सिंहप्रताप शाह जस्ताकी पट्टरानीले निया माग्दा पनि निरूपण नगरिदिने भनी बंकि-दिए । अनि भारदारहरूले निया दिए र निया गर्दा महारानीले जितिन् । त्यसपछि धन खवास र बलभद्र खवासलाई हात्तीका पयरमा लड्काई मारे । गौरीकान्त कोटसिंहलाई शूलीमा हाली मारे । दलजित् शाहलाई नेपालबाट निकाला गरी मध्येस धपाए । सिचा खत्री भागी पटनामा बस्न गए । बहादुर शाहलाई नजरबन्दीमा राखे । बसन्तराज पांडे काजीलाई केही कारणको निउँ ठिकी दरबारभित्रै कटाए । त्यसपछि फेरि महारानीले पुत्रलाई अघिका ठैं काखमा राखी हुकुम चलाउन लागिन् । यसकारण जेठा चौतरियाको चकंचकी बढ्दै गयो ।

यी चौतरियाले तीर्थयात्रा गर्दा एक दिन श्री पशुपतिमा आइपुगेका बखतमा एउटा ब्राह्मणले आई आशीर्वाद दिए । ती ब्राह्मणलाई अघिको रिस संझी शासना गर्दा उनी मरे र चौतरियालाई ब्रह्महत्या लाग्यो । यो खबर महारानीकहाँ पुग्यो र सबै भारदारहरू राखी सल्लाह गर्दा ब्रह्महत्या गर्नेलाई नेपालमा राख्नु योग्य छैन भन्ने ठहरियो । त्यसपछि जेठा चौतरियालाई बोलाई "हजुर जस्ताले ब्राह्मणलाई अन्यायमा शासना गरी मारेपछि के भन्ने ? अब यस कामले हजुरलाई ब्रह्महत्या लाग्यो । तसर्थ अब यहाँ बस्न हुँदैन" भनी देशनिकालाको सजाय दिए । महाराज रणबहादुर शाहले मुमाको सल्लाह लिई अचारहरूलाई बोलाई "मेरा बुबालाई मन्त्र प्रयोग गरी अल्पायु गर्ने हुनाले यी गाथगादीको दगा गर्ने हुन्" भनी इन्द्राणीपीठसन्धिमा लगेर धेरै अचारहरूलाई काटी मारिदिए । श्री पशुपतिनाथको जलहरि शून्य भइरहेको हुनाले महाराजले महाउत्तम गरी चाँदीको जलहरि बनाई चढाए ।

महाराजको पश्चिमतर्फ मुलुक बढाउने मनसुवा भयो । मुमाका सल्लाहले शाके १७०१ मा सरदार बलि बानियाँ र सरदार रामकृष्ण कुवरलाई दुइ कम्पनी दिई पठाउँदा ज्यामरुकमा गई बसे । बलिथुम मार्न चौबीसी आयो भन्ने खबर आउँदा काजी वंशराज पांडे र सरदार पारथ भंडारी दुइ कम्पनी लिई ज्यामरुकमा बसे । सरदार बलि बानियाँ र सरदार रामकृष्ण कुवर बलिथुममा जाँदा त्यहाँ ठूलो लडाई भई कटक बिग्यो र सरदार बलि बानियाँ पनि त्यहीं परे । चौतरिया रणसिंह शाही बाहुननानीलाई मागी आए भनी गोरखामा राखे । अरू फौज नेपाल फर्के । पछिल्ला पाला शाके १७०३ पौष महीनामा चौबीसीले भच्याक मार्दा चौतरिया जीव शाह, काजी बलभद्रसिंह, सरदार अम्बरसिंह थापा र सरदार प्रतिमन रानालाई खटाउंदा उनीहरू थरथर र उमराउ गैह्रका साथमा अजिरगढमा गई बसे । सेराबेसीका दरबारमा गुहार दिनालाई काजी देबदत्त थापा र काजी बन्धु राना बसेका थिए । हर्मीमा काजी दामोदर पांडे, काजी जगज्जित पांडे र सुबेदार भीम श्री नाथ कम्पनी साथमा लिई बसेका थिए । त्यसै बखतमा केही लश्कर चिप्लेटीमा बार बार्न पठाई ठिमरेकको बाटो गरी आड बारी सिंहानचोक हान्न फौज आउँदा हर्मीको र सेराबेसीको लश्कर पनि गयो । सरदार

अम्बरसिंह थापाले चिप्लेटीको लडाईं जिती सिंहनचोक हान्न फेरि ऊमरेकका आडमा पसे । गोरखामहाराजको सबै फौज जम्मा भई घेरा दिएर लड्दा दुश्मनहरू भागी चेपे तरे । यताका लश्कर सबै गोरखाबेसीमा जम्मा भए । चेपे तरेर चौबीसीले कास्की मार्दा कस्केली राजा सिद्धिनारायण भागी खोलाघाट तरेर गोरखाबेसीमा आए । त्यहाँ भारदारहरूसंग भेट हुँदा सबै नेपाल उत्रे । शरणमा परेका कास्कीका राजालाई गोरखामहाराजबाट भारी खिल्लत दिई लमजुङ्ग दखल गर्ने बन्दोबस्त गरी पठाए ।

यसै साल महाराज रणबहादुर शाहको व्रतबन्ध हुँदा गुरु पुरोहित मिश्रज्यू, कालु कपर्दार गर्भु, सरदार भीमकाजी यतिलाई शिरपाउ खिल्लत दिइयो । त्यसपछि भीम काजीले पूर्वतर्फ भागेर गएका सरूप कार्कीलाई बोलाई फेरि काजी मान दिलाए । अनि कार्की काजी र भीम काजीको चर्तिकला बढ्यो ।

तिनै ताका पुत्र बालक हुनाले महारानीले मर्दाना स्वभाब गर्दा महारानीका सवारीमा धाई, द्वारे, कोठामचे आदि केटीहरूले जामा, पगरी लगाई ढालतरवार भिरी हात्तीघोडामा सवार गर्दथे । बलभद्र र अभिमानसिंह बस्नेत काजी भएपछि लमजुङ्ग हान्दा अठार दिनमा लमजुङ्ग छिन्नुपर्छ भन्ने हुकुम हुँदा अठार दिनको कबूल गर्न सक्दैनौ भनी काजीहरूले विन्ति चढाए । अनि काजी धरणीधर पन्त, काजी वंशराज पांडे, चौतरिया जीव शाह, काजी देवदत्त थापा, काजी बन्धु राना, सरदार प्रतिमन राना, सरदार वीरलोचर र सरदार अम्बरसिंह थापा लमजुङ्ग हान्न र कास्की थाम्नालाई खटिए । उनीहरू तनहुँसंग सलतन गरी धुकुर्दीघाट तारेर डोर डोरमा थरघर, उमराउ र तीन कम्पनी फौज लिई बसे । एक कम्पनी लिई सरदार अम्बरसिंह थापा खड्कागाउँमा गई बसे । चौतरिया दलमर्दन शाह फौज लिई हर्मीमा बसे । त्यसपछि डोर डोरका फौज उठेर ज्यामरुकमा बसे । सरदार प्रतिमन रानाले कालीभराङमा ठाना गरी बस्दा लमजुङ पर्वत मिली तनहुँले कुरेको क्यांमी मिची तार्कुमा चढ्दा गोरखाली लश्कर हान्न पुगे । विजय गोरखालीको भयो । लमजुङका सरदार भक्ति थापा र बलभंजन दुवैलाई चोट लाग्दा पक्रिए र गोरखातर्फ चलान गरे । गाइखुरमा आइपुगेपछि बलभंजन मल्ल मरे । गोरखाली भारदारहरू सबै मानीचौकामा जम्मा भए । सरदार अम्बरसिंह पनि कास्की थामी बाटुला गए । त्यसपछि काजी देवदत्त थापाले सांध लगाई नेपाल गए । फेरि लमजुङ छिन्नाको हुकुम जाँदा काजी दामोदर पांडे, काजी देवदत्त थापा र सरदार पारथ भंडारी अघि सरे । काजी देवदत्त थापा अघिल्ला लश्करमा सामेल भई फौजका साथ भोटेवडारको बाटो चढे । काजी दामोदर, प्रतिमन राना पुराना लमजुङको बाटाबाट अघि बढे । कार्तिक महीना मघा नक्षत्रका दिनमा लमजुङको राजा भाग्दा लमजुङ त्यसै सर भयो, लडाई गर्न परेन । अनि काजी धरणीधर पन्त तार्कुमा मत्स्यगंडीको साँधु बनाउन बसे । सरदार प्रतिमन राना चेपेको साँघु बनाउन बसे । अरू भारदार र लश्करहरू नेपालतर्फ फर्के । शाके १७०४ ज्येष्ठ महीनामा आदित्य वारका दिन मत्स्यगंडी तरे । यसै सालमा कास्कीमा लड्न काजी सरूप कार्की गएका हुन् ।

शाके १७०५ वैशाख शुदि ७ रोजका दिन श्री मत्स्येन्द्रनाथको रथ ढल्यो । यसै सालमा वंशराज पांडेले चौवीसी राजाहरूको मुलुक दखल गर्ने सुर कसे । शाके १७०५ जेष्ठ महीना पुनर्वसु नक्षत्र सोम वारका दिन कास्की दरबारमा प्रवेश गर्दा सर भयो । शाके १७०७ ज्येष्ठ महीनामा नवकोट हान्न काजी बलभद्र शाह चोयाबिसाउनामा बसेका थिए । पृथ्वीपति शाहका अन्तरे महारानीपट्टिका शान्तरूप शाहका छोरा नरु शाह, काजी देवदत्त थापा, सरदार प्रतिमन राना र सुब्बा योग मल्ल सबुज, नयाँगोरख, पुरानागोरख, श्री मेहर, श्री जंग र रणभीम जम्मा ६ कम्पनी, थरघर र उमराउसमेत सबै बरसामीमा बसेका थिए । क्रिस्तीको आडमा वैरीको फौज बसेको थियो । हान्न जाँदा ठूलो लडाईं भयो र जिती नवकोट सर गरे । काजी देवदत्त थापा र काजी नरु शाह नवकोटमा बसे । सरदार प्रतिमन राना, सुब्बा योग मल्ल र सुबेदार भास्कर रानाले गोरख पल्टन २ र श्री मेहर १ जम्मा कम्पनी तीन र थरघर, उमराउसमेत लिई पैयूं हान्न जाँटा धूवाकोटमा ठूलो लडाईं भयो र वैरी भागी सल्लारीमा आड गरी बसेका थिए । उसै रातमा डांका हानी लडाईं गर्दा पैयूं पनि सर भयो । फेरि सगुन्ता सतौं पर्वतसंग मिली वैरीतर्फको ठूलो फौज डहरेका लेकमा जम्मा भयो । सो लश्कर देख्दा काजीहरू पैयूं छाडी नवकोटमा सामेल भए । वैरी यस शिखरका थुंकामा ठाना हाली बसेका र क्रिस्ती स्यार्तुङमा सुबेदार वीरसिंह थापा रणभीम कम्पनी लिई कुन्हुवा बसेका बखतमा रात्रीमा कस्केलीले आफूलाई दिएको तामापत्र भांग्राले बेह्री भंज्याङमा छाडी गयो । बिहान निज वीरसिंह थापाले पाई भारदारहरू पुग्याए । सो विस्तार महाराजका हजुरमा लेखी पठाए ।

शाके १७०७ सालमा पाल्पा हान्न भनी काजी अभिमानसिंह बस्नेत, सरदार अंबरसिंह थापा, सरदार विलोचन र सरदार पारथ भंडारी भई नयांश्रीनाथ, पुरानाश्रीनाथ, देवीदत्त, बरख र कालीदत्त ५ कम्पनी साथ लिई तल्लो बाटो कालीगंडकीको जंघार तरी पहिला दिन दर्घामा बसे। अर्का दिन त्यहाँबाट वीरकोट पुगेपछि वागलुङका आडमा वैरीको ठूलो लश्कर देखियो। सरदार अम्बरसिंह थापा र सरदार विलोचनले पूर्वाखोलाको बाटो गरी र काजी अभिमानसिंहले मूलबाटाबाट गई दोहोरो पारी हान्दा ठूलो लडाईं भए पनि जित भयो। यस लडाईंमा बरखका जमादार अम्बरसिंह थापाले जेठी तरवार हान्दा टिक्न नसकी वैरीहरू भागेकाले पाल्पा सर भयो। फेरि कास्की र चौबीसीहरू मिली उता लमजुङ मकैडांडामा सामेल भएको खबर आउँदा दुवैतर्फको लश्कर फेरि जम्मा हुनू भन्ने हुकुम गयो। अनि जितिसकेको मुलुक पनि छाडी दुवै मुखका फौज फेरि लमजुङमा सामेल भए। नेपालबाट काजी सरूपसिंह भवानी बक्स कंपनीका साथमा आई उनीहरूसंगै सामेल भए। सबैको संयुक्त प्रयासबाट लड्दा मकैडांडामा बसेका वैरीका फौज यत्रतत्र भागे। पर्वतका सरदार गणेश मल्ल पक्राउमा परे। त्यसपछि कीर्तिमहोद्दामका छोरा काजी बलभद्र शाह नेपाल आए। नवकोटबाट फिरेको लश्कर गलेखाममा आई बस्यो। पाल्पाबाट फिरेको लश्कर तनहुं सुरमा आई बस्यो। काजी सरूपसिंह पनि नेपाल फर्के।

अर्को साल शाके १७०८ मा लडाईं गर्न जाने हुकुम हुंदा चौतरिया दलजित् शाह, काजी सरूपसिंह कार्की र काजी धोकनसिंह बस्नेतहरू पुरानाश्रीनाथ, सबुज, भवानीबक्स, पुरानागोरख, नयांगोरख, रामदल, दुर्गाबक्स, श्रीजंग र रणभीमसमेत ९ कंपनीका साथ खटिए। उनीहरू बिदा भई पिउवरमा पुगेर बसेका थिए। तनहुं सुरमा र गलेखाममा रहेका गोरखाली फौज पनि त्यहीं सामेल भए। ती फौजले कास्की हान्दा जित भयो। त्यसपछि टेकनआडमा लडाईं गर्दा विजय भयो र पल्लोनवकोट पनि सर भयो। सतौं, भीरकोट र रिसिङका राजाहरू शरण पर्न आएका हुंदा लडाईं गर्न परेन र ती राजाहरू र थरघरसमेत साथमा लिई काजी अभिमानसिंह बस्नेत नेपाल आए। अरू भारदारहरू भीरकोटका दर्मुखमा बसी पजनी गरेर जग्गा जग्गामा चाहिने हुकुवासंम राखी बांकी पोखरामा आई बसे।

तिनै ताका महाराज रणबहादुर शाहकी मुमा राजेन्द्रलक्ष्मीदेवी परलोक भइन्। त्यस खबरका साथसाथै चौतरिया दलजित शाहलाई बोलाहट हुंदा उनी नेपाल आए। त्यसपछि काजी सरूपसिंह पनि काटिए। महाराज रणबहादुर शाहका समयमा माहिला साहेबज्यू बहादुर शाह मुखत्यार भए। शाके १७०८ मा उनी आफैं गोरखा पुगी त्यहाँबाट पाल्पा गए र पाल्पाकी कुमारी विवाह गरी फर्के। अनि गोरखामा बसी अघि भैभारदारहरूलाई दिएको तैनाथ सबै झिकी फेरि नयां तवरले पजनी गरे।

अब फेरि लडाईंको उद्योग चल्यो। चौतरिया जीव शाह, काजी शिवनारायण खत्री, सरदार पारथ भंडारी, अम्बरसिंह थापा र सुब्बा योग मल्लहरू भई थरघर, उमराउ र कम्पनीलगायत भारी लश्कर लिई पहिला दिनमा सुर्कीकोटमा गई बसे। भोलिपल्ट कालीगंडकीमा जंघारै तरी गुल्मी पुग्दा त्यहाँका राजा डरले भागे। गुल्मी त्यसै सर भयो। त्यसपछि सरदार अम्बरसिंह थापाले दुइ कम्पनी लिई चण्डीकोटमा र सुब्बा योग मल्लले खाँचीमा आक्रमण गरे। काजी जीव शाह, काजी शिवनारायण खत्री र सरदार पारथ भंडारीले थरघर र फौज साथमा लिई अजुघा र रिसुंघा हाने र जिती उहीं बसेका थिए। त्यस ताक कौडेको ठानु सल्यानी स्यार्तानी कुर्थे। त्यहाँ पर्वतले हान्दा गुहारी नपुग्दैमा भारी लडाईं भई जित पनि भयो। कौडे लिए। द्वारे सबल शाही र नराज लामा घाउ लाग्दा पक्रिए। उनीहरूलाई लिई फौज पर्वत पुग्यो। गुहारी गएका पनि बीचैबाट फर्की रिसुंघामा आए। अर्घातोसमा वैरीको भारी लश्कर हुंदा रिसुंघामा एक कम्पनी कुन्हुवा राखी अरू सब फौज अर्घाशहरमा हमला गर्न पुगे। विहानीपख अर्घातोसका कोटमा रहेका वैरीका फौज निस्की त्यहाँ बसेका गोरखाली लश्करलाई हान्न आए। त्यहाँ ठूलो लडाईं हुंदा अर्घा शहर पनि सर भयो। फेरि इस्मालमा ठूलो लडाईं हुंदा त्यहाँ पनि जित भयो। त्यहाँ दुइ कम्पनी कुन्हुवा राखी चन्द्रकोटबाट सरदार अम्बरसिंह थापा र खांचीवाट मुब्बा योग मल्ल एकट्ठा भई सब फौज लिएर बलैवा बागलुंग पुगे। काजी दामोदर पांडे, सरदार प्रबल राना र सुब्बा फौदसिंह रानाले श्रीनाथ र कालीदल दुइ कम्पनी लिई उपल्लो बाटो गई बलेवा

बागलुङमा घुसे । त्यहाँ ठूलो लडाईं गरेर जिती वेणीमा सांघु बनाए । त्यसपछि पर्वत हान्न उछिनापाछिन थियो । आखिर बलेवा बागलुङतर्फका लश्करले उछिनी हान्दा जिते र पर्वत सर गरे । पांड काजी उहीं सामेल भए । काजी शिवनारायण खत्री नेपालतर्फ गए ।

फेरि सबै भारदार, थरघर, उमराउ, श्रीनाथ, सबुज, बरख, श्रीजंग, रणभीम, नयांगोरख, श्रीमेहर, भवानीबक्स र रामदल यति १० पल्टन कंपनी तथा नेपालबाट पर्वत हान्न गएका काजी दामोदर पांडे, काजी जगज्जित पांडे, काजी जगत्बहादुर पन्त, सरदार प्रतिमन राना, सुब्बा फौदसिंह, सुबेदार बदलसिंह थापा, नयांश्रीनाथ र कालीदलसमेत जंमा भई धूरकोटको बाटाबाट गएर विनातरवारै प्यूठान सर गरे । त्यहाँबाट काजी दामोदर पांडे, सरदार प्रबल राना, सुब्बा फौदसिंह थापा र सुबेदार बदलसिंह थापाहरूले नयांश्रीनाथ र कालीदल कंपनीका साथमा गई दाङ सर गरेर सल्यानीलाई सौंपी फिरे । काजी जीव शाह सरदार अम्बरसिंह थापा, सरदार पारथ भंडारी र सुब्बा योग मल्लहरूले सखीको बाटो गरी बजाहारीटार पुगेर त्यहाँ सबै जिती भेरीमा खांडो पखाले । अनि जाजरकोटसंग बन्दोबस्त गरी फर्के । दुबै मुखको लश्कर प्यूठानामा जम्मा भयो र काजी दामोदर पांडे, काजी जगज्जित पांडे र सुब्बा फौदसिंह नयांश्रीनाथ साथमा लिई नेपाल गए । त्यसपछि भागेका राजाहरू फेरि जम्मा भई जाईलाग्दा दुई कंपनी फौज गई तिनीहरूलाई धपाए । फेरि दाङका चौघरामा सल्यानीहरू घेरामा पर्दा तीन कंपनी फौजका साथमा सुब्बा हस्तदल शाही गई वैरीका फौजलाई काटी धपाए । त्यसपछि काजी जीव शाह र हस्तदल शाह पनि नेपाल गए ।

तिनै ताका देवाधर्माका लामा आई "हजुरका जिज्यूबाज्याज्यू महाराज नरभूपाल शाहबाट सन्तान नहुँदा हाम्रा पुर्खा देवाधर्माका लामालाई लालमोहर पठाएर झिकाएथे । उनले उपाय गर्दा मेरो सन्तान भयो भने तिमीले मागेको दिनेछु भनी महाराजबाट हुकुम भएछ । हाम्रा पुर्खाले हजुरको के राज्य छ र ? मलाई के बक्सेला ? अहिले हजुरका सन्तानको राज्य बढ्ला उसै बखतमा आई मागूंला भन्दा उहाँबाट मेरा छोराले आर्जेका मुलुकमा जो मागौला दिउँला भनी लालमोहर गरिबक्सिएछ । हाम्रा पुर्खाबाट उपाय गर्दा हजुरका बाज्या महाराज पृथ्वीनारायण शाह पैदा हुनुभएछ । त्यस बखत गरिदिइबक्सेको लालमोहर यही हो । सोबमोजिम सरकारबाट केही बक्सिएको छैन" भनी विन्ति गरे । यस कुराले महाराज आश्चर्य मान्दै खूब खुश भई नेपालका खेत १५।२० र गाउं १५।२० लालमोहर गरी बिर्ता बक्सियो । त्यसरी पाएको सबै जमीन स्वयंभूप्रीति गरेर गूठी राखी तौ लामा बिदा भई देवाधर्मातर्फ गए ।

क्रमशः

ऐतिहासिक पत्रस्तम्भ

श्री ३ महाराज श्री ५ सर्कार श्री ५ बादशाह

१ २ ३

अर्जि – – – – – – – – – – – – – – – – – –

उप्रान्त करुणानिधान माघ शुदि ८ रोज १ मा लेषियाको करुणा कृपापत्र फाल्गुण सुदि १२ रोज २ मा आईपुग्यो तेसतर्फको जो पायासुन्याको षवर गल्वाको गल्वा र साँचो-को साँचो वरावर लेषि पठाउन्या काम गर भनि मर्जि भै सेवकपर सिक्षे भै आयाका वडापत्रको दर्शन पायां अर्थ बुझि सिह्र चढायां मोलमका वाडाहरूले अंबाहरू पस्याका ठाउमा हुज्जत हुल्ला गरेका वेहोराको अर्जि अघि चढाई पठायाका हो येस वेहोरामा अंबाहरूले हामि चिनियांहरू सबै चिन जान्छौ यांहां वस्तैनौ यांहां हाम्रो बेइज्जत भयो भनि लामागुरु राजासित भन्दा येस्ता साना कुरामा वाडा-हरूले यस्तो हुज्जत गर्ये ई वाडाहरू साह्रै मुर्ष छन् येस्ता साना कुरापछि नलाग्नुहुवस् भन्ने पाठ पारि विन्ति गर्दा आज लामागुरुको र राजालामाको मुष हेरि यो कुरो हामिबाट माफ भयो अब उप्रान्त येस्तो हुन नपावस् भन्ने वेहोरा गरि बन्दबस्त भयो हजुरमा दर्शन गर्न आउन्या चिनियां उताल्वे टिगरिका मालिक भै चैत्र वदि ५ रोजमा टिगरि बस्न भनी जान्याछन् अंवा त्यैरिताबाट...१...का हजूरमा छुरि सिंजिसमको औठामा लाउन्या गर्येनि चकमक मनोहरको नसंदानि चीजहरू र चिठि निज उताल्वे हस्ते पठाउन्याछन्...२...बाट चिन...३...का हजूरमा चढाई पठायाका अर्जिको प्रमाण चिन...३...बाट बक्सी आया-पछि निज उताल्वेले स्व प्रमाण लि भरवैसाषमा हजूरमा हाजिर हुन्याछन् पोतला लामागुरु चतुर्मासा मुकाम गर्न ल्हासादेषि पश्चिम नबुलैकामा फाल्गुण सुदि ९ रोज ६ मा गया यै साल कार्तिक सुदि १२ रोज २ मा चढायाका अर्जिको जवाफ आयेन पछि मार्ग सुदि ११ रोज २ मा चढायाका अर्जिको यो जवाफ आयो कसो भयो यांहांका हुलाकिले हराया कि ताहा पुगि जवाफ लेषिवक्सनामा तजविज हुदैन र... हो कि कसो हो त्यो अर्जिको पत्ता लागेन फाल्गुण सुदि ३ रोज ७ का दिन राङ्जुं काजि मन्या ईन्का बदलामा फलानु काजि हुन्छ भन्ने ठेगान भयाको छैन चिके षंबु पनि दुषेका थिये अब ता निका भया अरू यांहांको हालसुरथ यथायोग्य छ सेवकका अर्जिका बेहोरामा घटबड पर्‍याको होला छेमा राखिबक्स्याजावस् शुभमस्तु शुभम् – – – – – – –

श्री ५ चिन वादशाह

१

स्वस्ति श्री ३ गोर्षा अर्तिनि वाङ राजा श्री ३ पृथ्वी वीरविक्रम संसेर जंगबहादुर साहादेव – – – –

उप्रान्त यो चिठिमा लेष्याका व्यहोरा आफु वाङ राजाले मानि काम गर्नुहोला आज मछीचुङमा तालयेलाई ल्हासाका वडा अंवा २ ले हुकुम भयाको व्यहोरा आज... १... बाट ति गोर्षा वाङ रालाई बक्सिस दिपठाउनुभयाको पर्वाना १ लाख मानिकको गजुर बैठकि समेत भयाको १ तिमिछ १ चुङमा तालयेहरूले नेपालमा गै ति गोर्षा वाङ राजालाई सौंपिदिनु भनि हुकुम हुदा सो हुकुम मानी आमछ १ चुङमा तालये र गोर्षा पर्‍या ठाउका वषटर च्युंकुं सिपाहि हाम्रा चाकरसमेत गरि यो साल ९ मैन्हाका ७ दिनमा ल्हासाबाट आई डिगर्चा अडामा येहि साल १५ दिनमा आईपुग्यौ डिगर्चा अडाबाट तेसतर्फ ९ मैन्हाका १६ दिनमा रमाना भै आछ सोवमोजिम आफु वाङ राजाबाट अधिका रित्तबमोजिम घोडा डोलि हुलाक षान्या पीन्या समेत गरि हामीलाई लिन आउन्या भारादारहरूलाई राम्रो गरि अराई सिकाई केरु अडामा गै पर्षिबस्नु भनि पठाई-दिनुहोला हामी ताहां आयेर पर्षि बस्नु नपरोस् सो व्यहोरा अघि ल्हासाबाट यो साल ९ मैन्हाका ७ दिनमा अफु वाङ राजालाई लेषि गयाको हो सो लेषि गयाको चिठि र यो चिठिमा लेष्याका व्यहोरा मानी काम गर्नु होला आफु वाङ

राजाका क्षेमकुशल चाहिन्छ इति श्री क्वाङ स्याई १० साल हाम्रा ९ मैन्हाका १५ दिन जादा मुकाम डिगर्चा अडा शुभम् – – – – –

श्री ५ सर्कार	श्री ३ महाराज
१	२

अर्जी ... ...

उप्रान्त करुणानिधान वैशाष वदि ४ रोज २ मा लेषिआयाको सिक्षे करुणापत्र मेहेर भै आयाको ज्येष्ठ वदि १२ रोज ५ मा आईपुग्यो ह्लासाका दस बत्तीसहरूका पसल वाहालमध्ये सालिन्दा कालामोहर थान ३० अघिदेषि कप्तान चन्द्रमान कार्कि क्षेत्रीले भोटका ननिस्या कचहरिमा बुझाईआयाको रहेछ भने आज पनि बाह्र सालमा भयाको अहदमा यो बेहोरामा दिनु नदिनु भन्ने केहि लेषियाको छैन तापनि बुझाईदिन्या काम गर अहदको नकल उतारि यसै चिठिमा षामि पठायाको छ १९२४ सालका वालिलाई साविकबमोजिम तम्रो थमाउनि भयो थमाउनिका रुपैयां चढाई पठाउन्या काम गर भनि मेहरको पत्र १ र वैशाष शुदि १० रोज २ मा लेषियाको सिक्षे करुणा कृपापत्र जेष्ठ शुदि १२ रोज ५ मा आईपुग्यो ह्लासाका वडा अंवाका नाउमा लेषिगयाका चिठिको नकल उतारि यसै चिठिमा षामि पठायाको छ ताहा कुराकहानि केहि चल्यो भने यसै नकलका आसयेबमोजिम कुराकहानि गर्नु भन्ने वेहोराको पत्र १ ज्मा पत्र २ को दर्शन गरि सेवकले अर्थ बुझि सीह्र चढायां वडा अंवालाई ताहाबाट लेषिबक्नुभयाको पत्र अंवा भयाका थाउमा अह्र आईपुगेको छैन नकल मसंग आईपुग्दा अंवालाई आयाका पत्रको आसय बुझि अर्जि चढाई पठाउला भन्ने बेहोराले यो अर्जि ढिल हुन गयो हाम्रा चिन जान्या काजिहरू स्यासन भन्ने जग्गामा न्याफै कुल्याहाले दुष दि हुल्ला उठि थोड काम भन्या बाटो बन्द हुनाले चिन जान तपाई येननै तार्चनदेउ सहरदेषि नेपालतरफ फर्कन्छन् भन्ने बेहोराको अर्जि अघि चढाई पठायाको छ सो अर्जि हजुरमा दाषिल भयो हो आजकाल तार्चनदेउबाट ठिन्डपुर सहरमा गै केही फर्यासि पाल हालि बस्छन् भन्ने गलवा सुनिन्छ औ यांहा ह्लासामा भोट...१... बाट नयां टक मन्याका नमुना कालामोहर थान २ चढाई पठायाको छ तलवमा पनि फरक छ षांटा पनि छन् ई मोहरमा हाम्रा साहुमहाजनहरू पनि चलनलाई आनेकाने गर्छन् भोट...१... बाट भने ई आज भयाका नयां टकमा रुपैया सरासर चलाउनु जसले ई मोहर षराषोटा भनि लिदैन भने भारि सजाय होला भन्ने चिनियाँ अक्षेर भोटे अक्षेरको सवाल लेषि टोल टोलमा देषाया सुनाया १९२४ सालका वालिलाई साविकवमोजिम मेरो थमाउनि गरिबक्नुभयेछ मेरो थमाउनिको मोहर रुपैयाँ...२... का हजुरमा २ हजुरमा २ यसै अर्जिमा षामि चढाई पठायाको छु हाजिर हुन्याछ तार्चनदेउ सहरबाट चिन जान्या काजिहरूबाट अर्जि अंवाका चिठिमा षामि पठायाका रहेछन् अंवाबाट मलाई पठाईदियेछन् र मेरा अर्जिमा षामि चढाई पठायाका अर्जि ३ औ यांहांका हालसुरथकार्थलाई येथायोग्ये छ सेवकको अर्जिमा घटबड केहि पन्याको होला दया छेमा राषिबक्स्याजावस् शुभमस्तु सुभम् – – –

श्री ५ सर्कार	श्री ५ बादशाह
१	२

अर्जि – – – – – – – – –

उप्रान्त करुणानिधान भाद्र सुदि १२ रोज ३ मा लेषियाको करुणा कृपापत्र कार्तिक वदि ३ रोज ४ मा आईपुग्यो तेसतरफको जो पायासुन्याको षवर तहकियातको तहकियात गल्वाको गल्वा बराबर लेषिपठाउन्या काम गर भनि मर्जि भै लेषिआयाका वडापत्रको दर्शन गरि अर्थ बुझि सीह्र चढायां कार्तिक वदि ७ रोज २ का ५ घडि रात वित्यापछि आज गोर्षा ...१.... लाई चिन ...२... बाट राजमान प्रसस्तिको प्रमाणा भै बक्सि आयो तसर्थ बडा अंवाहरूसित येस बेहोराको तपाई कपतानले वारंवार बिन्ति गर्याको कार्जे आज सिद्ध भयो तसनिमित तपाईलाई सलाम भनि कालामोहर ४ जान्या छिन्जे षाता फापुनले पठाई दियेछन् र मैले यो काम सिद्ध गरायाको होईन तपाईहरूबाट...२... का हजुरमा जाहेर गराई मन्जुर पारि सो प्रमाणा ठिकाउनुभयो वढिया गर्नुभयो भनि सोहिबमोजिमको मेरो षाता थपि मेरो सलाम भनि निज षाता लि आउन्या दोमास्या हस्ते पठाईदियां अंवा र हामि वसि त्यो प्रमाणा हेरि बुझि सोमाफिक चाडै यो बेहोरा लेषि प्रमाणास्मेत नेपाल पठाई दिन्छौ भन्न पठाया येति कुरो भयाको तहकियात हो येस मुद्दाका बेहोरामा भोलिपर्सि अंवाहरू के भन्छन् कसो गर्छन् सो तहकियात बुझि लेषि विन्ति चढाई पठाउन्याछु आज येति बेहोरा भन्या र लेषि विन्ति चढायाको हो सेवकका अर्जिका बेहोरामा घटबड पन्याको होला छेमा करुणा राषिबक्स्याजावस् शुभमस्तु शुभम् – – – – –

कोशीका थारूसमुदाय र तिनको परिवर्तनशील संस्कृति

– ऋषिकेशवराज रेग्मी

आफ्नो दुई कुरा

पुरातत्व विभागबाट अधिराज्यका प्रत्येक भेकमा गई अध्ययन गरी त्यहाँका निवासीहरूको सामाजिक जनजीवन र संस्कृतिको अध्ययन गर्ने र प्रतिवेदन तयार पार्ने सिलसिलामा तयार गरिएको यो प्रतिवेदन हो ।

कोशी अंचलका थारूसमुदायको बारेमा सकभर विस्तृत रूपमा दुई महीनाको अध्ययनबाट तयार पारिएको यस प्रतिवेदनले अवश्य पनि नागरी वातावरण र अन्य समूहसंगको घूलमिल भई परिवर्तित भइरहेको तिनको संस्कृतिको आधारस्तम्भलाई संरक्षण गरिरहनेछ भन्ने मलाई लागेको छ । प्रत्येक क्षणमा आज हामी परिवर्तनको गतितिर अग्रसर भइरहेका छौं । यस गतिमा जांदा आफ्ना संस्कृतिका गतिलाई हामी छाड्ने प्रक्रियामा पनि थाहा नपाइंदो रूपमा लागिरहेका हुन्छौं । भोलिको लागि यो प्रतिवेदन यदि कुनै रुचि राख्नेलाई लाभप्रद भए हाम्रो अध्ययनको ठूलो सफलता हुनेछ ।

यस एन्थ्रोपोलोजिकल सर्वेक्षण र अध्ययनलाई पुरातत्व विभागका निर्देशक श्री रमेशजंग थापाज्यूले प्राथमिकता दिई सदा प्रेरणा र निर्देशन दिनुभएको यस लेखकले कहिले बिर्सन सक्दैन । उहांको प्रेरणा, सहयोग र निर्देशनविना यो प्रतिवेदन तयार पार्न कठिन हुने थियो । त्यसैले उहांलाई प्रथम धन्यवाद दिन चाहन्छु ।

साथै फिल्डमा गएर, थारूपरिवारहरूको घर घर र आंगन गाउंमा दुःख र सुखमा सधैं साथै रहेर छवि लिने इन्दुरवि श्रेष्ठलाई पनि धन्यवाद नदिई रहन सक्दिन ।

कोशीका थारूसमुदायका सहयोगी श्री पंचलाल माझी, सध्रु माझी, गौतमप्रसाद, सवारीलाल विश्वास, काशीराम चौधरी, दुहवी हाइ स्कूलका प्राध्यानाध्यापक श्री कालीप्रसादजी, मूलचन्द, सरिफा प्रधान र अन्य सबै साथीहरूलाई धन्यवाद नदिइरहन सक्दिन ।

थारूसमुदायको उत्पति र विस्तार

थारूसमुदायको उत्पत्तिका बारेमा विभिन्न समयमा विभिन्न लेखकहरूले विभिन्न किसिमका मत र तर्कहरू पेश गरेका छन् ।

थारूसमुदाय संमिश्रित जाति मध्ये पर्दछन् । उनीहरूको शारीरिक रचनाको आधार मंगोल प्रकारको छ । उत्तरीय प्रान्तबाट विभिन्न किसिमको सामाजिक, राजनैतिक, आर्थिक तथा धार्मिक कारणबाट बसाइं सर्नुपरेकोले र शताब्दियौंदेखि तराई भेकमा छर्दा छर्दा र बसाई सर्दा तथा घुमन्ते प्रणालीमा हुर्कनुपर्दा उनीहरूले आफ्नो शरीरमा प्राकृतिक जलवायुको प्रतिकूल असर भोग्नुपरेको कारणबाटनै वंशानुक्रमबाट प्रभावमा परी आजको रूपमा आउनुपरेको हो भन्न सकिन्छ । यस कुरालाई अर्थात् थारूको मंगोलीय उत्पत्तिको तर्कलाई उनीहरूको आँखा, उच्च अनुहार, रौं, आदिको अध्ययनबाट रिजले, नोली, ऋुक र नेस्फील्ड आदिले पनि स्वीकार गरेका थिए । तर पछि ऋुकले भने थारूहरूको मंगोल प्रभावभन्दा अगाडि ड्राभिडियन उत्पत्तिको बारेमा तर्क दिएका छन् । नेस्फील्डले पनि थारूलाई भारतीय प्रदेशका समूह ठैं भनेर उनीहरूको छालाको रंग, लामा वेभी रौं र अरू शारी-

रिक आधारमा भनेका छन् ।

तर सिद्धान्त र व्यावहारिक तथा वैज्ञानिक अनुसंधानका आधारमा यो भन्न सकिन्छ– थारूहरूको जेसुकै आकार, वेशभूषा भए पनि उनीहरू वास्तवमा मंगोलसमूहका नै हुन् र उनीहरूको रूप, रंग केवल जलवायुको परिवर्तनले मात्र प्रभावित भएको हो ।

डा. मजुम्दारले थारूको शारीरिक ताप, एन्थ्रोयोमेटिक र रगतको अध्ययनका आधारमा माथिका तर्कलाई काटेर थारूलाई मंगोल समुदायमा नै राखेका छन् ।

त्यस्तै गरेर थारूहरू अस्ट्रालवाइड र राजपूत उत्पत्तिका हुन् भन्ने तर्क पनि यहांनेर आएर तकहीन हुन्छ ।

थारूजातिलाई राजपूतानाबाट आएका भन्ने तर्कमा यो देखिन्छ– चित्तौर (राजपूताना) बाट १२ औं शताब्दीमा मुसलमानको आक्रमणमा यी समुदायका नारीहरू आत्म सुरक्षाको लागि उत्तर पहाडतिरको जंगलमा पसे । तीं आइमाईका लोग्नेहरू युद्धबाट त्यति समयमा पनि नफर्केकाले त्यहाँकैनै निम्न समुदायका व्यक्तिहरूसंग वा नोकरहरूसंग नै स्वास्नीका रूपमा बस्न थाले । यिनैको संयोगबाट उत्पन्न भएका समूहलाई थारू भनिन थाल्यो । त्यसै कारणले थरूनीहरूको घरमा प्रधानता भएको हुन सक्छ भन्ने एकथरिको मत छ ।

थारूको उत्पत्ति थरबाट भयो कि भन्ने शंका उपस्थित गर्न सकिने कुरा आउँछ । थर भन्ने ठाउँ पनि सिन्ध प्रदेशको एउटा स्थान हो । थरबाट थारू उत्पति भन्ने कुराको विश्वास पनि कुनै तर्कसंगत देखिदैन । भाषाको दृष्टिले मगही, मैथिली, भोजपुरी, अवधीसंग मेल खाने तथा मुखाकृतिले तिब्बती परिवारसंग मिल्ने समुदायलाई थरबाट आएको भन्ने कुरा सजिलैसंग विश्वास गर्न सकिदैन ।

थारूहरूले खुट्टाको बूढीऔंला काटीकन राजालाई रगतको टीका लगाइदिने चलन अझ पाइन्छ तापनि यस अनुसार स्व. बाबुराम आचार्यको मत छ– थारूहरू राजपूतानाबाटनै आएका हुन् भन्न सकिन्न, तर यिनीहरू क्षत्रीयनै हुन् । स्व. बाबुराम आचार्यले थारूहरूको मूलघर नेपालको चूरे र महाभारत पर्वतको आसपासमा मंगोलक रूपरंग र आर्य भाषा लिएर आए तापनि प्रारम्भमा उनीहरू किराती भाषा बोल्दथे भन्नुभएको छ ।

तेह्रौं शताब्दीदेखि उत्तर भारतवर्षका मैदानबाट बौद्ध धर्म उठेर गएको हुनाले पौराणिक धर्म ग्रहण गरेको अनुमान हुन्छ । (हेर्नुहोस्, प्राचीन नेपाल संख्या २१)

त्यसैगरी फुन्यूररले थारूजातिलाई शाक्यवंशसंग तुलना गरेका छन् । यसै विचारलाई रापती उपत्यका एक अध्ययनमा श्री जनकलाल शर्माले पनि पुष्टि गरेको पाइन्छ ।

जस्तोसुकै वास्तविकता, सामाजिक उथल पुथल र हावापानीको प्रभाव परेको भए तापनि थारूसमुदायको उत्पत्ति मंगोल समूहबाटनै भएको हो र उनीहरू नेपालका पुराना बासिन्दा हुन् भन्ने धारणा कायम राख्न सकिन्छ ।

स्वर्गीय बाबुराम आचार्यले थारूजातिको मूलघर कहाँ? भन्ने लेखमा भन्नुभएको छ– "वास्तवमा यी थारूजाति पहाडभित्र रहेका किरात बोली बोल्ने मंगोलकहरूबाट आर्यभाषा ग्रहण गरी अलग जाति बनेको देखिन्छ । मंगोलक भए तापनि मंगोलियाबाट सरासर हिमालयका भन्ज्याङहरू काटेर आउनु एकदम असम्भव छ । किनभने छैटौं शताब्दीका अन्त्यमा मात्र हिमालयका घांटी खुलेका थिए । हिमालयका पूर्वछेउको ब्रह्मपुत्रका किनाराको घांटी अति प्राचीन युगदेखि खुलिरहेको र त्यहाँबाट आएका मंगोलक जातिका शाखाहरू केही आसाममा र केही पूर्व बंगालमा पुगी त्यहाँका वासिन्दासंग मिसिएको लक्षण मनुष्यमिति (*Anthropometrig*) का कसौटीबाट स्पष्ट हुन्छ । ब्रह्मपुत्रका घाँटीबाट आखेटक अवस्थामा मिस्केका केही मंगोलकहरू हिमालयका दक्षिणपट्टि काखैकाख पल्ला छेउसम्म पुगेर पुराना बासिन्दामा मिसिनु संभव छ । यिनीहरूको रंगरूपमा जो मंगोलक लक्षण पाइन्छ त्यो पहाडी जमीनका प्रभावले बनेको अनुमान गर्न सकिन्छ । यसकारणले यिनीहरूको मूलघरको खोजी गर्दा हिमालयभन्दा बाहिर जान सकिदैन ।"

भौतिक साधन र संस्कृति

थारुसमुदायलाई आफ्नो समूहको गतिशील उन्नति र बचावटको लागि यस भेगको तराईप्रदेशमा ठूला ठूला संघ-

र्षको मुकाबला गर्नुपरेको थियो । आफ्नो समुदायको सामाजिक मान्यताप्राप्तिको लागि जस्तोसुकै कठिनाइहरूको सम्मना गर्नुपरे तापनि कोशी अञ्चलका यी निवासीहरू विकासक्रममा अगाडि बढिरहेका छन् । आफ्नो दैनिक निर्वाहको लागि खाना र वासगांसको व्यवस्था गर्नाको लागि शताब्दियौदेखि यी समुदायले पनि प्रकृतिको विभिन्न श्रोतहरूलाई शोषित गरेका छन् ।

सामाजिक गतिविधिको रफ्तार दिन प्रतिदिन बढिरहेको विश्वमा थारुसमुदायको भौतिक साधन र जीवन पनि झन् झन् स्तरीय बाटोमा विभिन्न समुदायसंगको साँस्कृतिक आदान–प्रदानसंग प्रभावित भइरहेको छ । त्यसकारण उनीहरूको दैनिक वस्तुका साधनहरूको माँग पनि बढिरहेको छ जसको कारणले गर्दा उनीहरूलाई धनको अत्यन्त खाचोको अनुभव भइरहेको छ । नून, तेल, लुगाफाटाको अतिरिक्त अब अन्य शहरिया वातावरणको आगमनले उनीहरूमा नयाँ नयाँ फेसन र इच्छाको अभिवृद्धि गरिरहेको छ । त्यसो हुनाले उनीहरूको सम्पूर्ण जनजीवनमा शनैः शनैः परिवर्तनको आभास मिलिरहेको छ । खवाइ, लगाइ र भाषामा गरी जीवनको मूल सिद्धान्तमा पनि अलि अलि परिवर्तन भइसकेको छ ।

विकासको क्रममा जब कुनै सुसंस्कृतिक तथा शिक्षित, विनयशील र सभ्यताका मानिसहरूको आदानप्रदान र धूलमिल गर्ने आधार अलिक कम भौतिक साधन र शिक्षा भएको समुदायसंग हुन्छ स्वाभाविक रूपमा उन्नतिशील र सुसंस्कृत समूहको छाप अर्कोमा पर्ने हुन्छ । सबैभन्दा पहिले थारूसमुदायले अन्य समूहबाट सिकेको कुराहरूनै यिनै हुन आएका हुन्छन् । त्यसपछि मात्र नयाँ विश्वास, आस्था, विचार आदिको प्रभाव पर्दछ ।

थारूगाउँहरू र वसोवास गर्ने तरीका:–

गाउँहरू प्रायः जसो यत्रतत्र छरिएका हुन्छन् । कुनै कुनै गाउँ एक अर्काबाट करीब एक दुई कोसको दूरीमा अवस्थित छन् । मोरङ्गमा पर्ने गाउँहरूको लागि प्रशासनिक केन्द्र विराटनगर पर्दछ र सुनसरीको इनरवाका थारू परिवार बस्ने गाउँहरूमा कुनै गाउंमा दुई सय कुनैमा सय र बढी पनि घरहरू छन् । थारू समुदाय जैले पनि घर बसाउनाको लागि राम्रो गाउँ वा जग्गाको खोजमा रहन्छन् । त्यसैमा आफ्नो समुदायलाई घर बनाउन हरसहयोग पनि दिन्छन् । गाउँमा प्रत्येक परिवारको आगननेर एउटा इनार हुन्छ । उनीहरूको गाउँ बसाउनाको लागि राम्रो क्षेत्र हुनुपर्दछ । त्यो क्षेत्र अलि होचो नभई माथिल्लो तहको हुनुपर्छ र गाउँको छेउमा कुनै नहर, नदी वा खोला हुनुपर्दछ । खेतीको लागि माटो पनि मलिलो हुनुपर्दछ । पानी परेर वर्षामा कुनै कुनै ठाउँमा पानी जम्ने गर्दछ । त्यस्तो ठाउँमा गाउँ बसाउन खतरा हुन्छ । त्यसको अतिरिक्त गाउँको वरिपरिबाट डांका, भूतप्रेत, डरलाग्ने वन जन्तु आदिहरू र रोग फैलिने डर नहुने ठाउँ हुनुपर्ने हुन्छ ।

थारूहरूको कुनै कुनै गाउँ वर्षामा पानी जमिदिनाले सार्नुपर्ने भएको थियो । कुनै कुनै गाउँबाट अर्को गाउँमा सर्नुपर्ने कारण चाहि आर्थिक अवस्था क्षीण हुनाले पनि भइरहन्छ । पहिला पहिला जंगलका काठपातबाट बनेका र फूसका घरहरूलाईनै बसाइँ सार्दा थारू परिवारले छाडेर अर्को गाउँतिर वसोवास गर्न जान्थे । यसको कारणले गर्दा केवल घरमा भएका भांडाकुंडा, लुगाफाटो आदि मात्र आफूसंग लैजान्थे । यसरी घरि घरि गाउँ सार्ने र आफ्नो व्यवसायअनुरूप खेती गर्ने तरीकाले उनीहरूमा अव्यवस्थित व्यवहार, भय र कडा परिश्रमको उत्तरदायित्व लिएको थियो । यसले गर्दा आफ्नो घर, सम्पत्ति र भौतिक साधन जोड्ने प्रवृत्तिको लोप भइसकेको थियो । केवल यसले मात्र नभई अनेक भौगोलिक, सामाजिक र आर्थिक परिस्थितिले गर्दा आजभोलि यिनीहरूले पनि स्थायी वसोवास गर्न, घर बनाउन र स्थायी कृषक भई रहन थालेका छन् । यो उनीहरूको भविष्यको लागि एउटा स्थायी आशाको श्रोत भएको छ ।

गाउँमा केही टाढा खेतनेर एक स्थानबाहेक अन्य कुनै विशेष घर हुंदैन । त्यहां कुनै रोदिघर, छात्रावास, पाहुनालाई राख्ने बेग्लै घर वा ग्रामतीहरूको भेटघाटको लागि बेग्लै घर हुँदैन । त्यसै गरी सबैको साधारण उपयोगको लागि कुनै ठाउँ हुंदैन ।

एक थारूपरिवारको घर अर्को परिवारको घरसंग एकदमै पासपासमै रहन्छ । गाउँहरूको एक घरबाट अर्को घरमा जाने सानो बाटो त्यहींभित्रबाट हुन्छ । थारूपरिवारको घर, आगन बडो सफा रहन्छ । कुनै पनि गाउँमा जाँदा सफा सुग्घर र त्यहाँको मुग्ध वातावरण देख्दा प्रभावित

नभईरहन सकिदैन । गाउँमा रगतको नाता पर्ने सम्बन्धीहरू र त्यस्ता सम्बन्धीहरू हुन्छन् जो विवाहपश्चात् नातादार भएर रहेका हुन्छन् । यसले गर्दा थारूगाउँमा एउटा आफ्नै सुन्दर पाराको समुदाय वा ग्रामतीको सिर्जना भएको छ । यहाँ एक अर्काको दुःख सुखमा सबैलाई चाख र सहयोगको अपेक्षा रहन्छ । उनीहरू सधैं आफूलाई राष्ट्रिय जनजीवनमा सक्षम, योग्य र समृद्ध बनाउँदै लैजाने होडमा लागिरहेका हुन्छन् ।

घर र सिंगार्ने चित्रहरू:–

तराई प्रदेशमा साधारणतया जमीनको अभाव नहुने हुनाले थारूसमुदायले आफू बस्ने घरको लागि प्रायः प्रचुरमात्रामा जग्गा ओगट्ने गर्दछन् । प्रत्येक घरको पछाडि वा दाहिने वायाँ तरकारी खाने बारी राखेका हुन्छन् । थारूका प्रत्येक यस्ता घरका अगाडि सफा चोक हुन्छ र बाहिरबाट बीचबीचमा हुँदै अर्को घरमा जाने बाटो पनि हुन्छ । थारूसमुदायले साधारणतया वैशाख जेठतिर नयां घर बनाउने गर्दछन् । जसले पनि वर्षा प्रारम्भ हुनुभन्दा अगावै जे जति बनाउनु छ बनाइहाल्दछन् । घर बनाउनाको लागि गाउँको धामी बूढोलाई बोलाइन्छ र राय सल्लाह लिइन्छ । धामी बूढोले त्यस जमीनको माटोलाई हेर्छ र बिभिन्न प्रकारले मन्त्र उच्चारण गर्दछ । त्यसपछि उसले छानेको ठाउँमा घर बनाइन्छ । घर बनाउन शुरू गर्नुभन्दा अगावै धामीले त्यस ठाउँमा मन्त्र पढेर पूजाआजा गर्दछ । पूजाआजा गर्नुको मतलव त्यस क्षेत्रका भूतप्रेत तथा पारिवारिक देवीदेवतालाई खुशी पार्नु हो । यसो गरेपछि उक्त घर बनाएमा कुनै नराम्रो घटना घट्दैन भन्ने विश्वास यी सनुदायमा पाइन्छ । अनि पछि आफ्नो कुलदेवतालाई पूजाआजा र कहिलेकाहीं परेबा बलि चढाएर पनि घरको जग लगाउन शुरू गरिन्छ । यसको तात्पर्यचाहिं विशेष गरेर घरको जग राम्रो होस् र कुनै पनि प्राकृतिक प्रकोपबाट बच्न सकियोस् भनेर हो । घरहरू प्रायः पूर्वतिर अथवा उत्तर, दक्षिणतिर फर्केको हुनुपर्छ । घर पूर्वतिर किन फर्काउनुपर्छ भन्ने प्रश्नको जवाफमा धामीले पूर्वतिर फर्काएको घरमा सह बढ्छ । परिवारको उन्नति हुन्छ भन्दछन् । घर कत्रो ठूलो बनाउने भन्ने कुरा परिवारको संख्यामा निर्भर गर्दछ । धनी परिवार र धनी मान्छे छ भने उसले कांचो फूसको घरमात्र हैन ईंट र पक्का आधुनिक घर पनि बनाउन सक्छ । प्राश्टोकीको एक परिवार जस्तै गणेशलाल चौधरीको आफ्नु बस्ने घर पक्का ईंटको छ र छानो टिनको छ । गाउँका यी सयकडौं बिघा भएका प्रमुख मान्छे हुन् । जति जति ठूलो परिवार हुन्छ उति घरमा भाग लगाइन्छ । थारूपरिवारका घरमा धेरैजसो गरेर दुई भाग, तीन भाग गरेर कोठा छुट्याइएको हुन्छ ।

घर बनाउँदा बीचमा एउटा मोटो र १४।१५ फीटको काठ गाडिन्छ जसको भरमा संपूर्ण घर उभ्याउनुपर्ने भएकोले लामो र बाक्लो गरी ताछिएको मूढालाई तीन चार फीट तलसम्म गाढ्न लगाइन्छ । त्यसैको पंक्तिमा अरू चारपांचवटा मूढा, उत्तिकै उचाइका गाडिन्छन् । यी लट्ठा साधारणतया घरको आकार एवं लम्बाइ हेरेर छ सात फीटको अन्तरमा राखिनुपर्छ । यी लठ्ठामुताबिकनै घरका विभिन्न भागहरू एक अर्काबाट अलग्गिन्छन् । यस्ता दुइ लट्ठाले घरको एक मात्र भाग अलग्याउन सकिन्छ ।

यसरी प्रत्येक लट्ठामा एक दुई फीटको अन्तरले बांसका चोया अथवा बांसका आधा चोइटाले बारिन्छ । अनि छाना मिल्दो तरीकाले घरको आकारसंग सुहाउँदो गरी बनाइन्छ । साना साना बांस र चोयाले भित्ताको काम गर्छ र हावापानी, हुरीबतासबाट बचावट गर्दछ । छाना सलक्क तलतिर नुहेको हुन्छ जसबाट पानी तल भुइंमा ओत लाएर झर्दछ । छानाचाहिं परालले छाएको हुन्छ । छाना करीब एक फीट मोटो हुन्छ । यसो गर्दा कुनै पनि अन्तरबाट पानी झर्न सक्दैन । भित्तालाई खप्ने प्रकारका चोया, डोरी, माटोद्वारा बलियो तुल्याइएको हुन्छ । त्यति गरेपछि भित्री भागमा माटो गोबर मिलाएर भित्ता पोत्दछन् । घरको भित्री घेरालाई साधारणतया आइमाईहरूलेनै विभिन्न प्रकारका रंग दिएर कलात्मक तरीकाले सजाउँछन् । घरका ढोकाहरू काठका पनि हुन्छन् । तर गरीबपरिवारमा खास काठका नभई साधारण बांसले बनाइएका पनि हुन सक्दछन् । भान्साघर बेग्लै बनाइन्छ । हुनेखाने ज्यादा नभए पनि मध्यम वर्गीय थारूपरिवारले पनि आफ्नो कुलदेवतालाई स्थापना गर्ने ठाउँ राम्रो र अलग्गै बनाइराखेको हुन्छ । यस ठाउँमा कुनै पनि घरमा आएको नवागन्तुकलाई पस्न निषेध गरिएको हुन्छ । बाहिरी खण्ड सुत्नको लागि प्रयोग गरिन्छ । प्रत्येक परिवारको दम्पतिको लागि एउटा कोठा छुट्याइएको हुन्छ । घरको पछिल्लो भागको भित्री खण्डमा बुहारीलाई सुत्ने ठाउं दिइन्छ । मुख्य घरको निहुरिएको छानामुन्तिर, माछा मार्ने जाल, माछा मारेर राख्ने एउटा सुलुक्क परेको

खोडी झुण्डाएर राखिन्छ । साथसाथै स्याना स्याना कृषि-औजारहरू जस्तै कचिया (हँसिया), पोस्नी (खुर्पी), कोदार (कोदाली) आदि राखिन्छ । यसको अतिरिक्त प्रत्येक घरको बरण्डा हुन्छ जसको अगाडि ठूलो चोक अर्थात् आगन हुन्छ । यही आंगनमा धान सुकाउने, केटाकेटीलाई खेलाउने र जाडोमा घाम ताप्ने गर्दछन् । घरको बगलमै कसैकसैको ढिकी हुन्छ । घरपछाडि तरकारी रोप्ने किचनगार्डेन पनि पाइन्छ । किचेनगार्डेनको वरिपरि नरिवलको रूख, कागती तथा अन्य फलफूल, केराको बोट पनि रोपिराखिएको हुन्छ । धेरै परिवारको घरमा र खास गरेर धनी परिवारको बारीमा प्रशस्तमात्रामा सुर्ती र सुपारीको बोट पनि देखिन्छ । बरण्डाको अगाडिको आंगनमा घरका कुलदेवता (ठाकुर) आदिलाई राख्न एउटा ढेप आवश्यकता परेको वेलामा बनाउनको लागि चौकुने ढिस्का बनाइएको हुन्छ । घरको नगीचै थारूपरिवारले एउटा काठको खाट जस्तै बनाइराखेको हुन्छ । यस ठाउँमा केटी तथा आइमाईहरूले पानीको घैलो राख्ने गर्दछन् ।

घरको अतिरिक्त धान राख्ने ठाउँ बेग्लै बनाएका हुन्छन् । त्यसैनिर परेवा, स्याना स्याना बाख्रा आदि राख्ने खोर हुन्छ । थारूपरिवारले विशेष गरेर परेवा र हाँस धेरै पाल्ने गरेको देखिन्छ ।

थारूसमुदायले प्रत्येक तीन चार वर्षमा पुरानो चीज-बीजहरूले भए पनि घर अथवा गोठ, बिउ राख्ने ठाउँ छाउने गर्दछन् ।

धेरै लामो कालसम्मको विकासको क्रममा थारूसमुदाय आजको आधुनिक युगको नजीकै आउन छटपटाइरहेछन् । नयां नयां बाटोघाटो, विराटनगर, धरान र महेन्द्रराज-मार्गका उद्बोधन र नयां नयां उद्योगधन्दाको थालनीले गर्दा यी गाउँले समूहहरूको विभिन्नथरिका व्यक्तिहरूसंगको संपर्क बढिनै रहेको छ । जसको कारणले गर्दा उनीहरूको चालचलन, रहनसहन, वेशभूषा, खानपीनमा परिवर्तन आइरहेको छ । गतिशील विकासमय राष्ट्रका विकासशील र मेहनती यी समुदायहरूको संस्कृति कट्टर हिन्दू र आधुनिक वातावरणमा हुर्किएको अन्य हिन्दूमार्गीहरूको संस्कृतिमा सहृदयतापूर्वक छाप लाग्नु पनि स्वाभाविक हो । संस्कृति र विकासशील अनि राष्ट्रको विकासको मूल फुटाउने सहस्र यज्ञमा यी समुदाय पनि कर्मशील हुन चाहिरहेका छन् । गतिशील कला, शृंगार जस्ता कुराहरू अरू समूहबाट सिक्न निपुण भएका यी समुदायले आफ्ना घरका ढोका, झ्यालमा विभिन्न कलात्मक शृंगार गर्नु अवश्य पनि विकासको द्योतक हो भन्न सकिन्छ ।

बाटोघाटो र बजारको अभाव शनैः शनैः कम भइरहेकोले आफ्ना खेतीपाती र अन्य थप वस्तुहरूको बिक्रीबाट प्राप्त भएका धनबाट यी समुदायहरू आफ्ना घरहरू टिनले छाउने र सिमेन्ट र पक्का ईंटको बनाउने तर्खरमा छन् । यसरी टिन र पक्का ईंटबाट बनेको घर बलियो र आगोबाट पनि बच्न सक्ने हुंदा उनीहरूमा यस्तो परिवर्तन आइरहेको हुनुपर्छ । यस्ता प्रकारका पक्का घर थोरै अल्पसंख्यक धनी परिवारले मात्र बनाउदै गइरहेका छन् तापनि परिश्रमशील अरू थारूसमुदायले पनि नबनाउलान् भन्न सकिदैन ।

थारूहरूले आफ्नो घर बनाउंदा गामतीको सहयोग लिन्छन् । उनीहरूले जंगल, बजारबाट चाहिने काठपात, बांस र खेतबाट पराल ल्याउंछन् । गाउंका सहयोगीहरूले उनीहरूका घर बनाउनामा ठूलो सहयोग गर्दछन् । कामदारलाई दिनमा खाजा खान दिने काम घरका आइमाईले गर्दछन् । उनीहरूलाई चिउरा, दही र आवश्यकता परेमा रक्सी आदि पनि खान दिइन्छ । थारूसमुदायका घरका भित्री तथा बाहिरी भाग, बरण्डा, आगन बडो सुग्धरिलो तरीकाले राखिन्छ । घरलाई दुई तीन दिन बिराएर पोत्छन् । दिनहुँ आइमाईले कूचो लगाउंछन् । भान्साका खरानी र फोहोरमैलो प्रत्येक दिन गोठको नजीकै बनाएको मलखानामा लगेर फ्याक्दछन् । उनीहरूको घरका भान्सामा धेरैजसो घरमा चूलाको धूवां बाहिर जाने बाटो हुँदैन । यसको कारणले गर्दा चूलामाथि अर्थात् भान्साकोठामाथि बाक्लो कालो मोसो जमिरहन्छ र धेरै माकुराका जालहरूले पनि सताउन थाल्दछन् ।

घरमा भएका आफ्ना सरसामानहरू

समयको गतिशील व्यवधानले थारूसंस्कृतिका क्रमिक विकासको साथसाथै उसका आफ्ना घरमा भएका सरसामानहरूको पनि संचयमा र जगेर्नामा ठूलो प्रभाव पाऱ्यो । धेरै वर्षअगाडि थारूपरिवारले आफूलाई अत्यावश्यक हुने अन्य वस्तुहरू पनि जोडेर राख्दैनथिए । यसो गर्नाको कारण

उनीहरूको अस्थिर निवासस्थानले गर्दा पनि हो। आज थारूपरिवारले मात्र नभई सम्पूर्ण समुदायले आफ्नो बस्ने घर, गाउँलाई दिगोरूपमा बनाइसकेका छन्। प्रथमतः विकासको क्रममा यी समूह घुमन्ते थिए। यिनीहरूले शनैः शनैः यो आदतलाई छाडिदिए र एक व्यवस्थित कृषक भै रहन थाले। घुमन्ते जीवनलाई छाडेपछि अरू प्रदेशबाट आउने व्यापारी, अरूसमुदायसंगको आपसी सद्भावना र घूलमिलताले गर्दा थारूपरिवारमा विभिन्न प्रकारका भांडा-कुंडा, चीजबीजको निकै आवश्यकता बढ्न गयो जसको फलस्वरूप आज प्रत्येक पारिवारिक जीवनलाई चाहिने सरसामानहरू आफ्नो आर्थिक व्यवस्थाले दिएसम्म उनी-हरूले जोरजाम गरेका छन्। थारूसमुदायले आफूलाई चाहिने चीजबीजहरूको लागि सम्पूर्ण रूपले अरूहरूमा निर्भर गर्दैनन्। आफूले पनि कति यस्ता वस्तुहरूको निर्माण गर्दछन् जुन उनीहरूको घरेलु जीवनका लागि अति सामूहिक र उपयोगी हुन्छन्। माथि लेखिएका सबै कुरा-हरू प्रत्येक परिवारकहाँ भने देखिदैन तर प्रायः सबै-जसोकहाँ भने पाइने गर्दछ। आफूलाई चाहिने वस्तुहरू जस्तो– वर्षामा चाहिने नूनतेल, लुगाफाटो, छाता, बीउ, मल आदि उनीहरूले आफू र आफ्ना सहोदर, संबंधी र इष्टमित्रबाट आफ्नो सामाजिक तथा आर्थिक व्यवस्था हेरेर जगेर्ना गर्दछन्।

घरेलु सामान तथा काठका वस्तुहरू

पहिला पहिला थारूपरिवारले आफ्नो अन्नपातलाई भण्डार गरेर राख्न माटाका ठूला ठूला घैटाहरू आफै बना-उने पनि गर्दथे। तर बाटोघाटोको सुविधा र विभिन्न व्यापारी मानिसहरू एवं यात्रुहरूको आवागमन र खेतीपाती-बाट आम्दानी भएको धनले धेरै वर्षसम्म टिकाउ हुने पीतल, कांस, ताँबाको भाडाकुंडा उनीहरूले जोड्न थाले। ठूला ठूला जमिन्दारकहाँ त विशेष आधुनिक स्टिलका भाडाकुंडा पनि राखिने गर्दछन्। धान राख्न बांसबाट बनेको भकारी राख्ने गर्दछन्। साधारण परिवारहरूले आफ्ना लुगाफाटा राख्न चोयाबाट बनेका बास्केटमा राख्ने गर्दथे। तर आर्थिक स्थिति बलियो हुनेले काठको र टिनको बाकसमा राख्ने गर्दछन्। उनीहरूको घरमा धान कुट्ने ढिकी, ओखली र पीठो पिध्ने जांतो पनि पाइन्छ। कुनै कुनै गाउंमा धान कुट्ने मिल पनि पाइन्छ। घुमीमा भएका मिलहरूले थारू समुदायलाई मात्र हैन अरू सम्पूर्ण त्यस भेकका निवासीहरूको लागि ठूलो महत्वपूर्ण भूमिका खेल्दै छ। त्यस्ता मिलहरूबाट उठेका अन्तःशुल्कले सरकारी राजस्वमा पनि ठूलो रकम संचय गराइरहेको छ।

माछा मार्ने जाल र शिकारका साधनहरू

थारूपरिवारका सदस्यहरू मध्ये जो पनि ऋतुअनुसार एवं समयानुसार जहिले पनि माछा मार्न र शिकार गर्न जाने भएकाले उनीहरूले आफै माछा मार्ने जाल (*Trap*), खोर र शिकारका हतियारहरू तयार पार्दछन्। मानिसले जमीनमा आफूलाई चाहिने जानवरहरूको शिकार गरेर जम्मा गर्दछ र पानीमा बस्ने प्राणीलाई जस्तै माछालाई पनि कुनै न कुनै उपायबाट जम्मा गर्दछ। थारू समुदायका माछा मार्ने जाल, खोर यी हुन्:–

(१) चौकी जाल (२) पही जाल (३) डाव जाल (४) खोडी (माछा राख्ने)।

प्रत्येक परिवारसंग माथि उल्लिखित जालहरू हुनैपर्ने भन्ने देखिदैन। हुनेहरूले अरू गाउँका भएकासंग मागेर काम पनि चलाउने गर्दछन्। तर आजभोलि प्रायः परिवार-संग यी विभिन्न किसिमका जालहरू पाइन्छन्। कसैकसैसंग अत्याधुनिक जाल पनि पाइन्छन्।

शिकारका हतियारहरूमा भाला, बन्दूक, गोला, धनु, बाण आदि छन्। तर पुराना किसिमका हतियारहरूको उपयोगिता शनैः शनैः कम भैरहेको छ। धेरै जमिन्दार र हुनेखानेहरूसंग बन्दूक भएको पाइन्छ।

कृषि औजार र अन्य वस्तुहरू

संसारका क्रियाकर्म र व्यवहारको चांजो मिलाउन र पारिवारिक जीविकोपार्जनको लागि खेती गर्नुपर्दा विभिन्न किसिमका कृषिऔजारका सामग्रीहरूको अति आवश्यकता पर्दछ। यी औजारको जन्म, आविस्कार र विकासक्रम अत्यन्त पुरानो छ। मानिसको जति जति आवश्यकता र सूक्ष्म बुद्धिमा विकासको गति बढ्दै गयो उति उति उसको कृषि पेशामा चाहिने आवश्यक औजारको पनि विकास भयो। मानिस विकासको क्रममा अगाडि बढ्दै छ तापनि थारूसमुदायमा कृषिका औजारहरूले पुरानो ढांचा र

क्रममा कांचुली फेर्न चाहिए जति सकेको छैन ।

कृषिको लागि चाहिने ज्यादै आवश्यक औजार मध्ये प्रथम हलोनै हो । थारू भाषामा हलो र गोरूलाई हरबरद भनिन्छ । त्यसपछिका औजारहरूमा कोदार (कोदाली), विदाह (फुकुस), पोस्नी, (खुर्पी) पटाहा, कचिया (हँसिया) र बंचरो आउंछन् ।

सबैजसो औजारका काम गर्ने धारहरू स्थानीय कामीहरूले बनाउने गर्दछन् । यस्ता कामीहरू बरोबर विशेष गरेर धनकुटा, तेरथुम तथा पहाडतिरबाट साधारणतया जाडो याममा गाउं गाउंमा पनि घुम्ने गर्दछन् । त्यसको बदलामा कृषि औजारको लागि सेपो, ढेकी आदि पनि प्रत्येक घरमा हुन्छन् ।

आइमाईभन्दा औजार चलाउनामा पुरुषवर्गनै शिपालु हुन्छन् । कोदाली र फुकुस जमीनको डल्लोलाई समथल पार्नामा निक्कै उपयोगी हुन्छन् । बंचरोको काम दाउरा चिर्नु हो । स्यांगी, चक्कु र चुलेसी जस्ता औजारहरू भान्सामा राखिन्छन् ।

धेरैजसो थारूपरिवारले आफ्नो घरेलु कार्यमा लाग्ने जति सम्पूर्ण कृषिऔजारका सामग्रीहरूको साथै भान्सामा लाग्ने, पकाउने, खाने भाडाकुंडा पनि प्रत्येक परिवारमा राख्दछन् । प्रत्येक परिवारको घरमा कांसका थाल, कराई, फलामका अंखोरा आदि पाइन्छन् । धनकुटामा बनेका धेरैजसो कांसका सामग्री प्रत्येक परिवारको भान्सामा देखिन्छ । आजभोलि कतिपय घरमा माटाका भाडाहरूका सट्टा फलाम, पित्तल र कांसका भांडाहरूले लिने गरेको छ । उनीहरूका धातुहरूले बनेका भांडामा बहुवा, चम्चा, तावा, बटुवा, कार्चुली, कराई, थाली, गिलास, लोटा गाग्राहरू हुन् ।

ठूला ठूला परिवार र हुनेखाने थारूपरिवारमा मात्र ठूला ठूला भाडाकुंडा राखिने गरिन्छ । ठूलो चाडपर्व र बिहाबारीमा निम्न आर्थिक स्थिति भएका परिवारले धनी परिवारसंग सापटी मागेर ठूला ठूला भाडाकुंडा लिने गर्दछन् । थारूपरिवारमा पढे लेखेकाले स्टिलका भाडाकुंडा, प्रेसर कुकर, टी सेट आदि राख्ने चलन छ ।

समयको विकासको साथै हरेक दृष्टिकोणले कोशी अंचलका थारू समुदायका गतिशील जीवनचक्रहरू पनि विभिन्न धारामा विकासको बाटोमा सम्किरहेका छन् ।

वेशभूषा र गहनाहरू

केही दशक अगाडिको मात्र कुरा हो थारूहरूले आफ्नो शरीरलाई ढाक्न ज्यादै सानो कपडाको उपयोग गर्दथे । परम्पराले बाँधिएका थारूसमूहलाई जति जति समय बित्दै गयो, जति जति बाटाघाटा र यातायातको सुविधा बढ्दै गयो उनीहरूको वेशभूषामा पनि नैसर्गिक परिवर्तन देखा पर्न लाग्यो । लोग्नेमान्छेले जंगलको आस-पास र प्रचण्ड गर्मीको कारणले गर्दा आफ्नो शरीरमा केवल लंगौटी मात्र लगाएर पनि जीवनयापन गर्दथे-होलान् । तर समय सक्किदै जांदा र वरिपरिका, पहाडका समुदायहरूसंगको घूलमिल गर्ने स्वभावले उनीहरूको दैनिक कर्म र भेषमा परिवर्तन ल्याएं । उनीहरूले लंगौटीको साटो एउटा कछाड र कमिज लगाउन थाले । थारूसमुदाय नेपालको पूर्व मेची तराईभेकदेखि लिएर पश्चिम महा-काली को तराईभेकसंममा रहन्छन् । वेशभूषामा अलिकति साधारणरूपले विभिन्नताको साथै रहनसहन, चालचलन आदिमा पनि विभिन्नता देखिन्छ । तर आइमाईवर्गमा भने लगाउने गहना र वेशभूषामा अलिक फरक पाइन्छ । पश्चिमी भागका थारूहरू जस्तो दाङ, कञ्चनपुर, धनगढी, र सुर्खेतका थारूसमुदायका स्त्रीवर्गले विशेष गरेर प्रचुर-मात्रामा लुगा लगाउंछन् । लुगाको साथसाथै गहनाहरूमा पनि उनीहरूको प्रचुर झुकाउ देखिन्छ । सभ्यताको जति जति सुवास यी वर्गले पाउंदै गए, उनीहरूलाई राम्रो लागेको प्रत्येक कुराहरू अपनाउंदै गए र कतिपय आफ्ना परम्परादेखिने प्रचलनमा आएका कुराहरूलाई उनीहरूले बिर्सदै गए ।

धनी परिवारहरूमध्ये कमीज र कछाडको प्रचलन धेरै समय अगाडिदेखि आएको छ । विशेष गरेर प्रास्टोकी, डंगराहा, सिमरिया, खनार, सिहदराहा, पालपिडारी, डोड टोलका थारूसमुदाय कुनै हाट वा बजार एवं मेला पर्वमा जानुपरेका बेलामा राम्रा राम्रा लुगा र गहना लगाएर सफा सुग्घर भएर आउंदछन् । आजभोलि धेरैजसोले आफ्नो शिरलाई टोपीले ढाकेर जाने गर्दछन् । गर्मीको समयमा बाँस कसैले टोपी, कसैले परालको हयार पनि लगाएर जान्दछन् । थारूस्त्रीहरूले ५।६ हातको अंचरा र खांडको

मात्रा लगाउने जमाना गइसक्यो । यो अंचरा घुंडामुन्ति-रमात्र पुग्दथ्यो । छातीलाई अर्को एक टुक्रा अचरालेढाक्दथे तर आजभोलि उनीहरूले चोलो पनि लगाउन थालेका छन् । लुंगी जस्तो ५।६ हातको कालो वा बुट्टेदार कपडा उनीहरूले कम्मरदेखि तल गोडासम्म लगाउंछन् । गहना सानो ठूलो भन्ने भावना साधारणतया छैन । सबै काम गरेर परिश्रम गरेर खान्छन् । तर आजभोलिको बदलिदो सांसारिक व्यवहारमा शताब्दियौंदेखि जमिन्दार भएर कतिपय थारूपरिवारलाई शोषण गरी बसेका केही परिवारमा भने ठूलो हुं भन्ने भावना देखिन्छ । यस्ताका परिवार र छोराछोरीले यूरोपियन भेष लगाउन थालेका छन् । प्रत्येक थारूआइमाई आफ्नो जीउमा ठोप *(Tatooing)* गरिराखेको हुन्छ । यस्तो गरेर प्रायः स्त्रीहरू बजार हाटमा गएको देखियो । यो एक शृंगार हो । यसको अतिरिक्त ठोप गराउनामा धार्मिक आधार पनि छ । मानिस मरेर जाँदा उनीहरूको शरीरमा भएका सबै गहना झिकिन्छ अर्थात् खतम गरिन्छ तर ठोप गरेको भएमा यो झिक्न मिल्दैन अतः ठोप गर्नुको मुख्य कारण साधारणतया शृंगार र सुन्दरताको लागि नभएर एउटा स्त्रीको लागि मर्दासेरि-सम्म रहने गहना एवं शृंगार पनि हो ।

अधिक लोग्नेमान्छेहरू खालीखुट्टानै हिंड्दछन् । तर पढेलेखेका र स्कूलमा पढ्ने केटाकेटीहरू तथा धन्नीपरिवार-का सदस्यहरूले भने प्रायः जुत्ता लगाउँछन् । विराटनगर, धरान, जस्तो बिकसित शहरी क्षेत्रको नगीचमा रहने धेरैजसो थारूहरू यसपट्टि पनि निक्कै आकर्षित छन् भन्नामा अत्युक्ति नहोला ।

थारू पुरुषवर्गले आफ्नो जातीय नृत्य गर्दा आइमाईको भेष र गहना लगाएर नाच्ने गर्दछन् । होलीको समयमा पुरुषवर्गले सातो पगरी लगाउँछन् । यो पगरी विवाह हुँदा लगाइने विशेष वस्त्र पनि हो ।

उन्नतिशील र आधुनिक ढाँचामा अवतरण गरिसकेका परिवारहरूले यूरोपीय कपडा लगाउन थालेका छन् तापनि घरका नारीवर्ग भने पुरानै वेशभूषामा बसेका छन् ।

थारूसमुदायका पुरुष र केटाहरूले आफूलाई गहनाको शृंगारबाट निक्कै टाढा राख्दै आएका छन् । तर अगाडि अगाडि साना केटाहरूले चांदीका मुन्द्रा कानमा झुलाउने गर्दथे ।

थारूसमुदायका प्रायः सम्पूर्ण आइमाईजातिले आफ्ना शरीरका विभिन्न अंगलाई चांदीका गहनाहरूले सिंगार्न अति मनपराउँछन् । साना साना केटीहरूदेखि लिएर तरुनीसमूहका प्रत्येक परिवारका सदस्यले आफ्नो टाउका-देखि खुट्टासम्म गहनाले सिंगार्ने गर्दछन् ।

थारूकेटीले आफ्नो नाकमा नथिया लगाउँछे । घाँटीमा लगाउने गहनालाई हंसुली भनिन्छ । त्यसपछि घांठीमा टक्का हार लगाउछन् । पुराना पुराना चांदीका रुपैयाँले बनेका यी टक्का हार प्रत्येक हुनेखाने परिवारमा हुन्छ । साना साना चांदीको बुट्टाले पातलो गरी कुंदी बनाएको अर्को गहना हुन्छ जसलाई चन्द्रहार भनिन्छ । खुट्टामा लगाउनेलाई पैरी भनिन्छ । यसैगरी बाहुमा लगा-उने गहना मध्ये पात भन्ने गहना पनि महत्वपूर्णको छ । पैरीसंगसंगै लगाइने अर्को गहना हुन्छ जसलाई झालर भनिन्छ । त्यसै गरी गलाबाट छातीसम्म लट्काएर चयन-हरा, सतेहास, जीरहार लगाउंछन् ।

त्यसैगरी नाडीमा करीब करीब आधा किलोग्राम वजनको ठोका लगाउँछन् । अविवाहित नारीले खुटला नाकमा लगाउंछन् । आजभोलि विभिन्न देशका मान्छेहरू र अर्को भेकका स्वदेशी वन्धुहरूसंगको बढ्दो घूलमिलताले गर्दा थारूसमुदायका आइमाईहरूको चाह सुनबाट बनेका विभिन्न गहनामा चाख बढेको छ ।

थारूका धेरैजसो केटीहरूले औंलामा चांदीको अंगूठी लगाउँछन् ।

लोग्नेमान्छे र आइमाईहरूले आफ्नो शरीरको विभिन्न भागमा ठोप *(Tatooing)* गराएका हुन्छन् । तर यस ठोप लगाउने कार्यमा लोग्नेमान्छेभन्दा स्वास्नीमान्छेमा बढी अभिरुचि पाइन्छ । विवाहित र अविवाहित केटाकेटी-हरूले जसले पनि ठोप लगाउन हुन्छ । प्रायः लोग्नेमान्छेले आफ्नो हातमा आफ्नो नाम ठोप गरी अंकित गरेका हुन्छन् । आइमाईले भने आफ्ना पतिको नाम अथवा विभिन्न प्रका-रका फूल, चरा आदिको चित्र अंकित गरेको पाइन्छ । कहिलेकहीं उनीहरूको हातमा शिव, हनूमान्, भीमसेन, चन्द्रमा आदिको नामांकित गरिएको भेटिन्छ ।

थारूका दैनिक जीवनमा उपयोग गरिने विभिन्न सिका-

यहरूको तथ्यको अनुसन्धानको विशुद्ध रूपले विश्लेषण गर्दा यी समुदायले आफ्ना पुरानो घुमन्ते स्वभावलाई केही वर्ष अगावैदेखि एक व्यवस्थित कृषक भई आफ्नो घरजम बसाएका हुन् भन्न सकिन्छ । यसरी परिवर्तन भइराखेको कारण र विभिन्न भाषीय व्यक्तिहरू र अरू समूहको रीतिस्थिति, पूजाआजाको संमिश्रण, उनीहरूको घूलमिल गर्नाले बढिरहेको छ । तसर्थ स्वभावतः उनीहरूको परम्परागत जीवन र संस्कृतिमा शनैः शनैः अरू समुदायको छाप पर्दै जानु स्वाभाविक पनि हो ।

मानवीय समूहलाई आर्थिक गतिविधिको आधारमा अनुसन्धान गरेर उनीहरूको व्यवहार र सामाजिक परिपाटीको विभाजन गर्न अत्यन्त सजिलो पर्दछ । सामाजिक जीवन मूल जीवनोपार्जनको आधारशिला आर्थिक परिस्थितिनै हो । यसबाट कुनै ठाउँका निवासीको बसाइको तरीका र चालचलन, रहनसहन थाहा पाउन सकिन्छ । यसैको सिलसिलामा कृषि र अन्य कार्यको विवेचना हामीले गर्न सक्दछौं ।

बितेका शताब्दीमा थारूसमुदायको मुख्य व्यवसाय आर्थिक तथा जीविकोपार्जनका लागि अपनाइने उपायहरू धेरथोर पुराना किसिमका भईकन पनि शिकार गर्ने, माछा मार्ने, जंगलका आसपासका फलफूलहरू जम्मा गरेर दैनिक खानाको लागि उपयोग गर्ने प्रकारको थियो । कृषिमा उनीहरूको पुरानो तरीका अपनाइने गर्थ्यो । आजका जस्ता वैज्ञानिक मल र औजारबाट कृषकहरूले केही उपायहरू पनि सोच्न सक्दैनथे । विकासका क्रममा यति लामो अवधिसम्म सम्पूर्ण मोरङ र सुनसरी जिल्लाका थारूकिसानहरू जुन रूपले आशावादी भएर अगाडि बढिरहेका थिएहोलान् त्यसको असर आजसम्म पनि पाइन्छ । आजभोलिका थारूकिसानहरूले पनि वैज्ञानिक कृषिऔजार र बिउ, मल पाउन आपनो क्रय शक्ति ज्यादैनै कम भएको अनुभव गर्दछन् र उनीहरूलाई किनेर ल्याउन अति आर्थिक कठिनाइ पर्दछ । जे होस् तापनि आज यी संमिश्रित पेशाले दिन कटाइरहेका थारूपरिवारहरू सम्पूर्णरूपले आपनो जीविका कृषिमा निर्भर गर्दछन् ।

आजभोलि थारूहरूले आफ्ना गाउंको नजीकै वा राजमार्गको छेउछाउमा लाग्ने हाटमा बजारको आफ्नो घरमा बनेका डोका, डाला, फलफूल, परेवा, माछा आदि र अन्न बेचेर आफ्नो दैनिक जीवनलाई चाहिने नूनतेल लुगाफाटोहरू किनेर लैजान्छन् । यी सबै अतिरिक्त आम्दानीको साथसाथै पनि जनसंख्याको अनुपात र प्रत्येक परिवारले कृषिको लागि दिएको समयको अनुपात हेर्दा उनीहरूको मुख्य पेशा त कृषिनै हो भन्न सकिन्छ ।

थारूसमुदायहरूको जीविकोपार्जनका उपायहरू मुख्यतः कृषि अर्थात् खेतीपातीबाट उब्जेका बर्सेनि हुने अन्नहरू हुन् । त्यसरी घाम, पानी, हिलो र प्रचण्ड वातावरणको अतिरिक्त पनि उनीहरूले गरेको परिश्रम खेर जान पाउंदैन । तर आकाशवृष्टिको भर पर्नुपर्ने भएकोले कहिलेकहीं खेती गर्नेहरूको लागि यो जूवा जस्तो पनि हुन्छ । तर अपुग्दो नहर, सिचाइ र अप्राप्य वैज्ञानिक साधन धेरै ठाउँमा गाउलेहरूलाई त्यसको चाहना र आशा बढाउँदै लगिरहेको छ । धेरै कालक्रमको व्यवधानबाट आश्रित भएर एउटा आफ्नै पाराको आर्थिक समुन्नतिको प्रयासमा लागेका लाखौं लाखौं थारूकृषकहरू सरकारी पक्षबाट लाभान्वित हुन अति लालायित पाइन्छन् ।

आर्थिक व्यवशायको विभाजन यसको सफलताको लागि प्राकृतिक व्यवधानसंगको संतुष्ट दैनिक गाउँले तथा ग्रामीण जीवनसंगको घूलमिल गर्ने स्वभाव सम्पूर्ण परिवारको आर्थिक व्यवसायको लागि चाहिने सहयोग र एकता, पैसाको आम्दानी र खपत गरेर दैनिक जीवन निर्वाह गर्नाको खातिर चाहिने नूनतेल, लुगाफाटो, खेतीपाती गर्दा अपनाइने परम्परागत संस्कार र धर्मकर्म, भूतप्रेत, धामी झांक्री आदिको प्रभाव, बेचविखन र किनमेल गर्ने तरीकाहरू, प्रभावकारी सहानुभूति र गाउँलेहरूको मेलमिलापनै थारूसनुदायको आर्थिक तथा सामाजिक निकायहरूको सफलताका पक्ष हुन् भन्न सकिन्छ ।

थारूजातिको अधिकमात्रामा पहाड र तराईका विभिन्न सुसंस्कृत समुदाय र कट्टर हिन्दू तथा बौद्धमार्गीसंगको मेलमिलापको कारणले गर्दा धेरै परिवर्तन आउनु स्वाभाविकै पनि हो । मानिस सामाजिक प्राणी हो र उसको भित्री आत्मा, आवेश, उमंग, उत्साह, समूहको प्रेरणा, सद्भावना र प्रेमबाटनै उद्बोधन भएर आउंछ । विभिन्न मानिसहरूसंग सजिलैसंग मिलेर बस्न सक्ने थारू-

समुदायका धेरै युवक युवति पढेर स्कूलका प्राध्यापक, शिक्षक, श्री ५ को सरकारका कर्मचारी आदि पनि बनेका छन् । यी सरल र गंभीर राष्ट्रियता भएका अनन्तकाल-देखिका नेपाल आमाका संतानहरू आज पनि विभिन्न पक्ष-मा गएर देशको विकासमा लागिरहेका छन् ।

शिक्षा पेशा होस् अथवा खेती होस् वा डोरी, डोको तथा अन्य साधनहरूको उत्पत्ति गर्न जुन आजभोलि बढ्दो औद्योगिक विकासको क्रम भइरहेको र कोशी अंचलका मोरङ र सुनसरी जिल्लाहरू देशको एक प्रमुख औद्योगिक स्थान भएकोले धेरथोर थारू समुदायहरू पनि विभिन्न कलकारखानामा काम गर्न थालेको देखिन्छ । त्यसबाट प्राप्त भएको धनले पनि आर्थिक स्थितिलाई दरिलो बना-उन ठूलो भूमिका खेलिरहेको हुन्छ ।

कृषि पेशालाई केन्द्रीभूत पारेर थारूजातिको अर्थ-तन्त्रमा माथि उल्लिखित कुराहरूको ठूलो महत्वपूर्ण स्थान छ भन्नुपर्ने स्वाभाविक विकासको क्रम हुन आउँछ ।

प्रतिकूल भौतिक वातावरणमा (*Physical environment*) सिमरिया, वसन्तपुर, प्रास्टोकी, दुहवीका पूर्व तथा पश्चिम, दक्षिण, उत्तरका थारूसमूह खनार तथा सिद्धराहा एवं मोरङ्गको पूर्वी सिमाना तथा रंगेलीको आस-पासका गाउँहरूमा यत्रतत्र छरिएर अनेकौं वर्षदेखि बसो-बास गर्दै आएका थारूकिसानहरू आफ्नो दैनिक जीवनमा प्राप्त भएका सीमित साधन र सुविधाहरूलाई कार्यान्वयन गरेर आफ्नो समुदायलाई बचाइराख्ने अटूट प्रयास गरि-रहेका छन् ।

उनीहरूले किसानको जीवनमा चाहिने आवश्यकता-लाई नियालेर हेरेर मुख्यतः कृषिकार्यको वार्षिक चक्रलाई समयानुसार उपयोगमा ल्याउने गरेको पाइन्छ । परिवर्तन-शील वार्षिक ऋतुलाई उनीहरूले अनुभवको आधारमा कुन याममा कुन अन्न उब्जाउन सकिन्छ भन्ने विचार गरेर समय समयमा आफ्ना जग्गाजमीनमा खेती गर्ने गर्दछन् । थारूहरूको मुख्य आयको श्रोत जुटको खेती पनि भइरहेको छ । विराटनगरमा खोलिएको श्री ५ को सरकारको जुट विकास समितिका जे. टी. ए. र व्यवस्थाले गर्दा कोशी अंचलका विभिन्न पंचायतहरूमा जुटको खेती गर्न उत्सुकता देखाएको देखिन्छ । तर जुट विकास समितिका कार्य संपा-दनमा छिटो छरितोपना देखिएन जसको कारणले गर्दा किसानहरू यस्तो डरलाग्दो जुट खेतीमा हाम्फाल्न मान्दैनन् । यसको कारण के हो भने जुट खेती गर्नाको लागि प्रशस्त परिश्रमको खर्च र समयको साथसाथै अत्यन्त लगन-शीलताको आवश्यकता पर्दछ । त्यसको अतिरिक्त आफूले नजानेको वैज्ञानिक मल राखेर खेतको माटोको उब्जाउने शक्ति कम हुन्छ भन्ने पुरानो धारणाले गर्दा यस प्रकारको आर्थिक लाभ हुने कार्यमा लाग्न हिचकिचाएको पाइयो । जुटको पैठारीले प्रशस्त आय हुने संभावना भएको देशको यस भेकलाई अरू बढी छिटोछरितोसंग बुझाउने र श्री ५ को सरकारले दिएको ऋण र सुविधाहरूको आवश्यकता देखिन्छ । यस भेकमा श्री ५ को सरकारका विभिन्न कृषि-फार्मका उन्नत बिउ, वैज्ञानिक मल र कृषिप्रसार अलिक प्रभावशाली बनाउनुपर्ने देखिन्छ । यसो गर्नाले जनसंख्या बढिरहेको यस भेकका सम्पूर्ण मध्यम वर्गीय समुदायलाई भविष्यसम्म राम्रो हुनेछ भन्नु अत्युक्ति नहोला ।

चैत वैशाखतिर खास गरी वर्षाका भयंकर रूपमा बढ्ने खोला तथा नदीहरू यसै वेलामा सुकेर साना साना हुन्छन् । यस भेकमा बग्ने खनारनदी, बूढीखोला, गाछियानदी, टोरा-हाखोला, सिडियानदी, नहनदोजरानदीहरूमा त्यति वेला माछा मार्नालाई सजिलो पर्छ र त्यतिनै बेला प्रत्येक परि-वारले चाहेका वेलामा माछा मार्ने कार्य शुरू गर्दछन् । यसरी जम्मा गरेका माछा अनि घरमा पालेका कुखुरा, हाँस, परेवा आदि बेचबिखन गरेर पनि उनीहरूको घरायसी कार्यमा लाग्ने आवश्यकीय सामानहरू किन्ने गर्दछन् । यति वेला खेतीपाती गर्ने समय नभएकोले थारूपरिवारले प्रशस्त समय पाउंछन् र यसै समयलाई उनीहरूले उपयोग-मा ल्याउने गर्दछन् ।

यस फुर्सदको वेलामा उनीहरूले माछा मार्ने जाल, ढकिया, नाङ्लो आदि बनाउने समय पाउंछन् र यसै समयमा नजीकै जंगलमा शिकार गर्न जान्छन् । शिकार गर्ने प्रवृत्ति आजभोलि कम भएको छ यसको कारणचाहिं वनजंगल र जन्तुको संरक्षणको लागि बनाएका सरकारी कडा नियमले पनि हो ।

माघ, फागुन र वैशाखतिर साधारणतया थारूजातिको विवाह गरिने समय हो । विशेष गरेर धेरैले फागुन महीनामानै आफ्ना छोरा, छोरी, भाई, बहिनीहरूको विवाह

गराउने महीना तोकेछन् ।

परिवारमा कार्यविभाजन

थारूसमुदायका युक्क, युवति, केटा, केटीको लागि के के कार्य गराइन्छ भन्ने कुरालाई लिएर विभिन्न लेखकहरूको विभिन्न भनाइ छ । कसै कसैको भनाइ छ– थारू परिवारमा कार्यविभाजन परम्परागत चालचलन र रीतिस्थितिको आधारबाट हुन्छ । उनीहरूको समुदायमा लोग्नेमान्छेले र आइमाईले गरिने कार्य सानै उमेरदेखिनै छुट्टिन्छ । परिवारका प्रत्येक सदस्यहरूका आफ्ना आफ्ना विशेष कार्यकलाप हुन्छन् । यसरी यस समुदायमा कार्यविभाजन गाउंको र जातिको पुरानो चालचलनको आधारमानें हुने गरेको देखिन्छ । परिवारका प्रत्येक सदस्यको काम आफ्नो आफ्नो क्षेत्रमा अतिनै महत्वपूर्णको रहन्छ ।

थारूसमुदायका साना ठूला लोग्नेमान्छेहरूको कार्यविभाजनको आधार केवल मनोवैज्ञानिक, शारीरिक नभईकन आफ्नो समाजमा युगौंदेखि चल्दै आएका परम्परा, रीतिस्थिति, नियम र चलन पनि हुन् । यस्ता परम्परागत श्रमविभाजन आफ्नै पाराका भए तापनि थारूसमुदायमा आफ्नो शरीरले सके जतिनै काम गर्ने चलन देखिन्छ । प्रत्येक परिवारका सदस्यहरूको विशेष आफ्नै दैनिक काम हुन्छ । परिवारका सदस्यहरू चाहे तिनीहरू पुरुष हुन् अथवा नारीवर्ग हुन्, सबैका आफ्ना आफ्ना शरीर र स्वस्थ उमेरले भ्याउनेसम्मको काम गर्नुपर्ने हुन्छ । यस्ता कार्यविभाजनमा परम्परागत चलिआएको रीतिस्थिति, आचारविचारको महत्वपूर्ण भूमिका हुन्छ । घरका आजभोलि धेरैजसो केटाकेटीहरू स्कूल जान थालेका छन् । शारीरिक कार्य, जस्तो–हलो जोत्ने, बारीमा डल्ला फोर्ने, मल राख्ने, घर गोठ बनाउने र छाउने जस्ता बलिया कामलाई पुरुषहरूले कुनै पनि हालतमा आफैंले बनाउने गर्दछन् । आइमाईहरूले घरेलु काम, जस्तो–खाना बनाउनु, भांडाकुंडा सफा गर्नु, घरको सफासुग्घरको ख्याल गर्नु, साना नानीहरूलाई हुर्काउनु जस्ता आन्तरिक काम गर्दछन् । कुनै कुनै परिवारका आइमाईले त बाहिरबाट पानी ल्याउने मात्र होइन बरु माटाका भांडा बनाउने, घरका भित्ता गोबर र माटोले पोत्ने, भूइँमा बस्ने गुन्द्री आदि र चटाई बनाउने कार्य पनि गरेको देखिन्छ ।

कृषिको कार्यमा बिउ छर्ने, कुखुरा, हाँस र गोरूहरूको हेरचाह र पालनपोषण गर्ने काम परिवारका दुवैथरि सदस्यका जिम्मामा आउँछ ।

घरका आइमाईहरूको काम प्रत्येक दिन खाने अन्न, जस्तो धान कुट्नु, अन्नको भण्डार मिलाएर राख्नु पनि हो ।

थारूपरिवारमा केटा वा केटीले आफ्नो पुर्खाबाटनै चलिआएको परम्परागत चलनअनुसार आफ्नो कार्यविभाजनको प्रारम्भ गरेका हुन्छन् । केटाहरूलाई बाबुले गरेको जस्तो काम सानै उमेरदेखि सिकाइन्छ । केटाहरूले खेतीपातीको काममा बाबुलाई सहयोग गर्नु, घर बनाउदा, छाना राख्दा, शिकार गर्दा, पनि मदद गर्दछन् । त्यसै गरी केटीहरूले पनि घरभित्रको समस्त कार्य गर्ने गर्दछन् ।

यसै गरी परिवारका बूढाबूढीले पनि कसैले नानी हेर्ने, कसैले बसी बसी जाल बुन्ने, चटाई आदि बनाउने जस्ता अलिक कम शारीरिक परिश्रम गर्ने काम गर्दछन् । घरका प्रत्येक सदस्यको दुःख र सुखलाई मनोवैज्ञानिक तवरले सुल्झाई आजका कोशीका थारूसमुदाय निश्चय पनि सभ्यताको शिखरमा लम्किरहेका छन् ।

थारूपरिवारमा वर्षभरिमा आइपर्ने चाडपर्व र विवाह एवं मुण्डन कर्म जस्ता समयमा थारूस्त्रीहरू ज्यादै परिश्रमशील र चनाखा भएका देखिन्थे । एक थारूपरिवारको मुण्डन गर्ने अवसरमा र विवाह भएको घरमा आइमाईहरूलेनै सबै कार्यहरू खाना पकाउने, शृंगार तथा अतिथिहरूलाई खुवाउने, पियाउने व्यवस्था गरेको देखियो । मातृप्रधान (*Matrilocal*) परम्पराको केही बाँकी अंश थारूसमुदायमा स्त्रीजातिको आजसम्मको कार्यकलापबाट पनि थाहा पाइन्छ । कालक्रमको गतिले गतिशील संस्कृतिमा ज्यादै परिवर्तन भइरहेको छ । यसका कारणहरू देशमा बनेका कानून, मर्यादा र समयानुकूल परिवर्तन गर्न सक्ने यी समुदायका मनोवैज्ञानिक गुण नै हुन् भन्नु अत्युक्ति नहोला ।

कृषि

नेपाल जस्तो कृषिप्रधान देशका थारूलाई कृषिसमुदाय आफ्नो जीविकोपार्जनको रूपमा मात्र नभई कोशी अञ्चलका पूर्व, पश्चिम, उत्तर र दक्षिणमा पर्ने सयकडौं

गाउंहरू, जस्तै खनार, डंगराहा, सिद्धराहा, पालपिडारी, भालुवा. पथिरा, पकली, चादला, मथली, प्रासटोकीका आर्थिक श्रोतको मेरूदण्ड नभई कोशी अञ्चल भएका छन् । यति मात्र त के सम्पूर्ण नेपालको कृषि उत्पादन गर्ने सक्षम क्षेत्र पनि हो भने अत्युक्ति हुनेछैन यस क्षेत्रलाई ।

सिंचाइ र वैज्ञानिक किसिमको बीज, मलको अभावमा भए पनि यस भेकका प्रायः सम्पूर्ण थारूसमुदायको वर्षभरिको जीविकोपार्जनको प्रधान श्रोत कृषि हो । साधारणतया नब्बे प्रतिशत परिवारका स्त्रीपुरुषहरू वर्षभरिनै जमीनको खेतीपातीको लागि तयार रहन्छन् । यी कृषकहरूले लामो पुरानो ढंगको खेतीपाती गरिरहे पनि आफ्ना रूढीवादी विचारलाई छाड्न नसके पनि आधुनिक बीउ, मल र वैज्ञानिक विचारधाराप्रति प्रचुर मात्रामा अभिरुचि देखाएको देखिन्छ । उनीहरू परिश्रमशील छन् । कृषि क्षेत्रको कुरामा र उत्पादन वृद्धि गर्ने कुरामा राम्रो बीउ, जमीनको राम्रो जोताइ, मल र प्रशस्त भागमा पानीको उपलब्धि, चाहिने समयमा गर्नुपर्ने हेरविचार, हावापानी आदिको विषयमा उनीहरू अतिनै चनाखा भएको पाइन्छ । कोशी अञ्चलका असंख्य गाउंहरूमा बसोबास गरेका थारूसमुदायलाई पहाडमा बसोबास गरेका अन्य समुदायहरूलाई झैं जमीनको अभाव नभएको थियो तापनि सम्पूर्ण क्षेत्रको बढ्दो जनसंख्या ठुण्ड परिवार अर्थात् संयुक्त परिवारको विखण्डता, आर्थिक बोझ, नगरी वातावरण, राम्रो यातायातको सुविधा र भूमिसुधार जस्तो महान् क्रान्तिकारी कदमले गर्दा आजभोलि भने एकै ठाउंमा खेती गर्न दिएको देखिदैन । तैपनि पर्याप्त मात्रामा जमीनको उपयोग गर्नाको लागि, खेतीपाती गर्नको लागि थारूपरिवारका ठूलो सख्या पानी भएको जग्गा र बढी उब्जनी हुने जमीनमा बसोबास गरिरहेको पाइन्छ ।

यस क्षेत्रतर्फका जमीनलाई बूढीखोला, गछियाखोला, मोदाहा, टेडराहा, सिडिया, नहदोजरानदी जस्ताले सिंचाइमा युगौंदेखि टेवा दिंदै आइरहेका छन् ।

पर्याप्त जमीनको अभाव नभए तापनि भूमिसुधारको केही प्रभावले गर्दा होला यस भेकका थारूपरिवारको जनसंख्याको अनुपातमा जग्गाको कमाइ गर्नेहरूमा ठूलो घटबढ भएको देखिन्छ । विभिन्न गाउंहरूको जमीनको सालाखाला सर्वेक्षणको आधारमा कुनै परिवारको तीन, चार, पाँच बीघादेखि लिएर सयकडौं बीघा भएको देखिन्छ । यसको मुख्य कारण सामाजिक प्रगतिहीन युगमा जमिन्दारहरूले गरिएको शोषणको नतीजानै हुनुपर्छ भन्ने लाग्दछ । जनसंख्याको घनत्वको प्रतिशतमा यी समुदायका जमीन १० देखि १५ बीघा भएको अनुमान गर्न सकिन्छ ।

धानको खेती र अन्य बालीहरू

पहाडी खण्डका समूहभन्दा बेग्लै परिवेश, हावापानी र प्राकृतिक वातावरणमा युगौंदेखि कृषि पेशा अपनाउंदै आएका यस भेकका प्रत्येक थारूकृषकले मुख्यतया खेतीपातीलाईनै आफ्नो जीविका र संपत्तिको मेरुदंड मान्दछन् । यस भेकका कृषकहरूले सकभर भएको जमीनलाई उपयोगमा ल्याउनाको लागि विभिन्न बाली लगाउन धेरै चासो लिंदैनन्, तर सरकारी प्रचार र अप्राप्य सहयोगको अतिरिक्त पनि प्रायःजसो सबै कृषकले वर्षे र हिउँदे बालीमा आफ्नो खेतीपाती गरेका छन् । वर्षे बालीमा विशेष गरेर धानको उब्जनी हुन्छ । हिउदे बालीमा चना, मुसुरो, केराउ आदिको खेती गर्दछन् । थारूसमूहको प्रधान खाना भात हो तापनि सकभर गहुं, चना र आर्थिक बोझ हल्का गर्नाका लागि जुटको खेती पनि गर्न थालेका छन् ।

नेपालको सम्पूर्ण जुटको उत्पत्तिको हैसियतले हेर्ने हो भने ठण्डै पचास प्रतिशतभन्दा बढीको जुटको खेती यही कोशी अंचलमानै भएको पाइन्छ । यहाँबाट लाखौं लाखौं मन जुटको पैठारी विदेशमा हुन्छ । यसकारणले पनि हालै श्री ५ को सरकारद्वारा एक जुट विकास समितिको गठन पनि गरिएको छ । यस समितिले त्यस भेकका कृषकलाई मात्र नभई क्षापाका कृषकलाई पनि जुट खेती गर्न ऋण र बीज उपलब्ध गराउन थालेको छ । यो अवश्य पनि समयको माग हो । तर जुट विकास समितिले प्रत्येक कृषकलाई चाहिंदो सल्लाह र ऋण उपलब्ध गर्न सक्ने क्षमता छ भन्ने विश्वास जगाउन सकेको छैन । यसकारण श्री ५ को सरकारले पूर्णरूपले कृषिको उत्पत्ति वृद्धि गर्नुपर्ने अवस्थाको महशूश मात्र होइन कार्य पनि गाउं गाउंमा गई कृषकहरूको उत्साहलाई ठीक उपयोगमा ल्याउनेछ भन्ने आशा राख्न सकिन्छ ।

यस भेकका थारूकृषकहरूले आफ्ना आफ्ना जमीनमा

गहुं तथा अन्य अन्नको खेती गर्नुभन्दा धाननै लगाउन मन पराएको देखिन्छ । यसको कारण सोध्दा टुहवीनेरकै प्रास्टोकी भन्ने गाउँमा बस्ने एउटा किसानले धान रोप्नालाई सजिलो र परिश्रम कम पर्ने भएकोले त्यस भेकका किसानहरूले गहुं जस्तो बालीमा आफ्नो परिश्रम व्यय नगरेका हुन् भने । यसमा कृषि विभागले यस्ता किसानहरूलाई अझ चनाखो गराई चाहिने प्राविधिक सरसल्लाह, वैज्ञानिक मल, बीज र सिंचाइको व्यवस्था गराईकन बढी उब्जनीको माग खोलाइदिनेछ भन्ने आशा गरिन सक्छ ।

वैशाख जेष्ठ महीनादेखि धानबालीको लागि जमीन खन्न थाल्दछन् । धान रोप्ने वेलासम्म उनीहरूले जमीनलाई दुइतीन सके चारपल्टसम्म खन्नुपर्दछ । खन्दाखेरि सम्पूर्ण डल्लालाई फोर्नुपर्दछ र जमीनको सतह बराबर गरिन्छ । खेती गर्नाको लागि प्रारम्भ गरिने दिन अमावाश्या अथवा पूर्णिमा कुनै पनि दिन हुनु हुंदैन । खेत खन्ने काम औंसी र पूर्णिमामा नगर्ने चलन धेरै पुरानो परम्परागत-देखि चलिआएको चलन हो । औंसी र पूर्णिमाका दिन खेतको प्रथम जोताइ गर्दा के हुन्छ भन्ने प्रश्नको उत्तरमा सिमरिया, डंगराहा र प्रास्टोकी आदिका थारूकिसानहरूले चन्द्रमा नभएको दिन खनेमा हाम्रो उब्जनी पटक्कै हुँदैन भनेका थिए ।

पानी अलि अलि पर्न थालेपछि आकाशका काला बादलहरू यताउता छरिन थाल्दछन् । वर्षाकालको सूचना आकाशको धमिलोपन र मेघको गर्जनले दिन थाल्छ । अनि थारूमहिलाहरूले अथवा किसानहरूले धानको बिउलाई पानीमा भिजाउन थाल्दछन् । धानको बिउलाई कम्तीमा पनि एक दिन भिजाउने गर्दछन् । पुरुषहरूले खेतमा बिउ खैजान्छन् र छर्ने काम प्रारम्भ गर्दछन् । यस प्रथम बिउ छर्ने वेलामा कृषिसंबंधी पूजा गरिने पुरानो चलन छ । यसलाई बेग्लै शीर्षकमा वर्णन गरिनेछ ।

कृषिसंबंधी कार्यमा धार्मिक विश्वास र पूजा

प्रत्येक मानवसमाजको प्रधान उद्देष्य जीवन धान्नालाई चाहिने खानपीनको प्रथम व्यवस्था गर्नुनै हो । यसैको लागि प्रत्येक जाति वा समुदायले आफ्नो सम्पूर्ण परिश्रम राम्रो खेतीपाती होस् भनेरनै लगाउने गर्दछन् । जीवन धान्नाको लागि गरिने परिश्रममध्ये धान उत्पन्न गर्ने, खानाको लागि संचय गर्ने अन्ननै प्रमुख भएकोले प्रत्येक थारूपरिवारको लागि कृषिसंबंधी कार्यमा धार्मिक विश्वास र पूजा गर्ने मुख्य धार्मिक परम्परा अटूट छ भन्नु अत्युक्ति हुनेछैन ।

थारूकिसानहरूले आफूले रोपेका धान र अन्य खेतीबाट बढी राम्रो उब्जनी होस् भनेर पूजाआजा गर्ने चलन छ । धान छर्ने अथवा प्रथम बीउ रोप्ने वेलामा विभिन्न प्रकारका धार्मिक विधि तथा उपकरण गरीकन मात्र बीउ छर्ने चलन छ ।

यसको चलन आफ्नो अन्नबालीमा कसैको नराम्रो नजर, कीरा, फटेंग्रा आदि नपरून् भनेर हो ।

धान रोप्ने वेलामा पहिले बिउ रोप्ने दिनमा पूजा गरिन्छ । त्यसको पूजालाई थारूससुदाय गवपूजा भन्दछन् ।

पूजाको लागि फलफूलको प्रसादीभन्दा दही, चिउरा, पटुवाको साग, बासी भात, कच्चुको पात (एक प्रकारको रूख), पटुवाको एउटा ठूलो रूख, एक गाजल, लहसुन, सुर्ती, एक रुपियाँ, सुपारी, पान र चीनीको लड्डु चाहिन्छ ।

पूजा गर्ने तरीका

सर्वप्रथम खेतको कुनामा आलीको नगीचै सफा गरेर पांच गेडा चामल पांच ठाउमा राखेर पूजाको तर्खर गरिन्छ । त्यो पूजाको छेउमा कच्चुको बिरुवा, पटुवाको रूख रोपिन्छ । त्यसपछि पांचवटा बिउलाई पांचचोटि पूजा गर्ने किसानले आफ्नो टुपीमा छुवाएर भूइंमा रोप्दछन् । साथै टुपी छुवाउंदा चाँदीको रुपियां पनि हुन्छ । पांचओटा बिरुवा रोपेको ठाउंमा दही, चिउरा, सुपारी, पान चढाइन्छ । अनि पांचवटै बिरुवामा गाजल लगाइन्छ ।

त्यसपछि पूजा गर्ने किसान अथवा मान्छेलाई अर्कीथरि तीनचार जना मानिसहरूले घिमार्दछन् । यसो गरेको खण्डमा असल उब्जनी र खेत सम्म, मलिलो भई आफ्नो भकारी भरिभराउ हुन्छ भन्ने उनीहरूको आस्था र

गाजल लगाउनुको मतलव यही हो:– धानको बिरुवा छिटो छिटो हुर्केर धान कालो किसिमको भएर आउंछ र धानका बाला ठूला ठूला हुन्छन् भन्ने हो। पटुवाहरूको बोट जस्तै धानको बोट ठूला ठूला हुन् भनेको हो। कच्चु-को बिरुवा राखेमा धानमा कीरा लाग्दैन भन्ने चलन छ। स्यसैले यसलाई पनि राखेको हो। यो राखेको धानको बिरुवा तुरुन्त हुर्कन थाल्छ भनेर हो।

चाँदी अथवा स्थानीय भाषामा रोपा टुपीमा राखेको कारणचाहि धानको बाली राम्रो भएर चाँदीझैं किमती होस् भनेर हो।

तराई प्रदेशमा पहिला जमानादेखिनै प्रशस्त जंगल भएकोले बालीमा कीरा आदिको ठूलो संभावना रहन्थ्यो। स्यसै कारणले गर्दा सुर्ती राख्ने चलन भएको हो। सुर्ती राख्नाले कीरा नाश हुन्छ भन्ने उनीहरूको धारणा छ।

न्वागी खाने उत्सव

न्वागी खाने उत्सवले त्यहाँका निवासीहरूको आर्थिक व्यवसायको महत्वलाई दर्साउंछ। खेतमा जति जति धान हुर्कंदै जान्छ उति उति थारूकिसानहरूको घर परिवार-मा उत्साह र आनन्दको लहर आउन थाल्छ। बालीलाई काट्नुभन्दा अगाडि धानको बाला लटरम्म प्रौढ भइसके-पछि दुई चार ठुप्पा थारूकिसानले काटेर ल्याई धान ठुन् राम्रो होस् भन्ने आशा राख्दै आफ्नो कुलदेवतालाई चढा-उंछ र आशीर्वाद माग्दछ।

नव अन्न धामीलाई राम्रो दिन जंचाएर कसैले घरमा भित्र्याएर खान्छन् भने कुनैले जो हिन्दूपरिवारसंग धेरै संबंधमा आइसकेको छ, ले ब्राह्मण पुरेतलाई दिन देखाएर यस उत्सवलाई मनाउने गरेको पाइन्छ।

त्यस दिन घरमा स्त्री वा पुरुषले केही धानका बाला काटेर ल्याउँछन् र कुलदेवताको अगाडि चढाउंछन्। त्यस-पछि धानलाई बालाबाट छुट्याउंछन् र पिस्छन्। अनि पिसेर पीठो बनाउंछन् र मोटा मोटा रोटी बनाउं-छन्। त्यसपछि यसरी पकाएको नयां चामलको पीठोको रोटीलाई आफ्ना कुलदेवतालाई छुट्याउंछन् र आफूआफू-मा र अन्य इष्टमित्रलाई दिने गर्दछन्। यति गरिसकेपछि मात्र बालीको कटाइको प्रारम्भ गरिन्छ।

थारूससुदाय झापाका धिमाल, राजवंशी, माझी आदि समुदाय झैं पूर्णतया कृषिबाट उब्जेका वस्तुहरूमानै आफ्नो जीविका गर्ने किसान भएकाले असोज, कार्तिकको धान काट्ने समय उनीहरूको लागि बडो रहर लाग्दो समय हो।

प्रत्येक थारूपरिवारका सदस्यहरू आइमाई, लोग्ने-मान्छे, केटाकेटी, युवक, युवतिलगायत सबै हातमा हंसिया लिएर खेतमा धान काट्न निक्लन्छन्। धानलाई लहरै काटेर कसैले त्यही खेतमा कुरेर बस्ने गर्दछन् भने कसैले काटेको धानलाई घरमा ल्याउंछन् र मचानमा राखेर जम्मा गर्दछन्। अनि दांई गरेर धान बत्ताउंछन्। दांई गरिसकेपछिको पराललाई एक ठाउंमा जम्मा गरेर राख्दछन्। यी परालका भारीले अर्को वर्षसम्म गाई-वस्तुलाई आहाराको ठूलो भर दिन्छ। धान बनाउदालाईनै जमीनको अनुपात हेरी प्रत्येक परिवारले अर्को सालको लागि बिउ राख्दछन्। यसप्रकारको बिउ माटो, गोबर र परालले बाहिरबाट ढाकेर बनाइएको हुन्छ। त्यस बिउ राखिएको गोलाकार वस्तुलाई बिउ राख्ने घर भनिन्छ।

धान सफा गरेर बोरामा राखिन्छ। त्यसपछि आफ्नो परिवारलाई चाहिने जति भकारीमा राखेपछि मौका हेरी बेच्ने गर्दछन्। कोशी अंचलमा मात्र होइन नेपालको संपूर्ण तराई भेकका किसानहरूको पैसा कमाउने समय यति वेलानै हो। धेरै खेत भएकाहरूको लागि बर्सेनि धान-ले ठूलो रकम हात लगाइदिन्छ। तर केवल २।४ बीघा हुनेलाई भने वर्षदिनको हातमुख जोड्ने समस्या र चाड-पर्व पनि एक समस्या बन्छ।

धानलाई बेचेर जम्मा पारेको रकमबाट साधारण किसानलाई आफ्नो चाडपर्व, परिवारको कुनै सदस्यको जन्म, मृत्यु, विवाह आदि गर्दा यसैको बेचबिखनबाट जोडि-एको रकमको सदुपयोग गर्नुपर्दछ।

यसरी हिउंदे बाली लगाउने समय आउंछ। किसान-

हरू खूब कम मात्रामा गहुँखेतीतिर लाग्दछन् ।

घरका पाल्तु वस्तुहरू

कृषि पेशालाई आफ्नो जीवनोपार्जनको प्रधान अंग मान्ने यस भेकका थारूसमुदायका लागि घरका पाल्तु वस्तुहरूको ठूलो आर्थिक आय तथा कृषिको लागि चाहिने परिश्रमको ठूलो सहयोग यी गाईवस्तुहरूले दिने गर्दछन् । महत्वपूर्ण र राम्रा गोरुहरूलाई बेचेर थारूपरिवारलाई यसको बिक्रीपछि पनि ठूलो आर्थिक लाभ हुन्छ । विशेष गरेर यस भेकका किसानहरूलाई यस्ता पाल्तु वस्तुहरूले मलको मात्र काम नदिई खेतलाई जोत्ने काममा पनि सहयोग गरिदिन्छन् ।

प्रत्येक परिवारका गोठमा २।४ जोडा गोरुदेखि लिएर ठूला ठूला परिवारमा ६।७ जोडासम्म भएको देखिन्छ । गोरु, गाई, बाच्छा, बाच्छी, कुखुरा, बाख्रा, हांस एवं परेबालाई यिनीहरूले बडो जतनका साथ पाल्दछन् ।

हाँस र परेवा प्रत्येक घरमा पालेको देखिन्छ । यसरी घरमा पाल्तु वस्तुहरूको संख्या परिवारको जग्गाको अनुपातमा धेरै र थोरै भएको पाइन्छ ।

यसरी गोरुका जोडीले खेतीमा मात्र नभई एक गाउंबाट अर्को गाउंमा अन्नपात, मान्छेहरू र ढुवानी गर्ने काममा धेरै सहयोग गर्दछन् । गाउंका प्रायःजसो घरमा एक जोडा गोरुलाई लडिया तान्नको लागि राखिने गर्दछ । यस भेकमा लडिया तान्ने काम रांगाले पनि गर्दछन् ।

यातायातको सुविधा नभएको, तर एक गाउंबाट अर्को गाउँमा जान बनेका कच्चा सडकबाट यस्ता लडिया अनेकौं बिहान र बेलुकी लगेको हामीले देखेका थियौं ।

घरमा भएका अन्न, फलफूल आदिको बिक्री गर्ने धेरै थारूपरिवारहरू टाढा टाढाका गाउंबाट दुहुवीको बजार (हाटमा) प्रत्येक बुधवार आउने गर्दछन् । यसरी परिश्रमको ठूलो भार यी वस्तुहरूबाट व्यय गरिएको देखिन्छ ।

माछा मार्ने सोख

बर्सादको भेलपछिको खेतीपातीको बोझको थकाइले चूर भएका थारूपरिवारका प्रत्येक सदस्य हिउंदमा ठाउं-ठाउंमा खोलानाला, नहर, पोखरीमा जम्मा भएको गहीरो पानीमा माछा मार्नाको लागि जाल लिएर निस्कन्छन् । धेरै गहीरो पानीमा माछा मार्ने काम थारूस्त्रीबाट हुंदैन् । केटाकेटीहरूलाई पनि सकभर गहीरा नदीनाला र खोलामा माछा मार्न मनाई गरिन्छ । केटाकेटीहरूले बढ्ता प्रयोग गर्ने जाल डाव जालनै हो । थारूसमुदायमा प्रचुरमात्रामा माछा मार्नाको लागि उपयोगमा ल्याइने जालहरूमा क्रमशः भेड जाल, चतर जाल, टप्पा जाल, पही जाल र छाटी जाल हुन् । समयको बर्दलिदो रफ्तारमा आजभोलि माछा मार्ने प्रक्रियामा पनि अभिन्न रूपमा परिवर्तन आइरहेको छ । लोग्नेमानिसहरूले विभिन्न ऋतुमा विभिन्न परिस्थिति हेरी विभिन्न प्रकारका माछा मार्ने जालको प्रयोग गर्दछन् । माछा पक्रने उपायमध्ये साधारण हातले टिप्ने हुन्छ । नदी र खोलाहरू बढिराखेको वर्षाकालमा भने बडो चलाकीपूर्वक जाललाई फ्याक्नुपर्छ । बढेर आएको नदी अथवा खोलाको प्रवाहमा एउटा थारूसदस्यले आफ्नो डाव जाल बिस्तारै राख्दछ । यसरी भित्रबाट नदीको भेलसंगै आएका ससाना माछाहरूचांहि डाव जालभित्र पर्दछन् । यसरी जम्मा गरेर समातेको माछालाई घर ल्याउंछन् । कुनै कुनै परिवारले माछालाई हाट बजारमा परेबा, अन्न, फलफूल, तरकारी आदि बेच्न लगेर्छ लग्दछन । थारूपरिवारमा आजभोलि माछा मार्ने तरीकाको लोप भैरहेछ । माछा मार्नालाई पनि आजभोलि केटाहरू स्कूल जान थालेकोले उनीहरूले शनैः शनैः छाडिदिन थालेका छन् ।

कहिलेकहीं माछा मार्दा ठूलो रकमको लाभ पनि हुन्छ । त्यसैले आदिकालदेखि चलिआएको सोखलाई उनीहरूले आर्थिक लाभको दृष्टिले गर्दा पनि छाड्न सकेका छैनन् ।

शिकार

पूर्वकालदेखिनै थारूपरिवार शिकार गर्ने चतुर थिए । आफ्नो बस्ने थलोवरिपरिनै प्रचुरमात्रामा जंगल हुनाले उनीहरूलाई जंगलका जन्तु जनावरहरूको कमी थिएन । तर आजभोलि बढ्दो जंगलको नाशले गर्दा र श्री ५ को सरकारको कडा नियमले गर्दा जंगलमा शिकार खेल्ने पुरानो अभ्यास यिनीहरूले छोड्दै आएको देखिन्छ । केही

परिवारले अझै पनि शिकारको क्रियाकलापलाई छाड्न सकेका छैनन् ।

थारूहरूले शिकार गर्नाको लागि धनु र कोंड प्रयोग गर्दैनन् । धेरैजसोले बन्दूकको प्रयोग गर्दछन् । बन्दूकहरू तराईको धेरै परिवारमा श्री ५ को सरकारबाट प्रमाणपत्र लिईकन राख्ने गर्दछन् । बन्दूकको प्रमाणपत्र दिन केही वर्षउता सरकारको नियम हल्का थियो । कारण त्यस प्रदेशमा जंगलमा डर लाग्दा जानवर मात्र नभएर डर-लाग्दा डांकाहरूको पनि उपस्थिति थियो । नेपालको तराई-मा यी डांकाहरूले निकै मात्रामा आतंक मच्चाएका थिए र छन् पनि । तर थारूसमुदायको सरकारप्रतिको सहयोगले गर्दा र सचेतनाले डांकाहरूको भयबाट कम दुःख भएको देखिन्छ ।

आजभोलि थारूकिसानले आफ्नो तन, मन, धन केवल कृषिलाई दिएका छन् । तसर्थ शिकार गर्ने प्रवृत्ति प्रायः समाप्त भइरहेको छ ।

कोशीक्षेत्रको जंगलको फडानी र माटो

समथर भूमिमा यस क्षेत्रको घना जंगलको बर्बादीले गर्दा त्यहाँको माटोमा दिनप्रति भइरहेको असरको बारेमा धेरैलाई थाहा भएको छ । विशाल विशाल रूखहरूका जराहरू माटाको तल्लो भागसम्म पुगेर चारैतिर फैलिएका हुन्छन् । यी रूखहरूलाई मनपरी तरीकाले काटेर, आगो सल्काएर नास्दा ती जराहरूसमेत उखेलिएका रूखहरूले उक्त ठाउंको भूभागलाई अस्तव्यस्त गरेको हुन्छ ।

यहांको माटो कृषिको लागि योग्य छ । कुनै पनि बालीको लागि उत्पत्तिशील माटो चाहिन्छ । यहांको माटो प्राकृतिक रूपले नै राम्रो छ । खेती गर्नालाई त्यहांको माटो नरम र मलिलो भएकोले एकै दिनमा प्रचुरमात्रामा खेत जोत्न पाउने फाइदा हुन्छ । अनेकौं वर्षदेखि जम्मा भएका जंगलका रूखपात र साना साना ऊयाउहरूले मल-को रूपमा काम गर्दछन् । तसर्थ यस भेकको माटाको संर-क्षणको लागि पनि अविलम्ब जंगललाई नाश गर्ने कुरादेखि बचाउनुपर्ने देखिन्छ । त्यसो नगरेको खण्डमा ठूला ठूला रूखका छरिएका जराहरूले माटो उप्काएर किसानहरूको खेतीको लागिनै हानि गर्ने संभावना देखिन्छ ।

सामाजिक जीवन र संगठन

नेपाल अधिराज्यका सम्पूर्ण दक्षिणी भागमा अनादि कालदेखि आफ्ना सामाजिक जीवनमा थारूसमुदायले अनेकौं त्यस्ता उथलपुथल बेहोर्नुपऱ्योहोला, त्यसको वर्णन र टिप्पणी कुनै पनि लिखित रूपमा हामीले प्राप्त गर्न सकेका छैनौं । यदाकदा विद्वान्वर्गबाट थारूसमुदायको बारेमा उल्लेख गरेर अनुसन्धान गर्नेहरूको लागि ढोका भने अवश्य घचघच्याइदिनुभएको छ । यो निश्चय पनि प्रेरणादायक तथ्य हो । नेपालमा बसोबास गरिरहेका थारूसमुदाय एउटै प्रधान हाँगाबाट उत्पत्ति भएका भए पनि कालक्रमको गतिले गर्दा यत्रतत्र छरिएर बसोबास गर्नुपरेको हो भन्ने लाग्नु अस्वाभाविकता देखिदैन । देश, काल र सामाजिक उथलपुथल राष्ट्रको इतिहासको पानामा धेरै भइरहन्छ । कोशीका थारूसमुदाय पश्चिमाञ्चल भूभागका भन्दा निश्चय पनि आकारप्रकार, भाषा, वेशभूषामा प्रथमतः एकै किसि-मका भए पनि विस्तृत भएकोले उनीहरूमा केही विभिन्नता पाइन्छ । सुर्खेतका थारूसमाजमा दुल्लु, दैलेख तथा जुम्ली-हरूको सामाजिक जीवनसंग प्रभाव परेको पाइन्छ भने कोशीका थारूसमुदायको पूर्वी नेपालका राजवंशी, धिमाल, राई, लिम्बू, माझी जस्ता समुदायसंग धेरै मेल भएको पाइन्छ । भौतिक तथा जलवायुको अनुकूल तथा प्रतिकूल वातावरणमा पनि यी विभिन्न समुदायहरूलाई आफ्नो जीव-नयापनको कालमा महत्वपूर्ण संघर्ष गर्नुपऱ्योहोला । स्वभा-वतः समुदायको बचाउको लागि प्राकृतिक आधारसंग संघर्ष गर्दै सामाजिक जीवनमा पनि अरू विभिन्न समुदायसंग संमिश्रण भएको हामी पाउंदछौं पनि । तसर्थ सुर्खेतका थारूसमुदाय र दाङका अनि कोशीका समुदायमा हामीले प्रत्येकको सामाजिक जीवनको केन्द्रविन्दुमा भएर प्रत्येकको बेग्लाबेग्लै मानवशास्त्रीय अनुसन्धान गर्नु जरूरी देखेका छौं । यसै क्रममा यो लेख कोशीका थारूसमुदायको अध्य-यनको आधारमा लेखिन गएको छ । सुर्खेत, दाङ, महेन्द्र-नगर, धनगडीका थारूसमुदायभन्दा केही मात्रामा परिवर्तित अर्थात् बेग्लै रूपमा जीवनयापन गरिरहेका थारूसमुदायलाई कुनै खास रूपमा विभाजित गर्न अप्ठ्यारै पर्दछ । अतः यहाँ मैले नेपाल अधिराज्यका यी परिश्रमशील समुदायलाई केवल प्रधान र अप्रधान अनि तिनका हाँगाविंगाहरूमा विभाजित गर्नपट्टि लागेको छैन । खास विभाजन गर्न ठूलो अर्थात् वृहत्रूपमा अनुसन्धान गर्नुपर्ने हुन जान्छ । फरक

फरक संस्कृति, उत्थान र सभ्यतामा हुर्केका सुदूर पश्चिमाञ्चल भेकका थारू र पूर्वाञ्चलका थारूसमुदायमा अन्य समुदायसंगको घूलमिलता र संमिश्रणले अनेकौं उस्तै उस्तै परिपाटीको श्रृष्टि भएको देखिन्छ । युगौंदेखिको घूलमिलतामा आफ्नै पाराले बसोबास गर्ने कोशीका थारूसमुदायलाई तल दिइएका समूहमा राखिएको छ । यो विभाजन मैले गरेको भन्दा कोशीका मोरङ र सुनसरी जिल्लाका अनेकौं गाउँका थारूहरूमा पाएका विभिन्न थरका आधारमा यो प्रतिवेदन तयार पारिएको छ ।

१) चौधरी
२) विश्वास
३) माझी (माझी थरमा अरु तीन हांगा हुन्छ । यिनीहरूको विभिन्नताको बोध केवल धामीपूजा र थानपूजामा थाहा पाइन्छ ।)
४) तावदार
५) भोटगमिया–(एउटा थरुनी केटी भोटेसंग पोइल गई र त्यसका दरसंतान पुनः गाउंमा जंगल फाडेर वरिपरि बस्न थाले । थारू ग्रामती नजिकै प्रभावमा पुस्तौंनि रहनुपर्ने हुंदा उनीहरूबाट जन्मेका संतानहरूलाई भोटगमिया भन्ने गरेको हो । उक्त भोटे कुनै व्यापारिक कारणवश उक्त गाउँमा पुगेको थियो ।)
६) राजघरिया
७) खां (सानो र ठूलो)
८) रजघरिया
९) थम्दार
१०)कोचला
११)सरदार
१२)गछदार–(धेरै वर्षअगाडिदेखि थारूसमुदायका विभिन्न गाउँहरूमा मुखिया राख्ने प्रचलन थियो । त्यस्ता मुखियालाई उनीहरूले गछदार भन्दथे । एक गछदार पछि अर्को गछदार वंश अनुक्रमबाट छानिन थालियो । अनि शनैःशनैः गछदारको थरमा थारूहरूको एक थरी ठूलो समूहनै हुन गएको हो ।)
१३)भगत
१४)खवास
१५)हेलजलिया
१६)खरल

धेरै थारूबूढीहरूको भनाइको आधारमा विचार गर्दा यस भेकका थारूसमुदायमा सप्तरिया र मोरङिया थारू भन्ने प्रचलन पाइन्छ । वास्तवमा थारूसमाज अर्थात् परिवार जति जति पूर्वतिर सर्दै गएको छ त्यति त्यति नेपालको उत्तरीय क्षेत्रको समुदायसंग घूलमिलता बढाउँदै गएको छ ।

त्यसैकारणले गर्दा कोशीपारिकालाई सप्तरिया थारू र कोशीवारिलाई मोरङ्गिया थारू भन्ने चलन अद्यावधि छ ।

थारूसमुदाय पनि एग्जोग्यामस (*Exogamous*) समूहकै हुन् । त्यसकारण आफ्नो गोत्र मिल्नेहरूसंग कुनै पनि परिवारको विवाह चल्दैन । वस्तुतः यो आधारमा हेर्दा थारूसमुदायमा पनि ठूलो जात र सानो जात धेरै काल अघिदेखिनै व्याप्त थियो भन्न सकिन्छ । तल्लो समुदायका बीचको विवाहलाई समाजमा त्यति ठूलो अपराध मानिदैन । धेरै मानिसहरूको इच्छा हुन्छ आफ्नै गोत्रसंग विवाह गर्ने, यस प्रकारको विवाहले आफ्नो समुदायलाई एउटै पवित्र रगतमा राख्ने गर्दछ भन्ने मनसायले । तर माथिल्लो स्तरका अथवा जो हिन्दूसमाजको नजीकै सम्पर्कमा आइसकेका छन्, ले त्यसो गर्दैनन् ।

थारूसमुदाय विभिन्न हांगाहरूमा छुट्टिने प्रवाहमा विलीन भएका छैनन् । यसका कारणहरू देशका नयां मुलुकी ऐन र यातायातको सुविधानै हुन् ।

पुराना समस्याको अन्तपछि नयां समस्याको शुरुवात हुन्छ । साना र ठूला समुदायको प्रारम्भिक उत्थानपछि बिहाबारी चलाउँदा तीन चार पुस्तासम्म विवाह गर्दा दुवै पक्षको हाडनाता पर्छ पर्दैन भन्ने कुराको विचार गरिन्छ ।

नेपालमा पनि समयको प्रवाहमा अरू समूहले जस्तै थारूसमुदायले पनि आफ्नो समुदायलाई माथिल्लो स्तरमा लैजान हरप्रयास चलाएको अनुभव हुन्छ । जे होस् थारूसमुदायलाई घिमाल, राजवंशी आदि समुदाय कै मान्नु

अस्वाभाविक देखिदैन ।

हिन्दूसंस्कार र रीतिस्थितिमा अत्यन्त आकर्षण भइरहेकाले यो समुदायले जन्म, मृत्युमा गर्नुपर्ने परम्परागत आफ्ना चलनलाई छाड्दै आईरहेका छन् । जसको फलस्वरूप यिनीहरूका बाडपर्व, रीतिस्थिति जति जति भित्रका गाउंहरूमा पुग्छौं उति उति अविच्छिन्न रहेको देखिन्छ ।

कोशीका थारूसमुदायहरू पनि आदिकालदेखिनै आफ्नो सभ्यता र परम्परालाई अक्षुण्ण राख्ने प्रयासमा थिए । कालक्रमको गतिले गर्दा यो समुदायको जीवनमा पनि प्रचुरमात्रामा उथलपुथल आयो । सामाजिक, आर्थिक र राजनैतिक यी तीनै प्रक्रियाले उनीहरूलाई पनि चेतनशील र जागरूक बनाएको छ ।

थारूपरिवार

थारूसमुदायको सामाजिक जीवन र संगठनको केन्द्रबिन्दुनै परिवार हो । आमाबाबुको संतानोत्पत्तिको खाँचोको परिपूर्तिपछि एउटा स्थायी परिवारको सिर्जना हुन्छ । तसर्थ परिवारमा रहने छोराछोरी, बाबुआमा आदिको संयुक्त योजनाबाट वास्तविक परिवारको बनावट हुन्छ । थारूपरिवार पनि पैतृकप्रधान हो र वंशानुक्रमको सिलसिला पुरुषको थर वा गोत्रबाट नै प्रारम्भ गरिन्छ ।

साधारणतया कोशीका प्रायःजसो सबै परिवार पैतृक प्रधान हो तापनि सामाजिक जीवनमा कहिलेकहीं आर्थिक अभाव र आवश्यकताले गर्दा घरज्वाइं बस्ने प्रथा यदा कदा पाईएको हुनाले मातृप्रधान संयोगको आभास मिल्दछ । घरज्वाइं आफ्नो ससुरालमा आवश्यक काम गर्छु भनेर नै बस्न आउँछ । यसरी आएको घरज्वाईंले ससुरालमा प्रत्येक कार्य आफ्नै अनुकूलभन्दा त्यस घरको अनुसार गर्नुपर्ने हुन्छ । ससुरा वा सासूलाई बूढा उमेरमा हेर्ने अभिभारा घरज्वाईंले लिएको हुन्छ । यस्ता उदाहरणहरू मोरङ्ग र सुनसरीमा मैले पाएको छु । तर घरज्वाइं बस्ने परम्परालाई समाजले घृणाको दृष्टिले हेर्ने भएकोले यस प्रथाको अब अवशेष मात्र देखा परेको छ भन्नु कुनै अत्युक्ति नहोला । यी सब व्यवधान आर्थिक अभावका खांचा हुन् । आर्थिक स्थितिको असंगति नभएमा स्वतः समाप्त हुनेछ भन्ने मेरो धारणा छ ।

थारूसमुदायमा साधारण र संयुक्त दुवै प्रकारका परिवार पाइन्छन् । साधारण परिवारमा केवल बाबुआमा र छोराछोरी रहन्छन् भने संयुक्त परिवारमा बूढा बाबुआमा, दाजुभाइ र उनका पत्नी तथा छोराछोरी पनि रहन्छन् । यी सबै परिवारहरूको चूलो अर्थात भान्सा एउटै हुन्छ । यिनीहरूको दुःखसुखका भागीदार सबै परिवारका सदस्यनै हुन्छन् ।

आजभोलि एक परिवारको वैमन्यस्यले गर्दा पनि समाजमा संयुक्तपरिवार टुट्ने प्रक्रिया ठूलो रूपमा भइरहेको छ । सर्कारी जागीर, देशको अन्य अंचलमा गएर काम गर्नुपर्ने आवश्यकता र नयां नयां औद्योगीकरण, नयां शहरको सृष्टिले गर्दा पनि संयुक्तपरिवारको विखण्डन हुन लागेको देखिन आएको छ ।

यद्यपि प्रायः संयुक्तपरिवारको संगठनात्मक बनावटमा परिवर्तन भइसक्यो तथापि पुराना मान्यतामा रहेका बूढाबूढीहरूले यस प्रथालाई र मर्यादालाई अटूटरूपमा राख्न हरप्रयास गरिरहेकै छन् ।

परिवारको विभाजनले गर्दा गाउंलेहरूमा खास गरेर खेतीपातीको समयमा काम गर्ने मान्छेको अभाव मात्र नभई उनीहरूको आर्थिक अवस्थामा पनि धक्का पुगेको हुन्छ । अचल र चल दुवैथरिका संपत्तिको बराबर विभाजनले गर्दा कति परिवारलाई त हातमुख जोड्ने समस्यासम्म बेहोर्नुपरेको छ ।

संयुक्त परिवारबाट अलग्गिएर आएको एक परिवारले आफ्नै घर बनाउंछ, आफ्नो जग्गाको सांध लगाउंछ । यसरी छुट्टिएर बसे पनि त्यो परिवारमा आफाफ्नो सहयोगमा मने कुनै कमी हुंदैन । उसलाई आफ्ना साथीभाई र नातेदारले बराबर सहयोग गर्दछन् । उनीहरू सोच्दछन्– उनीहरूको घर वेग्लै भए पनि गाउं एउटै छ, धर्म एउटै छ, परम्परा एउटै छ ।

धर्मपरम्परा, सामाजिक नियम, मर्यादा र अनुशासनले गर्दा यद्यपि संयुक्त परिवारको विखण्डन भइरहेछ तापनि थारूसमुदायको आन्तरिक मुटुमा कुनै परिवर्तन भएको देखिदैन ।

संयुक्त परिवार टुट्ने क्रममा कोशी अंचलका असंख्य

परिवारहरूको पारिवारिक, आर्थिक तथा सामाजिक सम्पन्नतामा केही पनि असर परेको छैन भन्न सकिदैन । प्रथमतः जग्गाको अनुपात परिवारमा कम भएको छ । त्यसपछि सामाजिक मर्यादाहरूको संचारमा नयां पिढी र पुराना पिढीमा अवश्य पनि अन्तर्बोध देखिन थालेको छ । तर जे होस् थारूसमुदायमा व्यक्तिविशेषको उक्तिको मूल्य पाइँदैन । यसको प्रत्यक्ष प्रमाण बिहाबारी जस्तो हाम्रो सामुन्ने प्राश्टोकीका पंचलाल माझीकी बहिनी चन्दाको विवाहमा सम्पूर्ण गाउँका परिवारहरूलाई निमन्त्रणा गरेको बाट नै पायौं । कुनै युवक युवतिहरू सचेत हुन्छन् र परिवर्तनको आशाभिमुखी भइरहन थाल्दछन् ।

ग्रामती (गाउँ सभा जस्तो संगठन)

गाउंभित्र बस्ने सबै प्रकारका पुरुष, स्त्री र केटाकेटीहरूको संयुक्त जनसंख्या वा परिवारबाट प्रत्येक थारूगाउँमा ग्रामतीको सिर्जना भएको देखिन्छ । एउटै गाउँको सिमानाभित्र रही पूजाआजा, बिवाह, पर्व तथा दुःखसुखमा एकले अर्कालाई सहयोग गरिने बन्धनबाट नै ग्रामती बनेको हुन्छ ।

मैले सर्वेक्षण अर्थात् अध्ययन गर्न गएका सुनसरी र मोरङका थारूसमुदायका गाउँहरूमा कहीं १५।२० परिवारको गाउँ पाएँ भने कहीं ४०।५० परिवारको। प्रत्येक परिवारले आफ्नो थर नमिल्ने परिवारसंगको बिहाबारी नगर्नेमा पनि अहसम्म थारूग्रामतीको बनोटमा अझै परिवर्तन आएको छैन । दुःखमा साथ दिने र सुखमा भोज पनि दिने यी सरल समुदायका प्रत्येक सदस्यहरूले हामीलाई तंसेर स्वागत र अभिवादन गरेको बिर्सनु हाम्रो लागि असंभव भएको छ ।

गाउँको एक परिवारमा परेको रोगव्याधी, जन्मने, मर्ने, घर बनाउने, संरक्षण गर्ने जस्तो कुरामा ग्रामतीका प्रत्येक सदस्य एक भई अगाडि आउंदछन् । ग्रामती पनि कुनै न कुनै रूपमा गाउँको नियम मर्यादालाई मिलाउने रूपमा विकास भई आएको देखिन्छ । ग्रामतीले गाउंका बालक बालिकालाई साक्षर बनाउने, पढाउने, खेतीपातीको वेलामा साधनको अपुग हुनेलाई पनि सहयोग दिने कार्य पनि गरिरहेको छ । गाउँमा कुनै पनि नाचगान भएको खण्डमा ग्रामती सबैले जम्मा हुनुपर्दछ । हामी त्यस गाउँमा भएको समयमानै एउटा सामूहिक पूजा गरिएको थियो । त्यस पूजामा लाग्ने खर्च जति गाउँका सबै घरले बेहोरेका थिए । त्यस पूजालाई सत्यनारायणको पूजा भनेका हुन् । यो पूजामा भाग लिन बाजा, गाना, भजन गाउने केही व्यक्तिहरू बाहिरबाट आएका थिए । खेतीपाती स्याहारिसकेपछि प्रत्येक ३ वर्षमा यस्तै पूजा थारूग्रामतीमा भैरहने कुरा थाहा भयो । यस पूजाको प्रारम्भ पुरानो होइन तापनि यसबाट थारूसमुदाय हिन्दूसंस्कारमा कति समीप आइरहेछन् भन्ने प्रमाणित गर्दछ ।

अंशबण्डा, जग्गा र घरका बस्तुहरू भाग लगाउने तरीकाको सन्दर्भमा कानूनी दृष्टिकोण जे भए तापनि थारूसमुदायमा अनादिकालदेखि चल्दै आएको परम्पराको पनि विशेष ख्याल राखिन्छ । थारूपरिवारका सम्पूर्ण सदस्यहरूको नै नाममा घर जग्गा नभए तापनि संप्रतिमा सबैको हक रहन्छ । यसमा पुरुषको हक प्रधानता छ । कुनै पनि विवाहित थारूयुवतिले कानूनी रूपमा बाबुआमाको जग्गाजमीनको लागि दाबी गर्न सक्दिन । तर उसलाई यदि पेवाको रूपमा जुन गहना र जग्गा दिइन्छ त्यसमा उसको सम्पूर्ण हक रहन्छ । सासू, ससुरा वा पतिको पनि यसमा हक केही रहन्न ।

साधारणतया थारूकेटी पनि विवाह नभएसम्म मात्र आफ्नो बाबुआमाको घरको भोगचलन गर्ने हकदार रहन्छे । छोराहरूको हकमा यदि भाइभाइमा छुट्टिन वा अंशवण्डा गर्ने पऱ्यो भने त्यसमा बाबु अथवा घरको सबैभन्दा मुख्य मानिसको राय मानिन्छ । अचल वा चल संपत्तिको बराबरीको हकदार सम्पूर्ण दाजुभाइ रहन्छन् तापनि पुरुखादेखि चलिआएको चलनअनुसार व्यवस्था वा भारवहन गर्नुपर्ने जेठो छोरोले नै पर्दछ । यो चलन हिन्दूपरिवारमा अनादिकालदेखिनै एउटा अटूट प्रक्रियाको रूपमा आएको परम्परा हो भन्न सकिन्छ ।

अंशबण्डा लगाउदा आमाबाबुलाई पनि बराबरी दिनुपर्ने हुन्छ । भनिन्छ थारूसमुदायको परिवारमा बाबुआमा मर्दासेरि जुन छोराले क्रिया वा जलाउने काम गर्दछ त्यसैलाईनै बाबुआमाको जग्गाजेथा दिने चलन छ । त्यसैले थारूपरिवारमा यस्तो दुःखद समयमा अतिनै वैमनस्यता

आउँछ । कहिले ठूलो झगडा पनि हुन्छ । मैले अध्ययन गरेका परिवारहरूको भनाइअनुसार यो सबभन्दा थारूपरिवारको दुर्भाग्यको कुरा भएको छ । अतः समाजमा यस्ता घटना अशिक्षा र गरीबीका कारणलेनै भएको भन्ने धारणा मेरो रहेको छ ।

थारूपुरुषको मृत्युपछि पनि उसकी दुलही कसैसंग पोइल गएकी छैन भने उसले पनि आफ्नो छोरासरहनै अंश पाउंछे नत्र भने पाउँदिन । त्यसै गरेर थारूपुरुषका केटा (सानो) ले यदि आफ्नो मामाको बाबुको अर्थात् बूढाबाबुको कुनै संतान छैन भने उसको संपत्तिको हक पाउने गर्दछ ।

त्यसै गरी पुत्रविहीन थारूदम्पतिले कुनै केटालाई धर्मपुत्र पालेको छ भने उसले संपत्ति पाउँदैन तर त्यसै प्रकारले घरज्वाईंले भने उसको ससुराको मृत्युपछि संपत्ति र जग्गाको हक पाउन सक्दछ ।

आइमाईको स्थान

थारूसमुदायको बनावट जस्तोसुकै भए पनि यसको वैज्ञानिक विश्लेषण गर्दा पैतृकप्रधान समुदाय मान्दै जानुपर्ने हुन्छ । तर पनि यस समुदायमा आइमाईको स्थान भने समाजमा एकैदमै महत्वपूर्ण भूमिका भएको देखिन्छ । परिवारमा उनीहरूको प्रभाव, बिहाबारीमा उनीहरूको भूमिका, पर्वमेला, घरव्यवहारमा उनीहरूले गरेको कार्यकुशलता, पारखी समस्याको समाधान, आत्मसंयम, खेतीपाती भित्राउनेमा भूमिका आदि सबै मातृप्रधान समाजका लक्षण हुन् भन्ने देखिन्छ । हाटमा गएर आफैं बिक्रीवितरण गर्ने स्वाधीनता आजको उनीहरूको उत्पत्ति अवश्य होइन । त्यसकारणले यो मातृप्रधान समाजका गुणहरू परिवर्तनको निचोडबाट बचेको एक अंश हो । थारूपरिवारहरू कुनै जमानामा हाम्रा उत्तरीय क्षेत्रमा थिए भन्नामा अत्युक्ति नहोला । कालक्रमको व्यवधानमा परेर समाजले अनेकौं परिवर्तन गर्नुपऱ्यो । जसले गर्दा उनीहरू पैतृकप्रधान समुदायमा परिवर्तित हुन कर लाग्यो । पछि शनैः शनैः मातृप्रधान गुणहरू लोप भयो । केही विशेषचाहिं हट्न सकेन जो आजभोलि पनि उनीहरूको परम्परा, चालचलन र नर्यादाको रूपमा रहिरहेको छ ।

थारूआइमाईले सम्पूर्ण घरको काम मात्र होइन बाहिर खेतमा घर बनाउने काममा पनि लाग्ने मान्छेलाई सहयोग गरिरहेकी हुन्छे । साच्ची भन्ने हो भने थारूसमुदायको अर्थतन्त्रको मेरुदण्ड हो थारूस्त्री ।

ग्रामतीमा पर्वमा तथा ठूला ठूला चाडबाडमा थारूनारीहरूको विशाल मर्यादा गरिन्छ । थारूसमाजमा नारीको प्रधानता भए पनि उनीहरूको जीवनयापन गर्ने तौरतरीकामा खास परिवर्तन आउन बांकीनै छ । समाजमा थारूनारीको स्थान दिन परदिन बढिरहेको छैन जस्तो मलाई लागेको छ । यसको कारण अशिक्षा नै हो ।

प्रत्येक परिवारमा थारूआइमाईले आफ्नो घरेलु काम कुनै आशंका विना अनुशासित र नियमित रूपमा गरिआएको देखिन्छ । थारूआइमाईहरू पहिला पहिला गाउँमा जांदा ज्यादै लज्जालु देखिन्थे । हामीले फोटो लिंदा पनि नमान्ने तर पछि पुरुषवर्गले भनेपछि र उनीहरूसंग घूलमिल भएपछि ज्यादैनै सरल र स्नेहमा देखिन्थे ।

पहिला पहिला विशेष गरेर दाङ र सुदूर पश्चिमाञ्चल क्षेत्रमा थारूसमुदायमा आइमाईले आफ्नो घरको चूलोमा लोग्ने मान्छेलाई पस्न दिदैनथे भनिन्थ्यो । तर कोशी अञ्चलमा त्यसको अंश केही देखिदैन । पश्चिमाञ्चल भेकमा पनि त्यो परम्परा परिवर्तन भइसकेको छ । भनिन्छ यो थारूसमाजको कुनै पनि जडपरम्परा थिएन । कुनै कुनै समयमा थारूआइमाईले आफ्नो लोग्नेलाई खाना दिंदा खुट्टाले छोएर दिन्थे अरे । यो चलन आज कतै पनि देखिदैन यो अञ्चलमा ।

थारूआइमाईले कसैलाई पारपाचुके गरी भने लोग्ने मान्छेलाई त्यसलाई विवाह गर्दा जारी तिर्नुपर्ने देखिन्छ । त्यसकारण यस पक्षको विचार गर्दा थारूआइमाईमा कुनै कुनै बेग्लै प्रकारको परम्परा थियो होला । तर आज यी सबै केही पाइंदैन ।

नछुने भएको बेलामा, गर्भवती भएको लामो समयपछि र नानी जन्मेपछि थारूआइमाईले कुनै पनि धार्मिक कार्यमा भाग लिने गर्दैनन् । उनीहरू यस्तो वेलामा कुनै पनि कूलपूजा तथा अन्य धार्मिक कार्यमा टाढै रहन्छन् । यो परम्परा अद्यावधि छ ।

विवाह: उत्सव र पारपाचुके

जुनसुकै मानव समुदायमा पनि मानिसहरूको संख्याको आवगमन र प्रत्यागमन जन्मनु र मृत्युमा हुन्छ । तर केटा-केटीहरू जन्मनुभन्दा अगाडि प्रत्येक घरभित्र नासीलाई हुल्नु अत्यावश्यक पर्दछ । अनि यसरी एउटा परिवार जोई-पोइको संगठन भएर बन्दछ । विवाहचाहिं समाजले मान्यता दिएको एक सामाजिक संस्था हो । त्यसैअनुरूप कोशीका थारूसमुदायमा अन्य समुदायमा झैं विभिन्न किसिमका विवाह देखिन आएका छन् ।

थारूसमुदायको बिहाबारी आफ्नो जातभन्दा बाहिरकासंग चल्दैन । उनीहरूको विवाह एकजोग्यामी (*Exogamy*) प्रकारको हो । मामाका छोराछोरी र फुपूका छोराछोरीसंग बिहाबारी चल्दैन । विवाह गर्दा ३।४ पुस्तासम्ममा जाँचबुझ गर्दा हाडनाता परेन भने मात्र विवाह हुन्छ । भन्छन् थारूहरूमा सानो ठूलो जात थिएन । तर आजभोलि हिन्दूहरूको दैनिक धूलमिलताको परिणामले यस्तो बराबरी प्रथा पाइंदैन ।

एउटा थारूले आफ्नै सहोदर नाता पर्ने नारीलाई विवाह गर्दैन नत एउटी थारू आइमाईले आफ्नो पतिको जेठो दाइ अथवा लोग्नेको कान्छाबाबुको छोरासंग विवाह गर्न सक्दछे । तर थारूसमुदायमा अन्य हिन्दूसमुदायमा झैं आफ्नी पत्नीकी बहिनी अर्थात सालीसंग विवाह गर्ने भने चलन अद्यावधि पनि पाइन्छ ।

चौधरी थर भएका थारूको बिहाबारी भटमियासंग चल्दैन । तर विश्वास र खांका चलन सक्दछ । सत्तरिया राजवंशी भटमिया खावाससंग बिहाबारी चल्दैन ।

माझी थरमा भने तीन पुस्ता सम्म सोझो हाडानाता पर्दैन भने माझी माझीमा पनि विवाह चल्दछ ।

थारूसमुदायमा हाल पनि यदा कदा १६।१७ वर्षकी केटीको विवाह ९।१० वर्षका केटासंग भएको देखियो । यसो हुंदा केटीको वासनाको लागि छेकवार हुन्छ भन्ने उनीहरूको भनाइ रहेछ । तर कुनै अन्य व्यक्तिसंग लसपस भएका धेरै घटनाहरू हामीले पायौं । तर आजभोलि यसमा ठूलो परिवर्तन आइरहेको छ ।

छोरी राजी भए केटापट्टिकाले २५००। ३०००। रुपियासम्म दिन्थे । यसले गर्दा धेरै युवक थारूको विवाह हुंदैनथियो । यो चलन राजवंशीसंग मिल्दछ । तर आजकाल कम भएको छ ।

पहिला पहिला एउटा दशवर्षे केटाको विवाह १६।१७ वर्षीय केटीसंग हुन्थ्यो र यसको कारण घरमा परिश्रम अर्थात् काम गर्ने मान्छेको कमी पूर्ण गर्नको लागि हो भन्ने धेरै थारूसमुदायको विचार छ । थारूसमुदायमा पुरानो समयदेखि चल्दै आएको विवाह प्रचलनमा उक्तिको फरक आएको छैन ।

चोरी विवाह जस्ता चलन कम भइरहेको छ । थारू समाजमा किनेर विवाह गर्ने चलन पाइंदैन । आजभोलि प्रेमविवाह पनि चल्दछ । सबैभन्दा धेरै प्रचलनमा आएको विवाहको चलनचाहिं आमाबाबुबाटनै व्यवस्थित हुने विवाह हो । साधारण विवाहको अतिरिक्त विधवाविवाह र जारी तिरेर गर्ने विवाह भने गर्ने चलन रहेको छ ।

बालविवाहको चलन अघि निकै प्रचलनमा थियो । केटीहरूको विवाह गर्न वडो कष्ट हुन्थ्यो । साथै पैसा पनि प्रचुरमात्रामा दिनुपर्दथ्यो । थारूहरूको विवाह सामान्यतया एकै जनासंग हुन्छ । तर छोराछोरी नभएको खण्डमा बहुविवाहको चलन पनि रहेको छ । पारपाचुके दिने कुरामा स्वतन्त्रता छ । हिन्दूसमुदायमा भने यस्तो सजिलो छैन । विवाह नगरेकी नारीको समाजमा प्रतिष्ठा र उच्च स्थान हुँदैन ।

थारूससुदायमा इन्डोग्यामी (*Endogamy*) र एग्जोग्यामी (*Exogamy*) को नियम साथसाथै केही अंशमा पाइन्छ । यसो हुनुको प्रधान कारण सामाजिक पुराना मान्यतामा परिवर्तन आउनु, आर्थिक अवस्थामा परिवर्तन आउनु, हिन्दूसमाजका कट्टर अनुयायीहरूसंग घुलमिल हुनु, देशमा ऐनकानून र शिक्षाको प्रचार हुनु पर्छ ।

थारूसमुदायको कुनै पनि सदस्यलाई विधवाविवाह गर्ने छुट दिएको हुन्छ । उसको समाजमा विधवाविवाहपछि भएका संतानहरूको सामाजिक मान्यतामा कुनै फरक पर्दैन । त्यसलाई समाजले कुनै पनि किसिमसंग नराम्रो रूपमा लिएको हुँदैन । त्यसबाट भएका संतानका हक र

अंश विवाहित नारीबाट भएका संतान सरहनै बराबर हुन्छ । यो समाजले स्वेच्छाले दिएको मान्यता हो र यसबाट थारूहरूमा राम्रो प्रतिक्रिया ल्याएको छ ।

दुलही छान्ने तरीका

थारूसमुदायको पनि युगौंदेखिको आफ्नो संस्कार, विश्वास र विधिविधान, परम्पराबाटनै विवाह जस्तो महत्वपूर्ण शुभकार्यको शुभारम्भ हुन्छ । आफ्नो परंपरालाई साथै राखेर अन्य समुदायको धार्मिक पद्धतिमा पनि स्वाभाविकरूपले परिवर्तन भएको प्रचुर मात्रामा देखिन्छ । विवाहमा हिन्दूहरूले जस्तै मन्त्र पढ्ने, दान दिने र पवित्र आगाको साक्षीमा मन्त्र पढेर प्रणयसंगीत बज्ने प्रथा यिनैका प्रभाव हुन् ।

बालविवाहको अवस्था प्रायः लोप भइसकेपछि थारूसमुदायमा अठार उन्नाईस वर्षदेखि मात्र विवाह गर्ने चलन चल्न थालेको छ । एउटा लोग्ने हुनेचाहि अवश्यमेव आफ्नो परिवारको जिम्मा लिन सक्ने हुनुपर्दछ । स्वास्नी हुनेचाहि निश्चय पनि आफ्नो घर एवं परिवार सुव्यस्थित पारोले चलाउन सक्ने क्षमता भएकी हुनुपर्दछ । हिन्दूसमाजको निरन्तर प्रभावले गर्दा थारूहरू अनेकौं वर्षअगाडिदेखिनै हिन्दूहरूको धार्मिक क्रियाकलापसंग परिचित हुंदै आएका र देखासिकी गर्न थालेका हुन् । सबैजसो व्यवस्थित विवाह श्रामा–बाबुबाट पनि हुन्छ । जस्तो, यदि कुनै केटा वा केटी एक अर्कालाई मन पराएर घर छाडेर कतै भागे भने त्यस्तो परिस्थितिमा केही समय वितेपछि आफन्त र आफ्ना नातेदारहरूलाई भोज खुवाएर, माफी मगाएर पुनः घरभित्र हुलिन्छ ।

अर्को किसिमको विवाहमा केटा वा केटीको अविभावकले हाटबजारमा केटा वा केटीलाई देख्दा तय गरेर माग्नको लागि कुरा चलाउंछन् ।

कोशीको थारूसमुदायमा सुर्खेतका वा दाङका थारू परिवारमाझैं एउटा केटा वा केटीलाई साटासाट गरी विवाह गर्ने प्रचलन भने देखिदैन । सुर्खेततिर एउटा परिवारमा केटीको विवाह गर्नुपऱ्यो भने उतापट्टिको केटालाई पनि केटीतर्फको दाजु भाइ जो भए पनि एक जना केटाले विवाह गर्ने चलन छ । तर यो प्रथा कोशीका थारूसमुदायमा पाईदैन ।

थारूसमुदायको केटा वा केटीको घरमा मध्यस्थता गर्ने मान्छेलाई लोराङ भनिन्छ । लोराङलेनै यतापट्टि र उतापट्टि गई विवाहको निधो गर्दछ । कुनै कुनै बखतमा लोराङको पनि आवश्यकता पर्दैन ।

थारूसमुदायको विवाह–विधि अन्य समुदायको भन्दा एकदम भिन्न छ । विवाह–विधि लामो छ । एक विवाह पूर्ण हुन धेरै दिन लाग्दछ । सम्पूर्ण पुरानो आफ्नै परम्पराका विधिहरू तल दिइएको छ ।

बहरचके:–

केटा र केटीलाई बाहिर हाटमेला या उसको सम्बन्ध भएको घर, गाउँ, बजार, समाजमा केटा वा केटीका व्यक्तिहरूले प्रथमपल्ट हेर्ने विधि या चलनलाई थारूहरूको समुदायबे बहरचके भन्दछन् ।

सर्वप्रथम पहिला शुभ देखासुनी केटाको घरमा हुन्छ । बासघरमा केटीका तर्फबाट आफ्ना केही नातेदार, केही गाउँका जान्ने सुन्ने मान्छेहरू र समुदाय वा ग्रामतीभित्रका इष्टमित्रहरू बसेका हुन्छन् । केटो काँसको थालमा पाँचवटा सुपारी, पाँचवटा पान, केही दूवो, धान र एक रुपियाँ लिएर ती व्यक्तिहरूको बीचमा आएर भुइंमा थाल राख्दछ र उभिन्छ । व्याउलाको साथमा उसको सहयोगको लागि अर्को एउटा मान्छे रहन्छ । व्याउलालाई बस्नको लागि उसले एउटा सतरंजी अथवा कुनै बस्ने आसन लिएर आएको हुन्छ । अगाडि अगाडि यो सहयोगी केटो पछि पछि ब्याउलो केटो बढ्दछ, सबैलाई नमस्कार गर्दै लामुन्ने पुग्दछ र बीचमा थाली राखेको ठाउँतिर गएर उभिइरहन्छ । पछि-पछि आइरहेको सहयोगीले बस्ने आसन मिलाइदिएपछि ब्याउलाले सर्वप्रथम दाहिने खुट्टा अगाडि सरी पलेटी कसी हात जोडेर बस्दछ । अनि सहयोगीले केटीपट्टिका मान्छेलाई प्रश्न गर्दै भन्दछ "केटो ठीक छ कि छैन ? मन पऱ्यो कि परेन ?"

केटीतर्फका आएका मानिसहरूले मन पऱ्यो, ठीक छ भनेर उत्तर दिएपछि वातावरण बडो रमाइलो हुन्छ र मानिसहरूको खासखुस सुनिन थाल्दछ । अनि केटाले दाहिने खूट्टा प्रथमपल्ट पछि सारेर उठ्छ र सबैलाई प्रणाम गरेर आफ्नो घरको कोठाभित्र पस्दछ । त्यति वेला दुवैतर्फकाले रगतको नाता अर्थात् हाडताताको सम्बन्ध पर्छ कि

भनेर पुस्ता पुस्ताका मानिसहरूको बारेमा वादविवाद एवं तर्क गर्ने थाल्दछन् । अनि लोराङ (लमी) ले नाता पर्दैन, विवाह हुने भयो भनेर किटान गर्दछ । यति बेला केटी-पट्टिका समाजले मयन (पैसा) दिनुपर्ने वा नपर्ने भनेर केटीपट्टिकालाई सोध्दछन् । पहिले पहिले केटीतर्फकाले पाँच रुपियाँदेखि लिएर एक दुइ हजार रुपियाँसम्म लिने गर्दथे । तर आजभोलि यस प्रकारको रीतिमा धेरैनै परिवर्तन आइसकेको छ । अतः यस प्रकारको नगद कसैले लिने पनि गर्दछन् भने कसैले नलिने पनि गर्दछन् ।

यति कुरो भईसकेपछि केटीतर्फका पाहुनालाई खानपिन गराइन्छ । खानपिनमा माछामासु खुवाउनु हुदैन । दही, दूध, मिठाई मात्र चल्दछ । रक्सी खुवाउने चलन छैन । रक्सी प्रशस्त चाहिने हुन्छ, तर यो शुभ कार्यमा खुवाउने चलन प्रायः बन्द हुँदैछ । पछि त्यसै दिन सबै पाहुनाहरू कुराकानी मिलाएर आफ्ना आफ्ना घरतिर लाग्दछन् ।

केटीतर्फको देखासुनी:–

यो कार्यक्रम केटीको घरमा हुन्छ । केटीको घरमा केटातर्फका जिम्मेदार मानिसहरूको साथै आफ्नो अविभावक जान्छन् । केटी पनि मानिसहरू घेरा लगाएर बसेका बीचको ठाउँमा एउटा लोटाभरि पानी लिएर आउँछे । केटाको जस्तै केटीको पछि पछि पनि सहयोगी साथी आउँछे । तर उसको हातमा केही पनि हुँदैन । लोटालाई भुइंमा राखेर केटी उभिइरहन्छे । वरपरका मान्छेहरूले परपल्चिम (मन पऱ्यो कि परेन ?) भनेर कुरा गर्दछन् । केटीले अनि अलिकति पानी भुइंमा खन्याएर हिंडिदिन्छे । पानी खन्याउने कामको सहयोग उसंग आएकी साथीले गर्दछे । हाडानाता पर्छ कि भनेर यहाँ पनि वादविवाद चल्दछ । समाज र पाहुनालाई खानपिन गराएर बिदाबारी गराइन्छ । अनि यसभन्दा अगावैनै सहकटीको लागि दिन मिति तोकिन्छ । केटीसाई यसरी बीचमा उभ्याएर राख्ने कारण सबैले केटीलाई हेरून् भन्ने हो । कुनै खोट, चोट-पटक लागेको छ छैन भन्ने विचारलेनै गरेको होला भन्ने अनुमान लगाउन सकिन्छ ।

सहकटी अथवा पनफेरी:–

यो सहकटी थारूहरूको विवाह गर्दा गर्नुपर्ने अर्को परम्परा हो । यो चलन अन्य समुदायकोभन्दा बिल्कुलै भिन्न छ । यो आजभोलिको आधुनिक चलन होइन । यो त थारूसमुदायको संस्कृतिको अभिन्न अंग हो । हिन्दूहरूसंगको बढ्ता संमिश्रणले विवाहमा बाहुन, क्षेत्री, मगर आदिलाई बोलाउने चलन बने तापनि तथा कन्या दान गर्ने, सिन्दूर राख्ने प्रचलन प्रारम्भ भए तापनि थारूससुदायले आफ्नो परम्परालाई छाडेको छैन ।

सहकटी एउटा अर्को विधि हो । यस वेलामा पनि घरका जातभाइ, हृष्टमित्र, ग्रामतीका सदस्यहरूलाई सुपारी पान दिएर निमन्त्रणा गरिन्छ ।

केटीतर्फकाले पनि केटीको ठेगाना लिएर सहकटीमा बोलाउंछन् । यस्तो केटीपट्टिकाले बोलाउने चलनलाई थारू-परिवारले हाकर भ-दा रहेछन् ।

रतिया सहकटी:–

यो एक प्रकारको उत्सव हो र पहिले पहिले केटाको घरमा केटीतर्फका मान्छेहरू आएर गर्दथे । पहिले पहिले रात काट्थे, तर आजभोलि यो काम एक दिनमै सकिन्छ ।

एउटा साथीसंग केटाले एउटा थालमा एक हता केरा, पाँचवटा पान, सुपारी चारदाना, नगद रुपियाँ, दूबो, धान राखेर आउँछ । थाललाई विस्तारै माझमा राख्दछ । चारैतिर मान्छेहरू बसेका हुन्छन् । अनि आफू सलाम गर्दै विस्तारै बडो नम्रतापूर्वक बस्दछ । अनि वरिपरिका मानिसहरूले 'मनपऱ्यो कि परेन ?' भन्दछन् । केटा घुमेर पुनः कोठाभित्र पस्दछ । पछिपछि लाग्ने साथीले भूइंको थाल उठाएर लैजान्छ । यो सबै कुरा ढोकामा हुन्छ ।

लिपिएको घरको सफा आँगनमा पनि अलिकति त्यस्तै प्रकारको साँस्कृतिक मान्यता पाएअनुसारको कार्य हुन थाल्छ । लिपिएको ठाउँमा एक लोटा, एउटा दुइटा सिन्का, धान, दूबो छरेको हुन्छ । केटालाई त्यहाँ ल्याएर राखिन्छ । उसले सबैलाई प्रणाम गर्दछ र बीचमा बस्दछ । केटा प्रणाम गरेर घरको आँगनभित्र जान्छ । पुनः त्यहाँ पनि मानिसहरूले पाँच छ पुस्तासम्मको वंशजको हाडनाता बारेमा कुरा गर्दछन् । व्याउलापट्टिबाट एउटा थाली पाएपछि व्याउलीबाट एउटा थालीमा सिंगै पान, चारवटा सुपारी, पान माथि राख्छन् । एउटा रुपियाँ पनि त्यहाँ राख्छन् र

ब्याउलामट्टिको थाल एक जना टहलुवा आएर पूर्वपट्टि राख्दछ एवं ब्याउलीको थाल पश्चिमपट्टि राख्दछ । अनि केटा र केटीको आमाबाबु वा दाजुभाइ त्यो थाललाई साटासाट गर्न उभिन्छन् । टहलुवा दुवैलाई उठाउँछ र दुबै थरिलाई दिन्छ । दिएपछि एकफेरा लोटाको पानी छर्केर 'के लिन्छ ?' भनी सोधिन्छ । केटा तर्फबाट बाबु वा दाजुभाइ जुन उभिने मान्छे हुन्छ उसले 'सह दिन्छु' भन्छ । फेरि केटीतर्फ पानी छर्कदा 'के दिन्छे' भनेर प्रश्न गर्दा "सह दिन्छु" भनीं जवाब दिइन्छ र थाल दुवैथरिमा तीनपल्ट साटासाट गरिन्छ । यसैलाई पनफेरी भनिन्छ । टहलुवाले दुवैतर्फको थाल भूइंमा राखिदिन्छ । केटा र केटीतर्फका उभिने प्रतिनिधिहरूले देब्रे र दाहिने गरी अंकमाल गर्दछन् । यसलाई सम्धीजोडाइ भनिन्छ ।

त्यसपछि केही वेलाअगाडि भित्र गएको ब्याउलो पुनः बाहिर आएर बीचमा बस्दछ । केटीतर्फका नातेदारहरूले दही र हर्दीको टीको केटाको निधारमा लगाइदिन्छन् र गच्छेअनुसार तिलक, नगदनै दिन्छन् । आँगनमा बसेका ब्याउलीतर्फका सम्पूर्ण व्यक्तिहरूलाई पान दिइन्छ । त्यस आँगनबाट बाहिर निस्कन्छन् र दहीच्यूरा खान बस्दछन् । थारूसमुदायको मुख्य खाना भात भए तापनि दोस्रो नम्बरमा दहीच्यूरानै आउँदछ ।

पुरानो किसिमको रतियासहकटी भएमा बिहानपख चना, च्यूरा, रक्सी, मासु आदिको भत्यार ती व्यक्तिहरूलाई खुवाईकन पुनः भात खुवाएर फर्काउनुपर्दछ । तर आजभोलि सजियासहकटी (त्यही दिन समाप्त हुने) सहकटीमा सबैले खाना खाएर मात्र फर्कनुपर्दछ । अर्को दिन बिहान केटातर्फबाट केटीतर्फका मानिसहरूलाई भेंडाभार पठाइन्छ । भेंडाभारमा दही, च्यूरा, खसीको सांप्रा, सुंगुरको सांप्रा र त्यसको साथमा चुरोट, पान, बिडी पनि पठाइन्छ । केही दिनपछि पुनः केटीले केटातर्फकालाई फिर्ता गर्नुपर्दछ ।

टक्काभार

सहकटी भएको करीब एक वर्ष वा परिस्थितिअनुसार विवाहका लगन हेरी टक्काभार कार्य सुसम्पन्न हुन्छ । टक्काभार कार्यमा केटातर्फबाट एक घरी केरा, बीस बाईस सेर दही, च्यूरा दश पन्ध्र सेर, रातो सारी एउटा, माटाको बट्टा (सर्भी), नाकमा लगाउने नथिया, साथमा एक रुपियाँ, गहनाहरू, चवालीसवटा सिगा सुपारी, एघारवटा पोकामा चार चारवटा गरी दिनुपर्दछ ।

लालसुपारीः–

यो कुनै ठाउँमा पनि हुन सक्छ । सोरहवटा रातो सुपारी केटातर्फ र केटीतर्फमा साटासाट गरी विवाहको मिति तय गरिन्छ ।

कशाकुटीः–

यो विवाहभन्दा दुई दिन अगाडि हुने विधि हो । यसको थारूपरिवारमा विशिष्ट महत्वपूर्ण स्थान रहिआएको छ । केटाकै घरमा र सुसम्पन्न हुने यो कार्यमा ब्याउलाकी फुपू, दिदी वा सानीमाले डलियात (अराउने पराउने मान्छे) लाई धेरै कार्य गर्नुपर्ने हुन्छ । यस प्रकारको काम गर्नेलाई विधकरी पनि भनिन्छ ।

ब्याउलाले धोती, कमीज, पगडी र चादर ओढेको हुन्छ र कांधमा तरवार लिएको हुन्छ । विधकरी गर्नेले रातो सारी लगाएकी हुन्छे । टाउंकामा डाली (बांसको टोकरी जस्तो) बोकेकी हुन्छे । डालीमा अढाई हातको रातो कपडा, सानो माटाको भांडामा दही, दूबो र धान रहन्छ । इनार, पोखरी वा नदीमा गएर दुइवटा साना माटाका घैलामा विधकरी (केटा) ले पानी भर्दछे । पानी भर्नुभन्दा अगाडि पाँचवटा कौडी पानीमा पयांक्दछ । यसो गरेको पानीको दाम चुक्ता गर्नाको लागि हो । यसको साथसाथै सानो माटाको भांडामा सुपारी राखेर, भाँडालाई छोडेर केटाले कुर्कुचाले फोड्नुपर्दछ । योचाहि एकैपल्टमा फोड्नुपर्दछ । यस क्रियालाई **माटीमंगल** भनिन्छ ।

विधकरीका (केटीको) साथीहरूले कोदालाले एकैपल्ट हानेर त्यो फुटेको माटो एकैपल्ट कोदालोले उचाली अर्को भाँडामा राखिन्छ । त्यसपछि ब्याउलो चाहिं आफ्नो घरमा फर्कन्छ ।

त्यही दिन ब्याउलाले आफ्नो घरमा ओखलीमा पाँच मूठी धान राख्दछ र छिमेकका आइमाईहरूले चामल तयार भएपछि पीठो बनाउंछन् र कसारको डल्लो बनाउछन् । त्यसमा ब्याउलालाई त्यही दिन आगनमा पिर्कामाथि बसाइन्छ र आमाबाबु, दिदीबहिनीले एक लोटा पानी उसको

ठाउकामा खनाइदिन्छन् र कोलामा सबैले कसारको धूलो लगाइदिन्छन् । यसरी माटो खनाउनेलाई अवलेवा भनिन्छ ।

केटीतर्फ पनि यस्तै प्रकारको विधि हुन्छ । तर फरक चाहिं यति हो केटी रुंदै जान्छे र पानी भर्छे, केटो रुंदैन । थारूकेटीहरू यस बखतमा जति सक्यो उति रुंदा रहेछन् । नैसर्गिक रुवाइ नभए पनि कृत्रिम तवरले पनि खूब रुनुपर्ने रहेछ । प्रास्टोकीमा मैले पंचलाल माझीकी बहिनी कुमारी चन्दाको विवाहमा देखें । उनीहरूको समुदायमा जति रुन सक्यो उति बेश हुन्छ भन्ने बुझियो । त्यहाँ कुमारी चन्दाको रुवाइ अति करुणमय थियो । यो रुवाइ नैसर्गिकनै लाग्यो मलाई ।

कुमरन:–

केटाकेटी डौवा (घैला) लिएर दुवै विधकरसमेत पानीमा जान्छन् । पानीचाहिं आफ्नो गाउँको कुनै पनि नदी वा सानो खोला जुनसुकै भए पनि उपयुक्त हुन्छ । उनीहरूको पछिपछि गाउँका साना साना बालकबालिकाहरू पनि जान्छन् । डौवामा पानी भरेर ल्याउंछन् । जलकुमारीलाई एउटा परेवा चढाउनुपर्छ । फर्केपछि उनीहरू घरको दैलामा एउटा विधकरी वसेको देख्दछन् जसले डाली, दूबो, धान, केरा, दही, गाजल, सिन्दूर भूइंमा राख्न नपाउंदै ठोक्दछ र एकपल्ट फेरि मुशलले पनि ठोक्दछ । पछि गएर कशाकुटीमा पिधेको कसार (पीठो) घडा बोकेर ल्याउने मान्छेलाई विधकरीले अनुहारमा दलिदिन्छे । गाजल लगाइदिन्छे । त्यो घडालाई एक किसिमको फूलको चित्रकौरमा राखिन्छ । अनि ब्याउलाब्याउली माटो मंगल गर्न सडकको कुनै भागमा आउंछन् । दुइवटा बेतको भांडो, एउटा कोदालो, दुइवटा माटाका रिकापी (सिर्वी) लाई घोप्टाएर राखी तल पानी, सुपारी राखिन्छ । त्यसपछि दुलहाले आफ्नो कुर्कुच्चाले थिचेर फोडिदिन्छ । यो विधि दुलहीको घरमा पनि यस्तै प्रकारले हुन्छ । विवाहित आइमाईले उक्त फुटेको माटाको भाँडालाई एकैपल्टमा कोदालीले फ्किेर बेतको भाँडामा राख्दछन् । यो कोदालीलाई कमसेकम पाँच जना आइमाईहरूले छुनुपर्नें रहेछ । त्यो ल्याएपछि घरको मुख्य द्वारमा रहेको पर्दाअगाडि आएर विधकरी दुलहा र उसको साथमा रहेका आइमाईहरू उभिइरहन्छन् । बेतको भाँडो बोकेकी आइमाईलाई कशा लगाइदिन्छन् । भित्र कौराको नजीकै केटालाई लगिन्छ । अहिलेसम्म केटा र केटीको भेट भएको हुंदैन । यस्तै प्रकारको कार्य केटीको घरमा पनि यस्तै गरी गर्नुपर्दछ । अनि सबैले वलियति र ब्याउला समेतले आँपको रूखमा गएर आँपको रूखसंग विवाह गर्दछन् । त्यहाँ गएर ब्याउलाले आँपको रूखमा पाँचचोटि सिन्दूर लगाइदिन्छ । धागाले तीनफेरा घेरेर आफू पनि तीनचोटि घुम्दछ र तीनैपल्ट आँपको रूखलाई अंकमाल गर्दछ । त्यस कार्यक्रमपछि आफ्नो घरमा फर्कन्छ ।

थारूसमुदायको चलिआएको परम्पराअनुसार यसलाई पर्वको सात विवाह भनिने रहेछ । यसरी सात ठाउँमा विवाह हुने कुराहरू तल दिएका छन् ।

१) जलकुमारीसंग ।
२) रूख विशेष गरेर आँपको रूखसंग ।
३) कौरासंग ।
४) चन्द्रमासंग ।
५) सूर्यसंग ।
६) मण्डपसंग ।
७) अन्तमा गएर वास्तविक नारीसंग ।

थारूसमुदायको विवाहमा हुने यो लामो विधि उनीहरूको अखण्ड संस्कृतिको जिउंदो प्रतीक हो । यस किसिमको विधि त्यस भेकमा बस्ने अरू रैथाने चाहे तिनीहरू घिमाल, राई, लिम्बू, राजवंशी, सतार हुन् वा अन्य कुनै समुदाय हुन् कसैमा पनि यस प्रकारको मेल पाइंदैन ।

अवलेवा–

यो विशेष कार्यक्रम पनि उसै दिन हुन्छ । अगाडि तीनखुट्टी ओदान जस्तो जुटको बनाएर राखेको हुन्छ । यति वेला ब्याउलो चुपचापसंग पिर्कामा बसिराखेको हुन्छ । त्यस ठाउँमा एउटा लोटाभरी पानी, दही, बेसार राखिएको हुन्छ । लोटामा आँपको पात तीन चारवटा राखिएको हुन्छ । आफ्नो नातेदार र ग्रामतीका मुख्य मुख्य सदस्यहरू गएर पातले पानीमा चोप्दै छर्कन्छन् । छर्कनुभन्दा अगाडि पानीको लोटा र जुटको ओदानलाई तीनपल्ट घुम्नुपर्दछ । यो आशीर्वाद दिएको हो । यसैलाई थारूभाषामा अवलेवा भनिन्छ । त्यसपछि ब्याउलाको कपालमा पनि पानी छर्कनु पर्दछ । त्यस दिन ब्याउलालाई सबैले आशीर्वाद दिने दिन हो । त्यसै दिन लावा भुट्ने कार्यक्रम रहन्छ । यति वेला घरको सफा आँगनमा एउटा चूलोमा एउटा हाँडीमा धान राखेर जुटको लट्ठीले चलाइन्छ र लावा तयार गरिन्छ । यो

लावा भुट्ने कार्यचाहि विधकरी र विधकरीकी लोग्ने हुन्छन् । धानको बिउ राख्ने नेठमा बसेर यो भुट्ने कार्य गरिन्छ । त्यसपछि ब्याउलालाई आँगनमा बसालेर विधकरीहरूले बेसार र तेल (कशा) दलिदिन्छन् । तलवारचाहि प्रत्येक विधिमा ब्याउलाको साथसाथै हुन्छ ।

जन्ती जाने उत्सव

यो उत्सव एउटा थारूमाउँमानै ठूलो उत्साह लिएर आउँदछ । साधारणतया फागुन वैशाखमा विवाह हुन्छ । जन्ती आउने दिनमा केटीतर्फको घरमा ठूलो तडकभडक रहन्छ । घरको एकातिरबाट भित्र अर्को घरमा पस्ने ठाउँको दुवैतिर दुई केराका बोट गाढ्नुपर्छ । उक्त केरालाई पनि निम्त्याएर ल्याइएको हुन्छ । विवाह जस्तो घडीमा निम्ता नगरीकनै बोट ल्याउँन हुँदैन । निम्त्याइएको एक बोट अर्को बोटमा गांसेर एउटा डोरीमा आंपका हाँगाहरू बाधिएका हुन्छन् र दुवै डोरीको फेदीमा एक एक गरी माटाको ठूलो पाला प्वाल पारेर अड्क्याइएको हुन्छ ।

विवाहमा घर, दैलो, कोठा, सम्पूर्ण चोक पोतेर सफा गर्नुपर्छ । मुख्य घर अर्थात् भान्साअगाडि केही बाँस गाडेर तरीकाले मण्डप बनाइएको हुन्छ ।।

जन्ती जाँदा लैजानु पर्ने सामानहरू

थारूपरिवारमा विवाह भन्ने कुरो एक आर्थिक बोझ हुन गएको छ । जन्ती जाँदा एक भार, एक केराको घरी, दही च्यूरामा साँधिएका पाँचवटा लड्डु, ताडीको तेल, सिन्दूर, पटुवा सातवटा, साथमा बाजा जस्तो ढोल, गुडुमबज्जा ढोल, हडिया ढोल, चमखोलिया ढोल लैजाने चलन छ ।

जन्ती जानुभन्दा अगाडि कौर भएको कोठामा केटालाई बसालेर कशा (काजल) विधकरी पाँच जना आइमाईहरू मिलेर लगाइदिन्छन् । त्यसपछि आफ्नो गोसे धर्म (घरका देवता) लाई नमस्कार (गोडलगी) गर्दछन् । त्यसपछि केटाकी आमाले पानी खुवाइदिन्छिन् । एक बीडा पान दिन्छिन् र अर्को एक बीडा हातमा दिन्छिन् । घरबाट निस्केर आमा पनि साथै मुख्य प्रवेश (पर्दा) सम्म आउँछिन् र छोराको पीठ ठोकिदिन्छिन् । पीठ ठोक्नुको मतलब राम्रोसंग विजयी भएर आउनु भनेको हो ।

ब्याउली आँगनमा आएर ससरेर डोली मा बस्छ र जन्ती (बरियात) संगै केटीको घरमा जान्छ । जन्ती जानेमा दिदीबहिनीहरू पनि हुन्छन् । अरूको चलनमा प्रायः जन्ती जानेहरूमा पुरुष मात्र पाइन्छ । तर थारूसमुदायमा भने जन्ती जानेमा आइमाईहरू पनि हुन्छन् । यसबाट यो बुझिन्छ यो थारूसमुदाय कुनै समयमा मातृप्रधान सामाजिक क्रममा थियो । तर कालक्रमको व्यक्तिक्रममा पर्दा परिवर्तन भएको हो भन्न सकिन्छ ।

जन्ती केटीको घरमा अर्थात् ब्याउलीको घरमा पुग्दा प्रवेशद्वारमा स्वागत गर्न सबै प्रतीक्षा गरिरहेका हुन्छन् । प्रवेशद्वारनिर गएर खरखरेलाई अड्याइन्छ । केटोचाहि त्यहीभित्र बसिरहन्छ । केटीतर्फकाले जन्तमा आएका सबै आइमाईहरूको गोडा एक एक गरेर धोइदिन्छन् । पानी एउटा ठूलो ताउलीमा राखेका हुन्छन् । त्यसैमा क्रमशः गोडा धोइदिनुपर्ने चलन छ । त्यसपछि सबै आरामपूर्वक बस्दछन्, कोही पनि धेरै कुरा गर्दैनन् । यस बेला केटाहरू सबै बाहिर बसिरहेका हुन्छन् ।

कन्यातर्फका विधकरी डली लिएर केटालाई लिन आउंछे । खरखरेबाट केटालाई ल्याएर भित्री आँगनमा जहाँ मण्डपको बाहिर एउटा हाँडी राखेको हुन्छ त्यहींनै ब्याउलालाई राखिन्छ । ब्याउलालाई मण्डपको दक्षिण-पश्चिम कुनामा राखिन्छ । मण्डपको बाहिर एउटा हाँडी हुन्छ । विधकरीले ब्याउलालाई तीनपल्ट घुमाउंछे र त्यहीं ल्याएर बसाल्छे । त्यहाँ उनीहरूको भाषामा भन्ने हो भने लहछु हुन्छ । यसमा हजामले आएर केटाको कान्छीआँलालाई काटेर रगत निकाल्छ । यस्तै केटीको पनि निकाल्छ । रगत दुवै जनाको मिलाएर तीन पुस्ताको नाम पातमा लेख्दछन् । अनि ब्याउला र ब्याउलीलाई भित्र मण्डपमा लगिन्छ । केटालाई भावी ससुराले आफ्नो घरको रातो धोती लगाइदिन्छ । फेरि विधकरीले ब्याउलीलाई मण्डपको बाहिर अठमंगल कुट्न ल्याउंछ ।

विवाहमण्डपमा केटीको बाबु, हजाम र मैथिलीब्राह्मण एकापट्टि र उतापट्टि ठूलो र सानो धामी गरी दुई जना र एक जना केटापट्टिबाट आएको धामी (पुरेत) बसेका हुन्छन् ।

जग्गेमा सर्वप्रथम केटीको घरमा धामीले मकुपौला

खालको भुंडकोमा पानी भरेर राखेको हुन्छ । त्यसमाथि आँपको हाँगा राखेर बत्ती बालिन्छ । एउटा धैलाभित्र बत्ती राखेर बन्द गरिन्छ । अर्को धैलामा धामीले फूकफाक मन्त्र पढेर तुलसीपत्र र पानी राखेर रातो कपडाले मुख बन्द गर्दछ । यी धैला पूर्वपट्टिबाट पश्चिमतर्फ फर्काएका हुन्छन् । ठूलो धैलाको अगाडि धामीले हाँसको फुलबाई रातो सिन्दूरले पाँच धर्को कोरेर एउटा सानो प्यालामा उक्त फुलबाई रातो धामीले बेहुँ र गाड्दछ ।

धामीले फुल गाड्दा पढ्ने मन्त्र

यो मन्त्रलाई जलकुमारीको मन्त्र भनिन्छ । यसको साथमा तुलसीको पात पनि रहेन्छ ।

जलथमम तलथमम
लौहथम लघू थमम
शेरवान राम लक्ष्मण थमम
रेशन तेल थमम
भरोशा हाथी थमे
हे जलकुमारी हमनी थमे छौ २
जलकुमारी माता

ब्याउलाले हंसुली लगाएर धोतीले मुख ढाकी तरवार लिएको हुन्छ । विधकरी हुने आइमाई, केटीको संबन्धी हुनु आवश्यक छ । मैले देखेको विवाह अर्थात् कुमारी चन्दाको विबाहमा उनकी भाउजू थिइन् । यसमा विधकरीले अगुवा भएर ब्याउलालाई जग्गे घुमाउंछिन् । ब्याउलाले मण्डपको मुख्यद्वारमा गाडिएको मुख्य खम्बामा दुई-तीनपल्ट सिन्दूर लगाएर अंकमाल गर्दछ ।

विधकरी भित्र मूल कौरा भएको घरमा गएर आफ्नो विधि गर्छे । त्यति वेला ब्याउला जग्गेको द्वारनिर उभिइराखेको हुन्छ । विधकरीले ब्याउलीलाई बाहिर ल्याउछिन् र जग्गेमा पालैपालो गरेर केटीको बाबु, दाजु आदिले कन्यादान दिन्छन् । केटीको दाजुले भावी ज्वाईलाई फूल लगाइदिन्छन् । केटीलाई पनि फूल लगाइदिन्छन् । पण्डित, हजाम र धामीले आफ्नो आफ्नो मंत्र र संकल्प पढ्दै जान्छन् । पछि जग्गेबाहिर आएर केटाले मूठीभरी सिन्दूर लिएर केटीको सिउंदोमा तीनपल्ट लगातार हालिदिन्छ ।

जग्गेको देब्रे पट्टिको ठाउंलाई गोबरमाटाले पवित्र पारेर सफा गरिराखिएको हुन्छ । त्यहाँ साना साना चार-वटा केराका ताजा ताजा बिरुवा (बोट) गाडिएका हुन्छन् । रूखको बीचमा काँचो नरिवल अड्काइराखेको हुन्छ । केराको बोट अनि त्यसको अगाडिमै एउटा ओखलीमा चार पाँच माना धान राखिन्छ । त्यस धानलाई पीठो बनाउनाको लागि मुशलीले कुट्नुपर्दछ । कुट्ने कामचाहिं विधकरीको हुन्छ ।

अठमंगलः

बिहाबारी गर्ने परिवारको भावनाको अनुकूल यो काम प्रारम्भ गरिदा मण्डपबाहिर एक ओखली र मुशल राखिएको हुन्छ । दुलहा उभिइरहन्छ र पुरेतले मुशल समाएर उसको हातमा दिन्छ । पुरेत आफ्नो ठाउँमा गएर बस्दछ । ब्याउलाको तर्फबाट पाँच जना र ब्याउलीको तर्फबाट चार जना अठमंगल कुट्न आउंछन् । यी नौ जना आएर दुलहासंगसंगै मुशललाई समात्दछन् । बाहुनले धागाको एउटा टुप्पा मुशलमा बाँधिदिन्छ । मुशल र उभिएका मान्छेहरू तीनचोटि मंत्र पढ्दै बेर्दछन् । एकपल्ट बेर्दा बाहुनले सबैलाई "चोट दिहु" भन्छ । अनि सबैले कुट्न शुरू गर्दछन् । तीनपल्ट मण्डपको वरिपरि घुमाएपछि धागालाई चुडाउंछन् र मण्डपभित्र ल्याउंछन् । पुरेतले तीन पुस्तानी लेखिएको आँपको पातमा चामल राखेर बेरिएको धागाले बाँधेर जन्तर जस्तो बनाउंछन् र दुबै केटाकेटीको नाडीमा बांधिदिन्छन् । यसलाई काखन भनिन्छ । ओखलीमा कुट्ने नौ जनाले नै कम्तीमा पाँच पाँच दाना चामलको गेडा ब्याउलालाई दिइसकेका हुन्छन् । अनि त्यो काखन ओखलीको नगीचमा उभिएकै ठाउँमा बाँधिन्छ । ब्याउलीलाई घरभित्र कौराघर (कोहवर) मा बाँधिन्छ । विधकरीले ब्याउलालाई मण्डपभित्र ल्याउछे । एउटा केराको पातमा दही र केराको कोसा राखिएको हुन्छ। केरालाई दुइ टुक्रा पारिन्छ र एक टुक्रा ब्याउलीलाई र अर्को टुक्रा ब्याउलालाई दिइन्छ । हातमा दिएपछि सालाले अर्थात् दुलहीको भाइले हात धोइदिन्छ । हात धोएपछि सालाले थालको पदार्थ फ्याँकिदिन्छ । त्यसपछि दुलहाले बसेको कन्याको बाबुसंग हात जोडेर कन्यालाई ल्याउनको लागि अनुरोध गर्दछ । बाबुले पनि हुन्छ भनेर सहमति दिन्छ । विधकरीले ब्याउलालाईलिएर कौरा भएको ठाउंमा (दुलही बसेको ठाउंमा)

लैजान्छन् । त्यहाँ दुलहीका दुइतीन जना कन्या बहिनीहरू-समेत लुगाले मुख छोपेर बसिरहेका हुन्छन् । ब्याउलाले त्यहाँ गएर आफ्नी दुलहीलाई चिन्नुपर्दछ र दुलहीको कान्छीऔंलामा समातेर दुलहीको घरभित्रबाट बाहिर ल्याउनुपर्छ । बाहिर ल्याएपछि मण्डपको एक फन्को लगाउँछ र दुवै भित्र बस्न जान्छन् । त्यहाँ गएपछि दुलहीको बाबुले फूल दुई तीनवटा टाउकोमा लगाउनको लागि उपहार चढाउंछ । अनि बाबुलेनै दुलहालाई लगाइदिन्छ । यसपछि कन्यादान हुन्छ । कन्यादान गर्दा केटा र केटीको हात एवं बाबुको हात एकै ठाउँमा रहन्छ । हातमा पान-सुपारी राखिएको हुन्छ । यसै बखतमा ब्राह्मण र धामी-बूढाले मन्त्र पढ्न थाल्दछन् र कन्यादान गरिन्छ । त्यसपछि जसजसले जे दिनुपर्दछ दिन्छन् ।

दुलहाको धोतीको एक टुप्पामा अलिकति चामल, नौवटा सुपारी, नौवटा सिंगो हर्दी, नौवटा दूबो, धान राखेर दुवैतिरको मिलाएर त्यसलाई बलियोसंग गांठो पारिन्छ । यस गांठोलाई जलमगिरिह भनिन्छ । यसपछि लावा छर्ने काम हुन्छ ।

मण्डपको उत्तर–पूर्व बाहिरी कुनामा तीनवटा केराको बोट गाडिएको हुन्छ । अनि त्यहाँ चारवटा माटाका साना साना भाँडा राखिएका हुन्छन् । ब्याउला र ब्याउलीलाई इलियतिहरू सबै तीनपल्ट त्यसको वरिपरि घुम्दछन्, अरूले लावा छर्छन् । विधकरीले केराको नजीकै राखिएको एक हातो केरालाई उठाएर डालीमा राख्छे र राखेको ठाउँमा पाँचचोटि भ्रूइँमा सिन्दूर लगाइदिन्छे । त्यसपछि पुरेतले त्यहीं केराको बोटको नजीकैमा होम गर्दछ । होमको खरानीले दुलहालाई टीका लगाइदिन्छ । अनि दुलहाले दुलहीलाई टीका लगाइदिन्छ । त्यसपछि सिन्दूरदान हुन्छ ।

सिन्दूरदानमा दुलहीलाई केराको बोटको पूर्वपट्टि फर्काएर पिर्कामा बसाइन्छ । अनि घुम्टीलाई विधकरीले हटाइदिन्छे । दुलहाले सिन्दूर लिएर मण्डपभित्र गएर केटीको बाबुसंग सिन्दूर लगाइदिनको लागि अनुरोध गर्दछ । त्यहाँबाट बाहिर आएर दुलहाले केटीको ओभानो सिउँदोमा बिस्तारै पटुवाले तीनपल्टसम्म दलिदिन्छ । यो सिन्दूर दलिदिने काम आमाले गर्ने हुँदैन । धारूसमुदायमा हिन्दूसमुदायको भन्दा भिन्नै चलन भएको यसबाट पनि पुष्टि गर्दछ । हिन्दूविवाहमा विशेष गरेर माथिल्लो समुदायमा बाबुले सिन्दूर लगाउने परम्परा छैन ।

त्यसपछि दुवै दुलहा र दुलहीलाई कौराघरभित्र लगिन्छ । त्यहाँ फेरि कौरासंग दुलहाको विवाह गरिन्छ । अनिपछि दुवै दुलहादुलही बाहिर मण्डपमा आउंछन् । दुलहीको बाबु गंभीर मुद्रामा बसिरहेको हुन्छ । शायद सानैदेखि हुर्केर खेलेकी छोरीलाई बिदा गर्नुपर्छ भनेर होला । ज्वाईंले ससुरालाई उठ्न अनुरोध गर्दछ र दुवै ज्वाईं र छोरीलाई कौराघरभित्र लग्छ । कौराघर एउटा बेग्लै कोठामा हुन्छ जहाँ थारूको प्रत्येक परिवारको आफ्नो कुलदेवताको स्थापना गरिएको हुन्छ । त्यहाँ दुलहालाई एक थालमा खीर ल्याइदिन्छन् । दुलहाले हातले छोइदिन्छ र दुलहीलाई दिन्छ । अनि दुबैले हातले छुन्छन् । विधकरीले फेरि कथा लगाइदिन्छे । दुवैले आफ्नो इष्टदेवतालाई प्रणाम गर्दछन्, आशीर्वाद माग्दछन् । आफ्ना मान्यजनलाई नमस्कार गर्दछन् । अनिपछि दुलहा जन्तीको बथानमा आएर बस्दछ । भोलिपल्ट बिहान विधकरीले जन्तीको समूहबाट दुलहालाई भित्री आँगनमा ल्याउँछे । मण्डपमा दुलहा बसिरहन्छ । विधकरीले दुवैको मुखमा कशा लगाइदिंदै लावाले पछिदिन्छे । त्यहाँ पूजा गर्दछन् । दुलहादुलहीले एक परेवालाई बलि दिएर चढाउनुपर्छ । घरमा ल्याएर दुवैलाई चुमान चढाउने काम हुन्छ । यो विधिमा आमाबाबु गाउँका सबै पाहुनाहरू पनि आफ्नो जे जति भएको चुभान (दान) दिन्छन् । जुभान दिने बेलामा दुलहाको हातमा सबै जनाले एक एकवटा भाँडामा रहेको दही छोएर हातमा दिन्छन् । अनि केटीको हातमा एउटा केराको हातो दिइन्छ ।

दुलही बिदा गर्दाको विधि

खानपिन गरेर खरखरेमा केटीलाई केटासंगै राखेर ल्याइन्छ । आउने वेलामा दुलहाले सबैलाई ढोग्छ । दुलहीका साथमा उसका भाइहरू र अरू आइमाईहरू पनि आउंछन् जसलाई सरियांती भनिन्छ ।

दुलहातर्फबाट केटीतर्फ जानेलाई बरियांती भनिन्छ । त्यसै गरी दुलहीतर्फबाट दुलहातर्फ जानेलाई सरियांती भनिन्छ ।

दुलहीका बाबुआमाले दिएका सबै चीजबीजहरू उसको भाइले सरिसांतीमा लिएर आएको हुन्छ। मसलाई सरबारी परिया भार भनिन्छ।

दुलहीलाई घरमा ल्याएपछि गरिने विधि

यसमा चाहिं दुलहीलाई लिएर घरमा ल्याएपछि बाहिर कशा लगाएर कौरामा लगिन्छ। भित्र गएर कौरामा पूजा गरिन्छ। त्यसपछि मात्र परम्परागत गरिने रीतिस्थितिअनुसार विवाहको सम्पूर्ण विधि एक संस्कारपूर्ण हुन्छ।

त्यो दिन दुलहासंग दुलही बस्न पाउंदिन। सरियांतीमा आएका आफन्तहरूसंगै बस्नुपर्दछ। करीब एक महीनापछि ल्यानभार सकेपछि मात्र लोग्नेस्वास्नी संगै बस्न पाउंछन्।

पंचलाल माझीकी बहिनी कुमारी चन्दाको विवाह हुँदा मोरङ्ग जिल्लाको प्रास्टोकी गाउँमा सहकटी करीब सात बजे बेलुकी प्रारम्भ भएको थियो। घरको कुनामा रहेको कुलदेवताको पूजाआजा गर्न तीनवटा बोका, तीनवटा परेवादाई चढाएर मात्र कार्य प्रारम्भ गरिएको थियो। बोका वा परेवा कुलदेवतालाई चढाउनुभन्दा अगाडि पन्छाउनुपर्दछ। पन्छाउन बोका र परेवाले नमानेसम्म पानी छर्केका थिए। पन्छेपछि बोकाको कानलाई एक हातले उठाएर भूइंमा राखिएको थियो र काटी बलि दिएर रगत छर्किएको थियो। रगत छर्किएपछि पाँच ठाउँमा केही चामल राखेर धूप दिएर गरिने यस चलनमा परम्परागत तान्त्रिक संस्कार देखिन्छ।

पारपाचुके

विवाहले जसरी एउटा परिवारभित्र आनन्द र परिपक्वताको उदयगीत लिएर आउंछ त्यसै गरी कुनै कुनै जोडीमा सामाजिक र आर्थिक कारणले गर्दा भयंकर नैराश्यताको बाढी पनि ल्याउँछ। यो धेरै कारणबाट हुने गर्दछ। दम्पतिबीचको रिस, इर्ष्या, द्वेष, कलह. आर्थिक कमजोरी एवं मनोवैज्ञानिक कारणको नतीजा आदिले नै पारपाचुके हुन सक्दछ।

थारूसमुदायमा पनि यस्ता विभिन्न कुरा लिएर उब्जेका कैयनसमाले पारपाचुकेको शुरुवात तुँदै आइको छ। पहाडी प्रवेशका साई, लिम्बू र तराईका धिमालहरूमा के भी समुदायमा पनि पारपाचुके गर्ने सामाजिक मान्यतामा आधारित पारपाचुके व्यवस्था छ। यसरी सम्बन्ध-विच्छेद भएपछि अथवा नभए पनि यदि कुनै थारूआइमाई पोइल जान्छे भने दोस्रो लोग्नेलाई जारी अथवा रिण तिर्नुपर्ने हुन्छ।

विशेष गरेर थारूसमाजमा धेरै अगाडिदेखि नै आइमाईले लोग्नेमान्छेलाई आफूले भनेसरहको गराउने परम्परा चलिआएकोले गर्दा अलिकति कलह भयो कि पारपाचुके गर्ने मौका मिल्दछ। त्यसमा पनि यस समुदायमा आइमाईलाई कसैले विवाह गर्दा नगद दिने चलनले गर्दा अर्को लोग्नेमान्छेसंग आइमाईले चाहेमा नगदविनानै जान सक्ने भएकोले एउटा लोग्नेलाई छोडेर अर्को लोग्ने रोज्ने प्रथा बरावरनै भइरहेको देखिन्छ।

लोग्नेमान्छेले कुट्नेपिट्ने गर्ने, ज्यादा रक्सी खाने बानी, काम गर्ने शक्ति कम भएमा पनि धेरै परिवारमा पारपाचुके भइरहेको छ।

धर्म र आस्था

अनन्तकालदेखि जुन बेला थारूसमुदाय माथितिर उत्तरीय भेकबाट तल झर्नुपर्‍यो त्यति बेला घना जंगल र त्यस ठाउंमा भएका भयानक डरलाग्दा जन्तु, विषालु कीरा र मलेरियाको प्रकोपलाई कसरी खपेहोलान् त्यसको टिप्पणी र इतिहास केवल कल्पनाको आधार भएको छ। कुनै पनि लिखित प्रमाण, शिलालेख, ताडपत्र र पाण्डुलिपिको अभावमा ठोकेर रोगको प्रकोपको बारेमा अन्दाज लगाउन सकिंदैन। तर यति कुरा त पक्कै हो– त्यति बेलाको जीवन अत्यन्त कष्टमय थियो। आजको जस्तो औषधी र उपाय केही थिएन। त्यस अवस्थामा कृषि र त्यसको प्रणालीबारे पनि कसैलाई थाहा थिएन। जंगलको बाटो, मातकस वद(?) आदानप्रदानको कुनै उपाय थिएन। त्यति बेला जंगलका जनावर, रोगव्याध, प्राकृतिक दुर्घटना आदिको गर्भबाटनै थारूहरूको धर्मको उत्पत्ति भएको हो भन्न कुनै संकोच मान्नुपर्दैनहोला। त्यति बेलाको अंधकारयुगका रोगव्याधबाट बचाउन र मनोवैज्ञानिक आधार दिन धर्मले ठूलो योगदान गरेको थियोहोला भन्न करै लाग्छ।

धेरै अगाडिदेखिको धर्मको उत्पत्तिको आधारशिला भूत-प्रेत, जंगलमा भएका घटना, गाउंमा भएका मृत्युहरूबाट थारूपरिवारमा उत्पन्न भएका अवस्थानै हुन् । अतः थारू-धर्मको आधारशिला उनीहरूको भूतप्रेतमाथिको विश्वास र जंगलका जानवरदेखिका भयनै हुन् । अनादिकालदेखि थारूसमुदायमा पनि एउटा महत्वपूर्ण निराकरणको लागि अदृश्य देवीदेवताको विश्वासमा आस्था जाग्नु स्वाभाविक पनि हो । किनभने त्यही आस्थाको आधारमा उदाउने सूर्यको गर्मी, साँझ–बिहान, ऋतुपरिवर्तन, जंगलका फलफूल आदिहरूनै उनीहरूका प्रशस्त प्रमाण थिए । तर समयको गतिशील प्रवाहमा थारूधर्मको विकाश भइरहेको छ । हिन्दूहरूसंगको बढ्दा घुलमिल (संमिश्रण) बाट हिन्दूधर्म-मा जस्तो सत्यनारायणको पूजा गर्ने अभ्यास, हनूमान्, भीमसेन, नारायण आदिको पूजा गर्ने अभ्यासबाटनै झल्किन्छ ।

थारूहरूसंगको भेटघाट र प्रचुर मात्रामा भएको अन्त-र्वार्तामा उनीहरूले भनेअनुसार र आफ्नो अध्ययनबाट विचार गर्दा थारूहरूको वास्तविक पूर्वकालदेखिको धर्म आजको जस्तो हिन्दूधर्मालम्बीहरूको झैं थिएन । उनीहरूले धर्मलाई विश्वास र आस्थामा केन्द्रीभूत पारेर एउटा धर्मले चाहि सदा समुदाय र परिवारलाई रोगव्याधबाट अलग्ग राख्छ र अर्को थरिको धर्मले खराब अवस्थामा पार्दछ भन्ने धारणा बनाएका थिए । असल शक्तिलाई उनीहरूले पूजा र प्रार्थना गरेर मान्दछन् । अर्कोथरिलाई जसरी हुन्छ दबाएर वा धामीझांक्री आदिबाट पन्छाइन्छ । भूतप्रेत-लाई देवताको रूपमा मान्ने अगाडिदेखिकोनै परम्परा हो । खेतीपातीको नाश, दुर्भाग्य र परिवारमा केही हानि भयो भने यसको दोष यिनैलाई दिइन्छ । थारूधर्ममा पहाडबाट आएका अन्य समूहको संगतमा लाग्नाले उनीहरूसंग झरेको भूतप्रेत पनि डरलाग्दो हुन्छ भन्ने विश्वास छ । साथै आफ्नो घरबारको वरिपरिका जंगलमा भएका भूतप्रेतलाई उनीहरूले एउटा विशेष नजरले हेर्ने गर्दछन् । कहिलेकहीं उनीहरू सपना देख्दछन् र त्यसबाट अनेकानेक तर्कहरू गर्दछन् । उनीहरूलाई यी दैवी शक्तिप्रति ठूलो आस्था रहन्छ । अनि उनीहरूमा दिनप्रति एउटा धर्मप्रतिको आस्था बढेको हुन्छ । थारूहरूले मूर्तिपूजा गरेको देखिंदैन । तर आजभोलि हिन्दूहरूसंगको बढ्दो संबन्ध र संगतले गर्दा मन्दिरमा जाने, ब्राह्मण ल्याएर पूजाआजा गर्ने, बिहाबारी र हिन्दूपर्वहरू मनाउने गर्न थालेका छन् । पछि गएर यी समुदाय सम्पूर्ण रूपले हिन्दूधर्मावलम्बीमा जानेछन् भन्ने अनुमान गर्न सकिन्छ ।

स्थान पूजाको महत्व

थारूसमुदायको प्रत्येक गाउंमा नभए पनि दुइचार गाउं अथवा ग्रामतीको स्थान, पूजा गर्ने ठाउं सबै गाउंलाई नजीकै पर्ने केन्द्रमा एउटा सानो झुपडी जस्तो बनेको हुन्छ । त्यसको वरिपरि बाँसका झाँग अथवा आंप र अन्य रूख-हरू देखिन्छन् । स्थानलाई टिनको छाना लगाइएको हुन्छ । हरेक वर्ष ऋतु अर्थात् कृषिकार्यको शुभारम्भ हुनुभन्दा अगाडि परम्परागत चल्दै आएको भावनाअनुकूल थानपूजा गरिन्छ । वैशाखदेखि असारसम्ममा यो पूजा गरिनुपर्दछ । वास्तवमा तराईप्रदेशमा वैशाखदेखिनै खेतीको प्रारम्भिक क्रियाकलापको शुरुवात हुने गर्दछ । हरेक किसानको लागि वैशाख महीनादेखि प्रारम्भ हुने यो थानपूजा गर्ने पर्व वा उत्सवले भविष्यको हर्ष र उन्मादको अन्तर्द्वन्द्व लिएर आउछ । हाम्रो जस्तो कृषिप्रधान देशमा धेरै भूमिलाई सिचाइको लागि आकाशको पानीमा निर्भर गर्नुपर्दछ । अतः यो थानपूजाको मर्म एक दैविक शक्ति हो जसलाई पुजेर यी समुदायका प्रत्येक परिवार राम्रो उब्जनी र राम्रो वर्षाको स्तुतिगान गर्दछन् । यस पूजाको संबन्ध किसानहरूको कृषिसंबंधी कार्यमा ठूलो महत्वपूर्ण रहन्छ । यसको अतिरिक्त ग्रामतीमा रोगव्याध, हैजा आदि नहोस् भनेर पनि थानपूजा गर्ने परम्परा बसेको देखिन्छ ।

प्रत्येक थारूपरिवारको संयुक्त सामाजिक मेलबाट एउटा समाज बनेको हुन्छ । त्यस समाजको सदस्य जुनसुकै थर भएका थारूसमुदायका पुरुष, नारी, केटाकेटी वा बूढा-बूढी जो पनि हुन सक्दछन् । त्यो समाज एक सय परिवार-को पनि हुन सक्छ अथवा त्यसभन्दा बढी वा कम्तीको पनि हुन सक्छ । यस समाजभित्र प्रत्येक परिवारले आफ्नो आफ्नो जग्गाको आधारमा एउटा एउटा क्षेत्र छुट्टचाएको हुन्छ । त्यस क्षेत्रमा पर्ने जतिले एक जना गछदार (नाइके) छानिएको हुन्छ जसले आफ्नो क्षेत्रको थानपूजा गराउँछ । यस पूजामा बोका, हांस, परेवा र सुँगुरको बलि दिइन्छ । यो थानको वरिपरि एउटा माटाको सानो ढिस्को जस्तै पर्खालले घेरेर बनाइन्छ । त्यहाँ एउटा घैटो (हांडी) मा

केही धान र दियो राखिन्छ । समाजलेनै मनाउनुपर्ने यस पर्व वा उत्सवलाई प्रत्येक परिवारले आफ्नो कुनै परिवार-को सदस्यको रोग निराकरण गर्न भाकल गरेअनुसार बोका, सुँगुर आदि चढाउनुपर्दछ । त्यस अवसरमा उत्सवको लागि थानमा यताउति पुरेतको जस्तो कार्यसम्पादन गर्ने थारू-समाजकै धामी हुन्छ । त्यति वेला गछेदारको पनि महत्व-पूर्ण भूमिका रहन्छ । अनुशासित पाराबाट प्रायः संपूर्ण कार्य हुन्छ । त्यस पूजामा चढाइएका बोका, हाँस, परेवा, सुँगुरका रगतले सिचिन्छ । थानमा रहेको एक दैविक शक्ति जसको कारणले गर्दा समुदायमा अवनति र रोगव्याध आउंछ भन्ने यो समुदायमा विश्वास छ । करीब चारपाँच फीट जमीनमा चारवटा साना साना खम्बा उभ्याएर माथि टिनको छाना लगाइएको हुन्छ । त्यस (चौर) थानलाई एक दैविक शक्तिको आस्थामा श्रद्धा गरिन्छ, रगतले सिचिन्छ । त्यसमा बलि दिएका प्राणीहरूको टाउको धामी-कहाँ लग्नुपर्छ । त्यो धामीकहाँ लगेको टाउको पाँच जनाले त्यही दिनमा नै पकाएर खानुपर्दछ । थानपूजा यो समुदाय-को बहरपूजा जस्तो पनि हो । तर बहरपूजामा यति वेला भएको पूजाका समान मासु बाहिरै पकाएर खाइसक्नु-पर्दछ । घरभित्र लगेर खाएमा अपशकुन, अलक्षण हुन्छ भन्ने विश्वास छ । टाउकोबाहेक अर्को मासु समाजको सदस्य हेरेर, सदस्यको जग्गाको कमाइ हेरेर वा हल हेरेर भाग लगाइन्छ । यो थानपूजा उपसामूहिक पूजा हो । तर भोज भने आफैले बनाएको मासु र चिउरा आफूआफूमै बाँडेर खानुपर्ने हुन्छ । थानपूजाको विशेषता यही हो । यसले गर्दा यो जातिको मनोवैज्ञानिक असर कायमै राखि-रहन्छ र रोगव्याध हटी भलाइ पनि भइरहेको छ भन्ने उनीहरूलाई विश्वास छ ।

थानपूजा घरमित्रको पूजा हो । यो पूजा गर्दा रातो कागजको घोडा राख्ने चलन रहेको छ । यो बनावटी काग-जको घोडा राखेको अर्थचाहिं खेतीपाती घोडाको चलाइ जस्तै छिटो र चाँडो होस्, रोगव्याध त्यत्तिकै चाँडो भागोस् भनेर हो । यस घोडालाई थानपूजा गर्दा पहिले भाकल गर्दा एउटा चढाउँछु भनेको खण्डमा दुइवटा चढाउनुपर्ने हुन्छ । दुहवी र सुहुवी दुई दिदी बहिनीको पूजा थानमा हुन्छ । दुहवी बस्ने नगरवासीको पनि यस्तो पूजा गर्ने चलन रहेछ ।

भूतप्रेत, धामीझांक्रीमा विश्वास र रोगको निराकरण

थारूसमुदायलाई तराईप्रदेशको घना जंगलको वरि-परि बस्नुपर्ने हुंदा चारैतिरबाट एउटा डरलाग्दो वस्तुस्थि-तिमा बस्नुपर्थ्यो । थारूसमुदायले एउटा असाधारण दैवी शक्तिको परम्परा गाउंमा शनैः शनैः देवीदेवतालाई मान्ने आदतले गर्दा भूतको विश्वासबाट मूर्तिलाई मान्ने अभ्यास-को परम्परा बसिरहेको छ । आजभोलि ऊनीहरू भूतप्रेत-वादबाट हिन्दूत्वमा परिवर्तन हुंदैछन् ।

थारूपरिवारमा धामीझांक्री, भूतप्रेत, बोक्साबोक्सी[*] आदिलाई मान्ने चलन अद्यावधि छंदैछ । उनीहरूको भना-इअनुसार बोक्साबौक्सीहरूले दुई तरीकाबाट काम गर्द-छन् । एकथरिले परिवारलाई रोगव्याध र असंतोष दिन्छ भने अर्काबाट त्यसलाई अलग्याउने प्रयास गरिन्छ । कूक र नोलीको भनाइमा थारूहरूको गाउंमा निर्दयी बदमास बोक्साबोक्सी पाइन्थ्यो । यी बोक्साबोक्सी थारूहाटमा बस्दथे । आइमाई (बोक्सी) को आँखा लाग्यो भने मानि-सलाई जानवर बनाइदिन्छन् भन्ने विश्वास छ । कसैकसैले त भूतप्रेतसंग मिलेर परिवारलाईनै नाश गर्दथे । तर आज-भोलि यस्ता बोक्साबोक्सीको व्यवहारको परिवर्तन भइ-सकेको छ । गाउंमा यसको साथै धामीझांक्रीको ठूलो भूमिका हुन्छ । यिनीहरूबाट बच्न धामीले विभिन्न प्रकार-को जन्तर पनि दिन्छ ।

थारूसमुदायमा औषधी गरेर रोग निराकरण गर्ने यिनै धामी थिए । धामीको प्रारम्भिक काल कहिले भएको थियो भन्ने लिखित प्रमाणको अभावमा कठिन पर्दछ । तर पनि गाउंलेहरूको भनाइअनुसार कुनै बखतमा सात भाइ थारूहरूले राम्रो कर्तव्य गरेबापत धामी कहलिन थाले । उनीहरूको शेषपछि आजभोलि धामीले स्वयं शक्ति लिन थालेका हुन् । आजको धामीले पुरानो धामीको नै मंत्र उच्चारण गर्दछ । धामीहरूको प्रकार यस प्रकारको छ ।

१) विक्षु धामी
२) षडयो धामी
३) कार्रे धामी

[*] बोक्सा थरका थारू पनि कतै कतै पाइन्छन् । –सं.

४) मधु धामी
५) झुरै धामी
६) कानहन धामी
७) वासो धामी

थारूपरिवारमा धामीको महत्वपूर्ण स्थान छ । गाउंमा कुनै पनि बिहाबारी, रोगव्याध र कुनै पनि उत्सवपर्वमा उसको सहयोग र नेतृत्वको आवश्यकता पर्दछ । बिरामी-हरूलाई विभिन्न मन्त्र पढेर औषधी गर्ने यिनै धामीहरू हुन्छन् । तर आजभोलि धामीहरूले आपनो शक्ति बिर्सि-सकेका छन् । गाउंमा केवल एक दुई धामी बांकी छन् । यिनीहरू बृद्धावस्थामा छन् । यिनीहरूको शेषपछि अरू धामीको आवगमन हुन प्रायः असंभव छ । आजभोलि यस समुदायले डाक्टर र आधुनिक औषधीको प्रचार पनि गर्न लागेका छन् । थारूहरूलाई विश्वास छ धामीले पढेको मंत्रमा असीमित दैवी शक्ति छ जसले एर्दा अनौठा अनौठा-संग रोग निराकरण हुन्छ । विभिन्न पर्व र कृषिकार्यमा पढ्ने मंत्र धेरै छन् । त्यसमध्ये केही यहाँ प्रस्तुत गरिएको छ । रोगीलाई मंत्र फुकेर तुलसीको पातले माथिदेखि तल-सम्म सुमसुम्याएर निकाल्दछ । यो मन्त्र गर्दा एउटा कचौरा, परालको त्यान्द्रो, सनठीको देढ हाते टुक्रो, पाँच-वटा तुलसीको पात, धूपबत्ती, दियालो, अलिकति धान र चामल अनि एक लोटा पानी ।

बिरामीलाई फुक्दा भन्ने मन्त्र

एलो जगदम्वी हिराधार
पहिरेनेपुर वाज तार
मारिएला दारिजो
पर्पोटमारी करे श्रींगार
आपनपुथ कुछा भैलेल
श्री जगदम्बी इनर लाग
धाबी छूट नामै छूट
वोकोर्ने लगिछ
कोर्ने लमी दोहाए जगदम्वी संसार ।

ज्वर आएको वेलामा झारफूक गर्ने मन्त्र

लोहेतम कूलवाडी
पीपगुमर रहे रखवाली
देहवा राखौं धरसिनाथ
वासे राखौं अमिया वेताल
जोकरे मारमार सिरपड़े
पाउ परे अल्ला अल्ला विसल्ला
दुहाए पाँचो ठाकुरके ... ...
निर्जन ठाकुर श्री भगवान्
हाथे लेल शैली सोटा
माथे लेल सोटा
चलि भेले कार्नी लगिथ
कार्णीके हिन थिन ज्वर जारी
व्यथा पीड़ा धपनी कंपनी
अष्ठारो वहान
दुहाए निरीजन ठाकूरके ।

थानपूजा गर्दा भन्ने मन्त्र

लाल सिनुर दहदहना
टिका जे हुन फटा हो
हे संसारी ग्राम्
आपन थाक लागी लागी वैठो ।

देवीको मन्त्र

जाग जगत्ते पाँचौ देवी परमेश्वरी
करिया खामर करिया कवुतर
सोने देवो भर भर थाली
ले वढ फूल घर भूत
हेन केन जर जाडी व्यथा पीडा
हुल श विष दरद वेय वतास
उपरी फाट सहान्त वादान
सहियार कर्ने लाजो इन्द्रपुरी राज
दुहाएकै पाँचौ कुमारी अठ्ठारो वहानकै
त्रिपुर देवी टीकाधारी
दुतपूत हंकारे काली
त्रिपुर देवी के ले वल चढ फूल घर भूत
हेनखेन जर जाडी व्यथा पीडा
कांडी फांडी हुल थुल गठिया
वागी विष दर्द
सोम सभार कर्ने चलजा इन्द्रापुरी राज
दोहाए त्रिपुर देवीकै

थारूसमुदायका विभिन्न मन्त्रमा पनि हिन्दू र मुसलमानभाषामा देवीदेवताको प्रभाव पाइन्छ । यसैबाट पनि यी समुदाय पुरानो ढांचाको आस्था र विश्वास छाडेर सुसंस्कृतिक ढंगमा विकास गर्न उत्सुकताका साथ बढिरहेकै छन् भन्नु अत्युक्ति नहोला ।

जन्म, बालककाल, यौवन र वृद्धावस्था

कोशी अंचलका थारूसमुदायले अरू निवासीहरूले जस्तै जीवनका बालककाल, यौवन, विवाह र वृद्धावस्था अनि मृत्यु जस्ता घटनालाई आवश्यकताभन्दा अझ बढी महत्वपूर्णमात्रामा मान्ने गर्दछन् । यी तीनै मुख्य घटनाहरूका संस्कार कति धार्मिक छन्, कति आस्थावादी छन् ती कुराहरूको वर्णन गर्नुपर्ने जस्तो लाग्दैन । यिनीहरूको संस्कार, धर्म, पूजाआजा र कर्मकाण्ड यसो हेर्दा सम्पूर्ण रूपले हिन्दूधर्मावलम्बीको जस्तो देखिन्छ तापनि वास्तवमा यी घटनाहरू उनीहरूको आफ्नो विश्वास, आस्था र संस्कारमा आधारित भएरनै विकसित भएका हुन् ।

बालककाल

पति र पत्नीको विवाहबन्धनको नतीजा घरमा छोराछोरी हुनुनै हो । यस्तो घरमा स्त्री र पुरुषका बीच झगडा कम हुन्छ । केटाकेटीहरू त्यस्तो घरमा पनि ठूलो आनन्द र प्रफुल्लता लिएर परिवारमा आउंछन् । विवाहपश्चात् स्त्री र पुरुषका बीच एक बालकको आवागमन अर्थात् जन्मपछि उनीहरूको वास्तविक सामाजिक जीवनको शुरुवात हुन्छ । कुनै विवाहित नारीले आफ्नो बिवाहपछि कुनै पनि छोराछोरी नजन्माउंदा उसको लागि समाज तथा परिवारमा कुनै पनि आदरणीय ठाउँ रहँदैन । हिन्दूधर्मावलम्बीहरूको परिवारमा छोरो नभए श्राद्ध अथवा पिण्ड दिने मानिस हुँदैन र नरकमा परिन्छ भन्ने चलन थारूसमाजमा छैन । तर पनि देखासिकी गरेर उनीहरूको पनि यस्तै परम्परा बन्दै आएको देखिन्छ । छोराको महत्वलाई यस समुदायले पनि विशाल रूप दिइरहेको छ ।

गर्भवती स्त्रीले यस समयमा धार्मिक कार्यमा भाग लिन पाउंदैनन् । गाउंको कुनै कुनै ठाउं र जंगल आदि ठाउंमा जानु हुँदैन । खेतीपातीमा भाग लिनु हुंदैन ।

छोरा वा छोरीको जन्म गाउंको घरमै हुन्छ । अस्पताल र पेशवार नर्स यहाँ पाइदैनन् । त्यसैले शहरमा जस्तो नानीलाई जन्म दिनु आमालाई सुविधा प्राप्त हुंदैन । तर आफ्नै सगोत्री थारू र केही अन्य गाउंका बूढीहरू यस्तो बखतमा ठूलो सहयोगी बन्दछन् । यस्ता सहयोगीलाई (सूँडेनी) भन्दछन् । नानीलाई जन्माउँदा आमालाई खूब दुःख भयो भने बाबु धामीकहाँ पुग्दछ । मन्त्र पढिन्छ । धामीले नानीको जन्म भयो भने र आमालाई केही पनि भएन भने बोका, हांस आदि चढाउंछु भनेर भाकल गर्दछ । शिशुको जन्मपछि उसको नाभि काढेर छुट्याउने काम सूँडेनीले गर्दछे । काटिएको नाभि र अन्य आवश्यक कुरालाई घरभन्दा बाहिर कतै सुरक्षित ठाउँमा जहाँ भूतप्रेत आदिको संदेह हुंदैन त्यहाँ लगेर गाड्नुपर्दछ । सूँडेनीले नाभिलाई एउटा माटाको भाँडामा राखेर गाड्छे । त्यही दिन ढोकामा छोरा भएमा चाम (छालाका जुत्ता) झुण्ड्याउनुपर्दछ । एउटा अंकुश पनि त्यसैमा गाडेर राखिएको हुन्छ । मुख्य द्वारमा (केवरीमा) खौर (पीत्ता) राखेर जलाउंछन् । यसको धूंवा उनीहरूको भनाइअनुसार शुद्ध हुन्छ । त्यो दिंदा त्यो घरमा सुत्केरी छ भन्ने विश्वास रहन्छ । यस धूंवाले सर्पलाई भगाउंछ । तराईमा एक किसिमको सर्प हुन्छ, जसले दूध चुस्दछ । त्यसैले यस प्रकारको धूंवाको प्रयोग गरेर सर्पलाई आउन नसक्ने वातावरण तयार पारिन्छ । सुत्केरीले उसिनेको चामल र मुसुराको दाल खान्छे । दाल सिगै हुन्छ । यो दाललाई पोटरह भन्दछन् । पिरो भने पटक्कै खान हुँदैन ।

सुत्केरी बस्ने कोठा सफा र आरामदायक हुनुपर्दछ । निर्धारित दिनसम्म सुत्केरीले त्यस कोठाभित्र बस्नुपर्दछ । उसको सम्पूर्ण रेखदेख सूँडेनीले गर्दछे ।

घरमा कुनै पनि शिशुको जन्म हुनु त्यस परिवारको लागि खुशीको कुरा हुन्छ । तर दिनप्रति बढ्दै जाने शिशुको हेरविचारको बोझ भने आमामा पर्नु स्वाभाविक छ ।

नानीको नामकरण छ दिनमा पनि गरिन्छ । कुनै कुनै परिवारले जन्मकुण्डली बनाएर राख्दछन् । सुत्केरीले छ दिनसम्ममा माछामासु केही खादैनन् । साधारण भोजभतेर हुन्छ ।

तर थारूपरिवारमा सुत्केरी भएको छ दिनदेखि छुक्त

नदिएसम्म सुत्केरीले देवताको कोठामा जान हुंदैन । र उसले कुनै प्रकारको तोरीको बिउ र धानको बिउ-समेत छुन हुँदैन । यदि घरमा बिउ राखिएको छ भने पनि छुन हुँदैन ।

थारूसमुदायमा छोरा वा छोरी जुन वारमा जन्म्यो त्यस्तै नाउँ राख्ने प्रायः चलन थियो । तर त्यो प्रथा अब कम हुँदै गइरहेको देखिन्छ । छ दिनको दिनमा सुत्केरी आइमाई बाहिर निस्कन पाउँछे । यही दिनमा केटा वा केटीको मुण्डन गर्नै पर्दछ । जसरी भए पनि उसको कपालमा अस्त्र लगाउनुपर्ने रहेछ । पहिलो छोरो भयो भने छवौं दिनमा मुण्डन नगरेर केही रौं काटेर छाडिन्छ । यसको बदलामा एक दुई तीन वर्षका बीचमा नेमान गरिन्छ । नेमानमानै मुण्डन गर्नुपर्ने हुन्छ । भोज खुवाउनुपर्ने भने जन्मेको एक दुइ महिनामा रहेछ । छुक्त उनीहरूको यस्तो किसिमको उत्सव हो जसको भोजमा मासु र रक्सी खुवाउनै पर्दछ । तर पछि गरिने भोज चाहिं उनीहरूको भनाइमा विशेष रूपमा आइमाईहरूको लागि गरिने हुँदा रक्सी खुवाउनु पर्दैन । त्यति वेला उनीहरूले खूब मनपराउने खाना दही र च्यूरा खुवाउनुपर्ने हुन्छ ।

केटाकेटीहरूलाई थारूपरिवार औधीनै चाहना गर्दछन् । नौदस वर्षको उमेर भएपछि केटा या केटीले घर-व्यवहारको काम गर्न थाल्दछन् । केटाले बाहिर खेतीपाती-को काम गर्न सक्ने हुन्छ । केटीलाई सानो सानो गाग्रामा पानी ल्याउने रहर हुन्छ । भान्साको काम गर्न सिक्न थाल्दछे । उमेर पुगेका आमा, दिदी, भाउजू आदिलाई सहयोग गर्दछे । घाममा सुकाएको बिस्कुन हेरिदिन्छे ।

आजभोलि धेरै केटाकेटीहरू पाठशालामा पढ्न जान थालेका रहेछन् । यसबाट युगौंदेखि शिक्षाको नाम नसुनेका परिवारमा पनि चेतना आएको देखिन्छ । गाउँमा शिक्षा भनेको केवल लेखपढ गर्न जान्नु मात्र नभएर पढेपछि छोरो शिक्षक बन्दछ, जागीर खान्छ भन्ने मात्र पनि नभएर वर्षौंदेखिको जमिन्दारको शोषणबाट मुक्त हुन सहयोगी हुन्छ भन्ने पनि धारणा देखिन्छ । आमा–बाबु र केटाकेटी-हरूको संबन्ध साधारणतया शिष्टाचारपूर्णनै रहन्छ । कुनै मेला, हाट र उत्सब पर्वमा तरुनो छोरो र तरुनी छोरी बाबुआमाकै समीपमा बस्दछन् । आमा–बाबुको सामुन्नेमा बीडी, चुरोट पिउने चलन पनि ठाउंठाउंमा देखिन्छ ।

केटीको पहिलो पल्ट हुने रजस्वलामा यति दिनसम्म वार्नुपर्छ भन्ने चलन छैन तापनि यस अवस्थामा आराम गरी कुलदेवताको थानमा जान हुँदैन भन्ने नियम हुन्छ ।

थारूयुवक र युवति धेरै रसिला र परिश्रमशील हुन्छन् । उनीहरूको आपसमा मेल हुन्छ । समयको गतिमा एक दिन उनीहरूको जीवनमा महत्वपूर्ण समय आउँछ । त्यो हो विवाह गर्ने समय आउनु । विवाहपश्चात् व्यावहा-रिक जीवनमा पसेपछि उनीहरू सम्पूर्णरूपमा घरबारमा पस्दछन् ।

वृद्धावस्था थारूपुरुष र स्त्रीको लागि एक बोझ बन्दै गएको छ । किनभने यति वेला उनीहरू कमजोर भएका हुन्छन् । खेतीपातीमा आफ्नो परिश्रम संचित गर्न पाउं-दैनन् । यस्तो वेलामा उनीहरूलाई हीनताको बोध हुने रहेछ । प्रायःजसो वृद्धहरू ६०।७० वर्षसम्म बांच्दछन् । कोही कोही त ८०।९० वर्ष पनि बाँचेका हुन्छन् ।

आजभोलि नगरीय वातावरणको प्रभावमा परेर थारू-समुदायमा परिवर्तन आइरहेको छ । त्यही परिवर्तनअनुरूप मोरङ जिल्ला पञ्चायतका सभापति अच्छेलाल तपदारको ५।६ वर्षको छोराको मुण्डन गर्ने विधिबाट बुझिन्छ । यो उत्सवमा लेखक स्वयंले पनि भाग लिएकोले त्यहाँ भएका परिवर्तन र पुराना संस्कारबीचको अन्तर्द्वन्द्व बुझ्न गाहारो परेन । यो प्रभाव हिन्दूधर्म मान्ने समुदायबाट भएको हो । यस कार्यमा एउटा ब्राह्मण पुरेत थिए । उनले सम्पूर्ण पूजा-का सरजामहरू हिन्दूनियमअनुसार ब्राह्मण, छेत्री आदिको परिवारमा गरिने प्रयोग गरेका थिए । लेखकले उक्त पुरेत-लाई प्रश्न गर्दा उनले यो खास नियम कसैको पनि होइन र उनैलेनै बनाएको हो भनेका थिए । धार्मिक प्रवाह र चालचलन दिन परदिन क्षीण हुँदै गइरहेको ब्राह्मणसमाज र अन्य समाजमा आधुनिकीकरणको प्रबल प्रभाव छ भने युगौंदेखि आफ्नो स्थानीय परम्परामा जकडिएका थारूपरि-वारमा पनि आफूले नगरेका यस्ता उत्सव र धार्मिक काम-मा इच्छा हुनु स्वाभाविक हो । परम्पराको परिवर्तन एकै दिनमा हुँदैन, समय लाग्छ ।

यति वेला उक्त मुण्डनकार्यको विस्तृत वर्णन गर्नुपर्ने आवश्यकता देखिन्छ । जुन यस प्रकार छ ।

